# नगर शिक्षा योजना

## २०८३/०८४ - २०८७/०८८




**बर्दघाट नगरपालिका**

नवलपरासी (बर्दघाट सुस्ता पश्चिम )

लुम्बिनी प्रदेश, नेपाल

# नगर शिक्षा योजना

(२०८३/०८४-२०८७/०८८)

नगर सभाबाट मिति २०८३/०३/२९ गते अनुमोदित

## बर्दघाट नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## बर्दघाट नवलपरासी (ब.सु.प.)



# राष्ट्रिय गान

सयौं थुँगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची-महाकाली ।
प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरूका रगतले स्वतन्त्र र अटल
ज्ञानभूमि शान्तिभूमि तराई पहाड हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल
बहुल जाति भाषा धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय जय नेपाल ।

BARDAGHAT MUNICIPALITY

बर्दघाट नगरपालिका

लुम्बिनी प्रदेश

# नगरगान

चुरे पहाड, संसारकोट, तराई समथर फाँट।
रामजानकी, वनदेवीको सङ्गम बर्दघाट ।
गुफा, दह, भरनाको सङ्गम बर्दघाट।।

बुद्ध मंगलताल, कञ्चनगढी, सम्पदाको खानी।
जैविक विविधता सिमसार प्रकृतिकी रानी।।

बहु भाषा, जात, धर्म संस्कृति विचित्र।
अनेकतामा एकताको भावना मनभित्र।।

उन्नत खेती, शिक्षा, स्वास्थ्य, उद्योग, व्यापारमा।
गतिशील पर्यटन, विकास पूर्वाधारमा।।

सभ्य, शान्त, हराभरा राम्रो बर्दघाट।
प्राणभन्दा प्यारो लाग्छ हाम्रो बर्दघाट।।

जय जय जय बर्दघाट

स्थानिय सरकार
बर्दघाट नगरपालिका
Bardaghat Municipality
नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive
नवलपरासी (बर्दघाट सुस्ता पश्चिम)
Nawalparasi (Bardaghat Susta Paschim)
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

चलानी नं. / Ref No-
पत्र संख्या / Dispatch No-
मिति / Date-

**शुभ-कामना।**

शिक्षा मानव जीवनको उज्यालो ज्योति हो, जसले व्यक्तिलाई बौद्धिक, नैतिक तथा व्यवहारिक रूपमा सक्षम बनाउँदै सभ्य समाजको निर्माणमा महत्त्वपूर्ण योगदान पुर्‍याउँछ। विश्वका विकसित राष्ट्रहरूको प्रगति र समृद्धिको मूल आधार गुणस्तरीय, प्रतिस्पर्धी तथा प्रविधिमैत्री शिक्षा नै रहेको तथ्य सर्वविदितै छ ।जहाँ शिक्षा गुणस्तरीय र व्यावसायिक छ, त्यहाँ रोजगारीका अवसरहरू वृद्धि भएका छन्, गरिबी न्यूनीकरण भएको छ र समृद्ध राष्ट्र निर्माणको मार्ग प्रशस्त भएको छ ।

नेपालको संविधानले शिक्षा क्षेत्रको व्यवस्थापन तथा विकासमा स्थानीय तहलाई महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरेको छ। जनताको सबैभन्दा नजिकको सरकारका रूपमा स्थानीय तहहरूले शिक्षा क्षेत्रमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । यस सन्दर्भमा लुम्बिनी प्रदेशको पूर्वी प्रवेशद्वार तथा दाउन्ने पहाडको काखमा अवस्थित बर्दघाट नगरपालिकाले आफ्नो समग्र शैक्षिक विकासलाई दिशानिर्देश गर्न पञ्चवर्षीय नगर शिक्षा योजना (२०८३/८४-२०८७/८८) तयार गरेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

कुनै पनि स्थानीय तहको शिक्षा योजना उक्त पालिकाको शैक्षिक विकासको मार्गदर्शक दस्तावेज हो । बर्दघाट नगरपालिकाको यस शिक्षा योजनाले नगरभित्रको समग्र शैक्षिक अवस्थाको विश्लेषण गर्दै आगामी पाँच वर्षभित्र हासिल गर्नुपर्ने लक्ष्य, उद्देश्य, रणनीति तथा अपेक्षित उपलब्धिहरू स्पष्ट रूपमा प्रस्तुत गरेको छ । यस योजनामा सामुदायिक तथा संस्थागत विद्यालयहरूको अवस्था, विद्यार्थी तथा शिक्षक व्यवस्थापन, प्रारम्भिक बालविकास शिक्षा, शैक्षिक कार्यक्रमहरूको कार्यान्वयन, विभिन्न शैक्षिक सूचकहरूको वर्तमान अवस्था तथा भविष्यका लक्ष्यहरू समेटिएका छन् ।

यो शिक्षा योजना स्थानीय तहको शैक्षिक नीति निर्माण, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, स्रोत व्यवस्थापन तथा प्रभावकारी कार्यान्वयनका लागि महत्त्वपूर्ण आधार दस्तावेजका रूपमा रहने विश्वास लिएको छु । साथै, वर्तमान अवस्थाको विश्लेषणका आधारमा आगामी वर्षहरूमा शिक्षा क्षेत्रमा आवश्यक बजेट विनियोजन तथा शैक्षिक सुधारका कार्यक्रमहरू सञ्चालन गर्न यस योजनाले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, यस शिक्षा योजना निर्माणका लागि आर्थिक तथा प्राविधिक सहयोग पुर्‍याउनुहुने सम्बन्धित निकायहरू, योजना निर्माण कार्यदल, शिक्षा क्षेत्रका सरोकारवालाहरू तथा व्यवस्थापन एवं समन्वयमा योगदान दिनुहुने सम्पूर्ण महानुभावहरूप्रति हार्दिक धन्यवाद तथा आभार व्यक्त गर्दछु ।

शम्भुलाल श्रेष्ठ
नगर प्रमुख

## शुभ-कामना ।

बर्दघाट नगरपालिकाको शैक्षिक विकासलाई दीर्घकालीन दिशा प्रदान गर्ने महत्वपूर्ण दस्तावेज "बर्दघाट नगर शिक्षा योजना (२०८३।८४—२०८७।८८)" को प्रकाशन तथा कार्यान्वयनको अवसरमा सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक, शिक्षा क्षेत्रका सरोकारवालाहरू तथा विकास साझेदारहरूप्रति हार्दिक शुभकामना व्यक्त गर्दछु।

शिक्षा मानव जीवनको उज्यालो आधार, सामाजिक रूपान्तरणको प्रमुख माध्यम तथा राष्ट्र निर्माणको सबैभन्दा बलियो आधारशिला हो। कुनै पनि समाजको आर्थिक, सामाजिक, सांस्कृतिक तथा वैज्ञानिक प्रगति शिक्षाको गुणस्तर र पहुँचमा निर्भर रहन्छ। आजको तीव्र परिवर्तनशील विश्वमा केवल साक्षरता मात्र पर्याप्त छैन; जीवनोपयोगी सिप, सिर्जनशीलता, नवप्रवर्तन, नैतिक मूल्य, डिजिटल साक्षरता तथा प्रतिस्पर्धात्मक क्षमता विकास गर्न सक्ने शिक्षा आवश्यक छ। यस यथार्थलाई आत्मसात् गर्दै बर्दघाट नगरपालिकाले आगामी पाँच वर्षका लागि तयार गरेको यो शिक्षा योजना नगरको शैक्षिक विकासको मार्गनिर्देशक दस्तावेजका रूपमा स्थापित हुनेछ भन्ने विश्वास लिएको छु।

यस योजनाले "सबैका लागि गुणस्तरीय, समावेशी, न्यायपूर्ण तथा प्रविधिमैत्री शिक्षा" भन्ने मूल भावनालाई केन्द्रमा राखेको छ। प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तथा माध्यमिक शिक्षा, प्राविधिक तथा व्यावसायिक शिक्षा, शिक्षक व्यवस्थापन तथा पेशागत विकास, विद्यालय सुशासन, समावेशी शिक्षा, सूचना तथा सञ्चार प्रविधिको प्रभावकारी उपयोग, पुस्तकालय तथा विज्ञान प्रयोगशालाको सुदृढीकरण, वातावरण तथा जलवायुमैत्री विद्यालय, खेलकुद तथा अतिरिक्त क्रियाकलापको प्रवर्द्धन र सिकाइ उपलब्धि सुधारजस्ता महत्वपूर्ण क्षेत्रहरूलाई यस योजनाले समेटेको छ।

विशेष गरी विद्यालय उमेरका कुनै पनि बालबालिका शिक्षाबाट वञ्चित नहुन्, सिकाइ उपलब्धि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डअनुसार सुधार होस्, विद्यालयहरू सुरक्षित, बालमैत्री र प्रविधिमैत्री बनून् तथा शिक्षकहरूलाई निरन्तर क्षमता विकासका अवसर प्राप्त होऊन् भन्ने लक्ष्य यस योजनाले अघि सारेको छ। यसका साथै स्थानीय आवश्यकता, भौगोलिक विशेषता, सामाजिक विविधता तथा श्रम बजारको मागलाई सम्बोधन गर्ने गरी शिक्षा प्रणालीलाई थप व्यवहारिक, उत्पादनमुखी र जीवनोपयोगी बनाउने प्रयास गरिएको छ ।

नगर शिक्षा योजना केवल एक दस्तावेज मात्र नभई साझा प्रतिबद्धता, सामूहिक उत्तरदायित्व र भविष्यप्रतिको दूरदृष्टिको प्रतिफल हो। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट बर्दघाट नगरपालिकालाई शिक्षाको क्षेत्रमा नमुना स्थानीय तहका रूपमा स्थापित गर्न सकिने विश्वास लिएको छु। योजनामा उल्लेख गरिएका उद्देश्य, रणनीति, कार्यक्रम तथा लक्ष्यहरू प्राप्त गर्न स्थानीय सरकार, विद्यालय, शिक्षक, अभिभावक, विद्यार्थी, समुदाय तथा विकास साझेदारहरूबीच बलियो सहकार्य र समन्वय आवश्यक रहनेछ।यस योजना निर्माण प्रक्रियामा सक्रिय भूमिका निर्वाह गर्नुहुने शिक्षा विज्ञहरू, प्रधानाध्यापकहरू, शिक्षकहरू, कर्मचारी, जनप्रतिनिधि तथा सम्पूर्ण सरोकारवालाहरूप्रति हार्दिक आभार व्यक्त गर्दछु। उहाँहरूको अनुभव, सुझाव र योगदानले यस योजनालाई अझ व्यावहारिक, समावेशी तथा परिणाममुखी बनाउन महत्वपूर्ण सहयोग पुगेको छ।

अन्त्यमा, यस नगर शिक्षा योजनाले बर्दघाट नगरपालिकाका प्रत्येक बालबालिकाको उज्ज्वल भविष्य निर्माण गर्न, गुणस्तरीय मानव संसाधन उत्पादन गर्न तथा समृद्ध, शिक्षित र सभ्य समाज निर्माणको अभियानलाई थप सशक्त बनाउन सफल होस् भन्ने शुभेच्छा व्यक्त गर्दछु।

रुद्रप्रकाश उपाध्याय
नगर उपप्रमुख

**शुभ-कामना ।**

शिक्षा मानव जीवनको उज्यालो ज्योति तथा सभ्य समाज र राष्ट्र निर्माणको दरिलो आधारशिला हो। नेपालको संविधानले माध्यमिक शिक्षासम्मको व्यवस्थापन गर्ने पूर्ण अधिकार स्थानीय तहलाई सुम्पिएसँगै बर्दघाट नगरपालिका क्षेत्रभित्रको शिक्षालाई समयसापेक्ष, प्रविधिमैत्री, व्यावहारिक र गुणस्तरीय बनाउनु हाम्रो मुख्य दायित्व र साझा संकल्प रहेको छ। यसै सन्दर्भमा, समता मूलक समावेशी, प्रविधिमैत्री, जीवनपयोगी, गुणस्तरीय शैक्षिक विकासको मार्गचित्र स्पष्ट पार्दै आगामी पाँच वर्षका लागि यो " बर्दघाट नगरपालिकाको नगर शिक्षा योजना (२०८३/८४—२०८७/८८)" तर्जुमा गरी प्रकाशन गर्न पाउँदा मलाई अत्यन्त खुसी लागेको छ।

वर्तमान समयमा परम्परागत शिक्षण सिकाइ प्रणालीलाई रूपान्तरण गरी युगसुहाउँदो, सीपमूलक प्रविधिमैत्रि र उद्यमशील शिक्षाको खाँचो छ। यस योजनाले बर्दघाट नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूको भौतिक पूर्वाधार विकास, डिजिटल साक्षरता, शिक्षकहरूको पेसागत दक्षता अभिवृद्धि, र सिकाइ उपलब्धिको सुनिश्चितताका लागि स्पष्ट लक्ष्य र रणनीतिहरू तय गरेको छ। सहयोगात्मक शिक्षण सिकाइ विधिलाइ आत्मसात गरी सिकाइ उपलब्धि अभिवृद्धि गर्न साथै विपन्न, सीमान्तकृत तथा पछाडि पारिएका वर्गका बालबालिकाहरूको शिक्षामा समतामूलक पहुँच पुऱ्याउन विशेष जोड दिएको छ।

यस योजनामा तय गरिएका नीति, कार्यक्रम र रणनीतिहरूलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न प्रशासनिक संयन्त्र पूर्ण रूपमा क्रियाशील रहनेछ। उपलब्ध स्रोत र साधनको अधिकतम सदुपयोग गर्दै पारदर्शी, जबाफदेही र नतिजामुखी ढङ्गबाट योजना सफल पार्न हामी कटिबद्ध छौं। यस शैक्षिक योजना निर्माणको प्रक्रियामा अमूल्य सुझाव, मार्गनिर्देशन र प्राविधिक सहयोग पुऱ्याउनुहुने नगर प्रमुखज्यू, उप-प्रमुखज्यू, कार्यपालिका सदस्यहरू, शिक्षा समिति, सामाजिक विकास समिति, जनप्रतिनिधिहरू, शिक्षाविद्,प्रधानाध्यापकहरु, शिक्षक, कर्मचारी, विभिन्न गैरसरकारी संघसंस्था तथा सम्पूर्ण सरोकारवाला निकायहरूप्रति हार्दिक आभार प्रकट गर्दछु। यस योजनाको सफल कार्यान्वयनबाट बर्दघाट नगरपालिकालाई एक उत्कृष्ट र नमुना शैक्षिक गन्तव्यका रूपमा स्थापित गर्न सबै क्षेत्रबाट निरन्तर सहयोग मिल्ने विश्वासका साथ हार्दिक शुभकामना व्यक्त गर्दछु।

बाबुराम पौडेल
प्रमुख प्रशासकीय अधिकृत

# हाम्रो भनाई

बर्दघाट नगरपालिकाको समग्र शैक्षिक विकास, गुणस्तर सुधार र शैक्षिक सुशासनलाई व्यवस्थित, समावेशी, गुणस्तरीय तथा परिणाममुखी बनाउन तयार पारिएको यो पञ्चवर्षीय नगर शिक्षा योजना बर्दघाटको वर्तमान शैक्षिक अवस्थाको यथार्थ विश्लेषण र आगामी दिनको स्पष्ट मार्गचित्र हो। यस योजनाले समतामूलक, समावेशी, प्रविधिमैत्री, जीवनोपयोगी र उत्पादनमुखी शिक्षामार्फत सिर्जनशील, सक्षम, आत्मनिर्भर र प्रतिस्पर्धी नागरिक निर्माण गर्ने नगरपालिकाको मूल आकांक्षालाई आत्मसात गरेको छ। प्रारम्भिक बालविकासदेखि माध्यमिक तह, अनौपचारिक शिक्षा, प्राविधिक शिक्षा, दूर तथा खुला शिक्षासम्म पहुँच, गुणस्तर, समता र सुशासन सुदृढ गर्दै बालमैत्री, प्रविधिमैत्री र सिकाइमैत्री शैक्षिक वातावरण निर्माण गर्नु यस योजनाको प्रमुख ध्येय हो।

यस योजनाको दूरदृष्टि **"समतामूलक समावेशी, प्रबिधिमैत्री, जीवनोपयोगी गुणस्तरीय शिक्षा; सिर्जनशील, सक्षम र सभ्य नागरिक निर्माण नगरको इच्छा"** रहेको छ। त्यसैगरी यसको लक्ष्य **"बालमैत्री, प्रविधिमैत्री तथा गुणस्तरीय शैक्षिक वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षा प्रदान गरी दक्ष, आत्मनिर्भर तथा समाजोपयोगी जनशक्ति उत्पादन गर्ने"** रहेको छ। स्थानीय आवश्यकता, उपलब्ध स्रोत-साधन, चुनौती, सम्भावना र शैक्षिक तथ्यांकको गहन अध्ययनका आधारमा यस योजनाका उद्देश्य, रणनीति, कार्यनीति, कार्यक्रम तथा अपेक्षित उपलब्धिहरू निर्धारण गरिएको छ। यस अर्थमा यो योजना केवल कागजी दस्तावेज मात्र नभई बर्दघाटको शैक्षिक रूपान्तरणका लागि व्यावहारिक, कार्यान्वयनयोग्य र परिणाममुखी आधारपत्र हो।

योजना निर्माणका क्रममा नेपालको संविधान २०७२, शिक्षा ऐन तथा नियमावली, राष्ट्रिय शिक्षा नीति २०७६, विद्यालय शिक्षा क्षेत्र योजना (SESP), स्थानीय सरकार सञ्चालन ऐन २०७४, बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, संघीय तथा प्रदेश सरकारका नीति, कार्यक्रम तथा शिक्षा तथा प्रविधि मन्त्रालयले निर्दिष्ट गरेको योजनाको ढाँचालाई आधार मानिएको छ। यस ढाँचालाई स्थानीय सन्दर्भ, आवश्यकता र प्राथमिकतासँग जोडेर बर्दघाटमैत्री स्वरूपमा विकास गरिएको छ। योजनाका सूचक तथा लक्ष्य हासिल गर्न प्रारम्भिक बालविकासदेखि माध्यमिक तहसम्म स्रोत व्यवस्थापनका लागि संघीय सरकारको सशर्त अनुदान, स्थानीय सरकारको लगानी, साझेदार संस्था तथा सामाजिक संघ-संस्थाहरूको सहयोगलाई समेत समावेश गरिएको छ।

यो नगर शिक्षा योजना आर्थिक वर्ष २०८३/८४ देखि २०८७/८८ सम्मका लागि तयार गरिएको पञ्चवर्षीय योजना हो। शैक्षिक सत्र २०८२ लाई आधार वर्ष मानी क्रमशः २०८७।८८ सम्मका लक्ष्य, रणनीति र कार्यनीति तय गरिएको छ। वर्तमान अवस्था विश्लेषणका लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली, आर्थिक सर्वेक्षण, राष्ट्रिय जनगणना २०७८, आ.व. २०८२/८३ को बजेट, सर्वेक्षण, विद्यालयबाट प्राप्त तथ्यांक, शिक्षा शाखामा उपलब्ध अभिलेख तथा अन्य आधिकारिक स्रोतहरूलाई आधार बनाइएको छ। नगरभित्रका विद्यालय, बालविकास केन्द्र, सामुदायिक सिकाइ केन्द्र तथा अन्य शैक्षिक संस्थाबाट प्राप्त सूचनाको संकलन, विश्लेषण र समीक्षा गरी विद्यार्थी भर्ना दर, टिकाउ दर, सिकाइ उपलब्धि, शिक्षक व्यवस्थापन, भौतिक पूर्वाधार, शैक्षिक सुशासन र विद्यालयको समग्र अवस्थालाई योजनामा वस्तुनिष्ठ रूपमा समेटिएको छ।

योजना निर्माण प्रक्रियामा स्थानीय जनप्रतिनिधि, नगरपालिकाका सम्बन्धित शाखा, विद्यालयका प्रधानाध्यापक, शिक्षक, शिक्षा क्षेत्रका विज्ञ, अभिभावक तथा सरोकारवालासँग छलफल, अन्तरक्रिया र परामर्श गरी प्राप्त सुझावहरूलाई समावेश गरिएको छ। महत्वपूर्ण सुझाव, आवश्यक तथ्यांक र सूचना उपलब्ध गराई सहयोग पुऱ्याउनुहुने सबै जनप्रतिनिधि, शाखा प्रमुख, प्रधानाध्यापक, शिक्षक, विज्ञ तथा सम्पूर्ण सरोकारवालाप्रति योजना निर्माण समिति हार्दिक आभार व्यक्त गर्दछ। यस योजनाको प्रभावकारी कार्यान्वयनबाट बर्दघाट नगरपालिकाको शैक्षिक क्षेत्रमा गुणात्मक परिवर्तन आई दक्ष, सिर्जनशील, आत्मनिर्भर, प्रतिस्पर्धी र समाजोपयोगी जनशक्ति उत्पादनमा ठोस योगदान पुग्ने विश्वासका साथ यसको सफल कार्यान्वयनका लागि सबै पक्षबाट निरन्तर सहयोग, समन्वय र प्रतिबद्धताको अपेक्षा गर्दछौं।

**नगर शिक्षा योजना निर्माण समिति**

**बर्दघाट नगरपालिका**

# नगर शिक्षा योजना

## निर्माण समिति

### नामावली

| क्र.सं. | नाम, थर | पद / जिम्मेवारी |
|---|---|---|
| १ | श्री बाबुराम पौडेल | **संयोजक**<br>प्रमुख प्रशासकीय अधिकृत |
| २ | श्री महेन्द्र सुबेदी | **सदस्य**<br>प्रमुख, शिक्षा विकास तथा समन्वय इकाई |
| ३ | श्री पुष्कर काफ्ले | **सदस्य**<br>वरिष्ठ प्रशासकीय अधिकृत |
| ४ | श्री डिल्लीराम ढुंगाना | **सदस्य**<br>शिक्षा अधिकृत |
| ५ | श्री कमल प्रसाद अर्याल | **सदस्य**<br>शिक्षक, दाउन्ने देवी मा.वि. |
| ६ | श्री ऋषिराम खनाल | **सदस्य**<br>शिक्षक, दाउन्ने देवी मा.वि. |
| ७ | श्री शेषकान्त पौड्याल | **सदस्य**<br>प्र.अ., राष्ट्रिय मा.वि. |

## विषय सूची


| क्र.सं. | विषय शीर्षक | पेज नं. |
|---|---|---|
| | **योजनाको सारांश** | |
| १. | विषय प्रवेश | १ |
| २. | शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य | १ |
| ३. | स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य | २ |
| ४. | शिक्षा योजना निर्माणका आधार | ३ |
| ५. | शिक्षा योजना निर्माण प्रक्रिया | ३ |
| ६. | योजनाको दस्तावेजको स्वरूप | ४ |
| | **परिच्छेद १ : परिचय** | |
| १.१ | वर्तमान अवस्था | ६ |
| १.२ | मुख्य समस्या तथा चुनौतीको विश्लेषण | ४२ |
| १.३ | शिक्षा क्षेत्रका चुनौतीको SWOT विश्लेषण | ४५ |
| | **परिच्छेद २ : दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण** | |
| २.१ | स्थानीय तहमा शिक्षा योजना निर्माण गर्दा लिनुपर्ने आधार | ४९ |
| २.२ | दूरदृष्टि | ५२ |
| २.३ | लक्ष्य | ५२ |
| २.४ | उद्देश्य | ५२ |
| २.५ | रणनीति | ५३ |
| २.६ | अपेक्षित उपलब्धि | ५६ |
| २.७ | मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण | ५८ |
| | **परिच्छेद ३ : विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र** | |
| ३.१ | ३.१.१ प्रारम्भिक बालविकास र शिक्षा | ६७ |
| | ३.१.२ वर्तमान अवस्था | ६७ |
| | ३.१.३ उद्धेश्य | ६८ |
| | ३.१.४ रणनीति | ६८ |
| | ३.१.५ उपलब्धि प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण | ६९ |
| ३.२ | आधारभूत शिक्षा | ७१ |
| | ३.२.१ वर्तमान अवस्था | ७२ |
| | ३.२.२ उद्धेश्य | ७३ |
| | ३.२.३ रणनीति | ७३ |
| | ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा | ७४ |
| | ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ७५ |
| ३.३ | माध्यमिक शिक्षा | ७८ |

३.३.१ वर्तमान अवस्था ७९
३.३.२ उद्धेश्य ८०
३.३.३ रणनीति ८०
३.३.४ प्रमुख उपलब्धि तथा नतिजा ८१
३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८३
३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम ८५
३.४.१ वर्तमान अवस्था ८६
३.४.२ उद्धेश्य ८७
३.४.३ रणनीति ८७
३.४.४ प्रमुख उपलब्धि तथा नतिजा ८८
३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ८८
३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ ८९
३.५.१ वर्तमान अवस्था ९०
३.५.२ उद्धेश्य ९०
३.५.३ रणनीति ९१
३.५.४ प्रमुख उपलब्धि तथा नतिजा ९१
३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९२
परिच्छेद ४ : अन्तरसम्बन्धित विषय तथा क्षेत्र
४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन ९४
४.१.१ वर्तमान अवस्था ९४
४.१.२ उद्धेश्य ९६
४.१.३ रणनीति ९६
४.१.४ प्रमुख उपलब्धि तथा नतिजा ९७
४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य ९७
४.२ शिक्षक व्यवस्थापन र विकास ९९
४.२.१ वर्तमान अवस्था ९९
४.२.२ उद्धेश्य १००
४.२.३ रणनीति १००
४.२.४ प्रमुख उपलब्धि तथा नतिजा १०१
४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०२
४.३ शिक्षामा समता र समावेशीकरण १०३
४.३.१ वर्तमान अवस्था १०३
४.३.२ उद्धेश्य १०४
४.३.३ रणनीति १०४
४.३.४ प्रमुख उपलब्धि तथा नतिजा १०५
४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १०५

| | | |
|---|---|---|
| ४.४ | विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम | १०७ |
| ४.४.१ | वर्तमान अवस्था | १०७ |
| ४.४.२ | उद्धेश्य | १०८ |
| ४.४.३ | रणनीति | १०८ |
| ४.४.४ | प्रमुख उपलब्धि तथा नतिजा | १०८ |
| ४.४.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १०९ |
| ४.५ | विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता | ११० |
| ४.५.१ | वर्तमान अवस्था | ११० |
| ४.५.२ | उद्धेश्य | १११ |
| ४.५.३ | रणनीति | १११ |
| ४.५.४ | प्रमुख उपलब्धि तथा नतिजा | १११ |
| ४.५.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ११२ |
| ४.६ | विद्यालय भौतिक पूर्वाधार विकास | ११२ |
| ४.६.१ | वर्तमान अवस्था | ११३ |
| ४.६.२ | उद्धेश्य | ११३ |
| ४.६.३ | रणनीति | ११३ |
| ४.६.४ | प्रमुख उपलब्धि तथा नतिजा | ११४ |
| ४.६.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ११४ |
| ४.७ | विद्यालयमा सूचना तथा सञ्चार प्रविधि | ११५ |
| ४.७.१ | वर्तमान अवस्था | ११५ |
| ४.७.२ | उद्धेश्य | ११६ |
| ४.७.३ | रणनीति | ११६ |
| ४.७.४ | प्रमुख उपलब्धि तथा नतिजा | ११७ |
| ४.७.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | ११७ |
| | **परिच्छेद ५ : सुशासन तथा व्यवस्थापन** | |
| ५.१ | शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास | ११९ |
| ५.१.१ | वर्तमान अवस्था | ११९ |
| ५.१.२ | उद्धेश्य | १२१ |
| ५.१.३ | रणनीति | १२१ |
| ५.१.४ | प्रमुख उपलब्धि तथा नतिजा | १२१ |
| ५.१.५ | प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य | १२२ |
| ५.२ | स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध | १२५ |
| ५.२.१ | वर्तमान अवस्था | १२६ |
| ५.२.२ | उद्धेश्य | १२७ |
| ५.२.३ | रणनीति | १२७ |
| ५.२.४ | प्रमुख उपलब्धि तथा नतिजा | १२८ |

५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १२८

**परिच्छेद ६ : लगानी र स्रोत व्यवस्थापन**

६.१ वर्तमान अवस्था १२९
६.२ उद्धेश्य १३०
६.३ रणनीति १३०
६.४ प्रमुख उपलब्धि तथा नतिजा १३१
६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १३१

**परिच्छेद ७ : अनुगमन तथा मूल्याङ्कन**

७.१ वर्तमान अवस्था १५२
७.२ उद्धेश्य १५३
७.३ रणनीति १५३
७.४ प्रमुख उपलब्धि तथा नतिजा १५४
७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य १५५

# योजनाको सारांश

## १.विषय प्रवेश

शिक्षा क्षेत्रको वर्तमान अवस्था पहिचान गरी शिक्षामा अपेक्षित नतिजा हासिल गर्नुको साथै शैक्षिक पहुँच सुनिश्चितता, शैक्षिक गुणस्तर अभिवृद्धि, सहभागीता, समताको साथै सुशासन र व्यवस्थापन तथा आजिवन सिकाइलाइ सुनिश्चितता गर्न शिक्षा योजनाको महत्वपूर्ण योगदान रहेको हुन्छ । नेपालको विद्यालय तहको स्पष्ट मार्ग चित्र प्रदानगर्न विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan (SESP)) (२०७९-२०८८) कार्यान्वयनमा रहेको छ । जसले नेपालको शिक्षालाई संविधानको मर्म (निःशुल्क र अनिवार्य शिक्षा) र अन्तर्राष्ट्रिय प्रतिबद्धता (दिगो विकास लक्ष्य-४) सँग जोड्ने एउटा पुलको काम गरेको छ । स्थानीय सरकार सञ्चालन ऐन,२०७४ ले दिएको अधिकार प्रयोग गरी आधारभूत र माध्यमिक तह सम्मको शिक्षाको कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेको अवस्था छ । प्राप्त अधिकार संगै विद्यालयको शैक्षिक गुणस्तर सुधार तथा समग्र विद्यालयको अवस्था उकास्ने जिम्मेवारी स्थानीय तहको मातहतमा आएको छ । अनिवार्य तथा निशुल्क आधारभूत शिक्षा तथा निशुल्क माध्यमिक तहको शिक्षा हासिल गर्न ७५३ वटै स्थानीय तहले संघ र प्रदेश मातहतमा बनेका शैक्षिक योजनालाइ आधार लिदैं स्थानीय स्तरका आवश्यकतालाइ प्राथमिकतामा राखी स्थानीय तहको शिक्षा योजना निर्माण गर्नुपर्ने आवश्यकता रहेको छ । यसै सन्दर्भमा बर्दघाट नगरपालिकाले स्थानीय स्तरको शैक्षिक आवश्यकता, चुनौती र सम्भावनाहरूलाई पहिचान गरी सबै नागरिकलाई गुणस्तरीय शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्न स्थानीय स्रोत साधनको उचित परिचालन गर्दै नगरको समग्र सामाजिक तथा आर्थिक रूपान्तरणका लागि दक्ष र प्रतिस्पर्धी जनशक्ति तयार पार्न आफ्नो नगर शिक्षा योजना बनाइ लागु गरेको छ ।

## २.शिक्षा योजना निर्माणको आवश्यकता र औचित्य

बदलिँदो विश्वपरिवेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा भएका शैक्षिक गतिविधि, सूचना प्रविधिमा भएको परिवर्तन सँगै विद्यालय शिक्षालाइ अगाडि बढाउन र देशको शिक्षा पद्धतिलाइ समयानुकूल बनाउन पनि शिक्षा योजना बनाउनुपर्ने देखिन्छ । नेपालको संविधान, राष्ट्रिय शिक्षा नीति, अनिवार्य तथा निःशुल्क शिक्षा ऐन तथा नियमावली, शिक्षाको सोच पत्र, दिगो विकास लक्ष्य, सौह्रौ पञ्चवर्षीय योजना, विद्यमान विद्यालय शिक्षाको प्राथमिकतामा रहेको शिक्षा ऐन, नियमावली,कार्यक्रम र लक्ष्यलाइ संघीयअनुरुप कार्यान्वयन गर्दै विद्यालय शिक्षाको विकासलाइ दिशा निर्देश गर्न शिक्षा योजना निर्माणको आवश्यकता रहेको छ । राज्यको निःशुल्क र अनिवार्य शिक्षाको नीतिलाई

स्थानीय स्तरमा कार्यान्वयन गरी शिक्षामा समतामुलक पहुँच सुनिश्चितता कायम गर्नुपर्ने देखिन्छ । विद्यालयप्रतिको जनविश्वास बढाउँदै स्थानीय आवश्यकताका साथै अन्तर्राष्ट्रिय अभ्यास अनुसार उद्यमी र सिर्जनशील जनशक्ति तयार गर्न प्राविधिक र प्रविधि मैत्री शिक्षा संगै व्यावहारिक र परियोजनामा आधारित सिकाइमा जोड दिदै समय सापेक्ष विद्यालय शिक्षा क्षेत्रको योजना सँगै समग्र शिक्षामा सुधार गर्नुपर्ने देखिन्छ ।

नेपालको संविधानको अनूसूची ८ मा स्थानीय तहको एकल अधिकारअन्तर्गत आधारभूत तथा माध्यमिक शिक्षा भएको र सोही अनुरुप स्थानीय सरकार सञ्चालन ऐन, २०७४ (११, ज) ले आधारभूत तथा माध्यमिक तहका लागि स्थानीय तहको अधिकार रहने शिक्षाको अधिकारको विषय तोकेको छ । उक्त ऐनको दफा २४ (१) मा स्थानीय तहले आवधिक तथा क्षेत्रगत योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्थासमेत गरेको छ ।स्थानिय तहले अधिकार प्राप्ति सँगै शिक्षा क्षेत्र सुधारका लागि यी प्रावधानलाई अङ्गीकार गर्दै आवधिक शिक्षा योजना निर्माण र कार्यान्वयन गर्न अनिवार्य छ ।

विविध कारणबाट विद्यालय शिक्षा वाट वञ्चित हुन पुगेका बालबालिकालाइ विद्यालय शिक्षामा समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्न तथा प्रत्येक बालबालिकामा न्यूनतम सिकाइ तथा उपलब्धि सुनिश्चित गर्दै समग्र विद्यालय शिक्षाको गुणस्तर तथा सान्दर्भिकता अभिवृद्धि गर्न शिक्षा तथा खेलकुद मन्त्रालयले १० वर्षे विद्यालय शिक्षा क्षेत्र योजना (School Education Sector Plan) स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यसैको आधारमा प्रदेश स्तरमा पनि आवधिक शिक्षा योजना निर्माण भएका छन् । स्थानीय तहले पनि आफुलाइ प्राप्त भएको अधिकार प्रयोग गर्दै स्थानीय आवश्यकता, चाहना र अपेक्षा सहित अपेक्षित शैक्षिक उपलब्धि प्राप्त गर्न शैक्षिक योजना निर्माण गरी लागु गर्न वान्छनीय देखिन्छ ।

## ३.स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य

स्थानीय तहमा देहाय बमोजिमका तथ्यहरुले शिक्षा योजना निर्माणको औचित्यलाइ पुष्टि गर्दछ ।

- तीनै तहमा बन्ने शिक्षा योजनाका बिच लम्बीय (Vertical) र क्षितिजीय (Horizontal) सहसम्बन्ध स्थापित गर्न ।
- सङ्घ र प्रदेशबाट प्रदान गरिने स्रोतहरूलाई योजनामा आधारित बनाई व्यवस्थापन, परिचालन उपयोग गर्न ।
- कार्यक्रम र स्रोतमा देखिएको अभाव, दोहोरोपना, स्रोत परिचालनमा असक्षमता जस्ता समस्यालाई न्यूनीकरण गर्न ।
- साझा विषयमा लागत साझेदारी, समन्वय र सहकार्यलाई प्रभावकारी बनाउन ।
- शिक्षासम्बन्धी राष्ट्रिय लक्ष्य तथा अन्तर्राष्ट्रिय प्रतिबद्धता हासिल गर्न सहयोग पुयाउन ।

## ४.शिक्षा योजना निर्माणका आधार

यो शिक्षा योजना निर्माण गर्दा निम्नलिखित दस्तावेजलाई मूल आधार बनाइ  निर्माण गरिएको छः

१. नेपालको संविधान
२. सोह्रौं आवधिक योजना
३. स्थानीय सरकार सञ्चालन ऐन, २०७४
४. सङ्घ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७
५. अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५
६. विद्यालय शिक्षा क्षेत्र योजना (SESP) र सिकाइ आपूरण तथा दृत सिकाइ योजना
७. शिक्षा नीति मूलतः राष्ट्रिय शिक्षा नीति २०७६, शिक्षाको सोचपत्र २०७९
८. विद्यालय शिक्षामा समता रणनीति, शैक्षिक सूचना २०८१।८२
९. दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
१०. स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ र स्थानीय तहको विकास योजना
११. स्थानीय तहको मध्यमकालीन खर्च संरचना
१२. राष्ट्रिय जनगणना २०७८ को प्रतिवेदन
१३. आर्थिक सर्वेक्षण २०८२।८३
१४. IEMIS को शैक्षिक सत्र २०८२ को तथ्यांक
१५. विद्यमान विद्यालय शिक्षासम्बन्धी ऐन, नियमावली
१६. विद्यालय सुधार योजना र अन्य सरकारी र गैर सरकारी संस्थाका शिक्षा सम्बन्धी कार्यक्रम आदि ।

## ५.शिक्षा योजना निर्माण प्रक्रिया

- शिक्षा योजना निर्माणको लागि नगर कार्यपालिकाको बैठकको निर्णय
- योजना निर्माण समितिको गठन
- स्थानीय तहको शिक्षा क्षेत्रको अवस्था विश्लेषण
- विभिन्न सरोकारवालाहरु  सँग भेला छलफल
- स्थानीय तह तथा विद्यालय स्तरीय छलफल
- योजनाको मस्यौदा तयारी
- मस्यौदामाथि सरोकारवालाको सुझाव सङ्कलन तथा पृष्ठपोषण
- योजनाको अन्तिमीकरण
- विज्ञद्वारा योजनाको लेखाजोखा र सुझाव समायोजन
- स्थानीय कार्यपालिकाबाट योजनाको स्वीकृति र कार्यान्वयन

## ६.योजनाको दस्तावेजको स्वरूप

यो पञ्चवर्षीय शिक्षा योजना यस नगरपालिकाको शिक्षा क्षेत्रको विकासका लागि तयार पारिएको एक समग्र र एकीकृत योजना हो । यस योजनाको पहिलो परिच्छेदमा परिचय र दोस्रो परिच्छेदमा दूरदृष्टि, लक्ष्य तथा क्षेत्रगत उद्देश्य र रणनीतिहरू समावेश गरिएकाछन् । तेस्रो र चौथो परिच्छेदमा प्रारम्भिक बालविकास, आधारभूत शिक्षा, माध्यमिक शिक्षा, प्राविधिक एवं व्यावसायिक शिक्षा, पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन, शिक्षक व्यवस्थापन र विकास,शिक्षामा समता र समावेशीकरण,विद्यालय पोषण तथा स्वास्थ्य कार्यक्रम,विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता,विद्यालय भौतिक पूर्वाधार विकास,विद्यालयमा सूचना तथा सञ्चारप्रविधि जस्ता महत्त्वपूर्ण उपक्षेत्रहरूलाई समेटिएको छ । पाँचौं परिच्छेदमा सुशासन तथा व्यवस्थापन र शिक्षा योजना कार्यान्वयनको प्रबन्धलाई राखिएको छ भने छैठौं परिच्छेदमा लगानी र स्रोत व्यवस्थापन र सातौं तथा अन्तिम परिच्छेदमा अनुगमन तथा मूल्यांकनको क्षेत्र प्रस्तुत गरिएको छ । यी प्रत्येक क्षेत्रको परिचय, वर्तमान अवस्था, उद्धेश्य,रणनीति र अपेक्षित उपलब्धिसहित प्रमुख क्रियाकलापहरूको क्रमिक विश्लेषण गरिएको छ।

आगामी ५ वर्षभित्र नगरपालिकाको शिक्षा क्षेत्रमा उल्लेखनीय सुधार गर्ने लक्ष्यका साथ यस योजनाले शिक्षामा सबैको समतामूलक पहुँच, पूर्ण सहभागिता, बालमैत्री,प्रविधिमैत्री वातावरणमा विद्यार्थीहरुको सिकाइ स्तरमा अभिवृद्धि गर्दै वैकल्पिक शिक्षालाई औपचारिक प्रणालीसँग जोड्ने रणनीति तय गरेकोछ । योजना कार्यान्वयन पश्चात विपद् व्यवस्थापन, सुशासन र सेवा प्रवाहको प्रभावकारितालाई ध्यानमा राख्दै सबै विद्यालयहरूमा बालमैत्री कक्षाकोठा, ,प्रविधिमैत्री सिकाइ वातावरण, प्रयाप्त विषयगत ल्याब, विद्यालय सरसफाइ तथा सौन्दरीकरण तथा एक विद्यालय एक सिकाइ करेसाबारी व्यवस्थापन हुने अपेक्षा लिएको छ । यसका साथै माध्यमिक तहका सबै कक्षाहरु प्रविधिमैत्री र प्रयोगात्मक सिकाइ वातावरण अनुकुल हुनेगरी निर्माण गरिने तथा प्रारम्भिक कक्षाहरूलाई बालमैत्री वातावरणमा प्रयाप्त सामग्री सहित सिकाइमैत्री बालविकास केन्द्रका रूपमा विकास गरिने अभिलाषा राखेकोछ । शिक्षकलाई नविनतम विधि तथा प्रविधि संग सम्बन्धित पर्याप्त पेसागत तालिमबाट डिजिटल शैक्षिक सामग्रीको उपयोग र प्रयोगात्मक अभ्यास सहितको सिकाइ वातावरणको लागि आवश्यक क्षमता अभिबृद्धि भई सिकाइ क्रियाकलापमा हुने परिवर्तनबाट विद्यार्थीको सिकाइमा बढ्न सक्ने रुचीले विद्यालय छाड्ने, कक्षा दोहोऱ्याउने दरलाइ न्यून गर्दै शैक्षिक गुणस्तर अभिबृद्धिका लागि ठुला विद्यालयको अवधारणा अनुरुप विद्यालय समायोजन, कक्षा समायोजन र दरबन्दी मिलान मार्फत सिकाइ प्रक्रियामा व्यापक सुधारको अपेक्षा गरिएको छ ।

यस योजनाको कार्यान्वयनको अन्तिम चरण सम्ममा चार वर्ष उमेर पूरा भएका सबै बालबालिकालाइ प्रारम्भिक बालविकास शिक्षाको पहुँच सुनिश्चित भई अनुभव सहित कक्षा १ मा भर्ना हुन योग्य हुनेछन् । त्यस्तै, ५ देखि १२ वर्ष उमेर समूहका शतप्रतिशत बालबालिकाहरू विद्यालयमा भर्ना भई उनीहरूले आधारभूत तहको शिक्षा पूर्ण रूपमा पूरा गर्नेछन् । कुनै कारणले विद्यालयमा अध्ययन गर्ने अवसर नपाएका वा अध्ययन गर्ने क्रममा बीचैमा पढाई छाडेका विद्यालय उमेर समुहका बालबालिकाहरुलाई संश्लेषित पाठ्यक्रमको आधारमा आधारभुत तह (तह ३) सम्मको बैकल्पिक शैक्षिक कार्यक्रम सञ्चालन भएको हुनेछ । शैक्षिक क्षेत्रमा रहेका सबै प्रकारका विभेदहरूको न्यूनीकरण भई विद्यार्थीहरूको समग्र सिकाइ स्तरमा उल्लेखनीय सुधार आएको हुनेछ । प्राविधिक शिक्षामा सुदृढीकरण हुनुका साथै विद्यालयहरूमा योग्य, उत्प्रेरित र प्रतिबद्ध शिक्षकहरूको पर्याप्तता हुनेछ । शिक्षक र विद्यार्थी दुवैले आधुनिक प्रविधिको प्रयोग गर्न सक्ने वातावरण बनाई जुनसुकै परिस्थितिमा पनि सिकाइको निरन्तरता सुनिश्चित गरिनेछ ।

# परिच्छेद १ : परिचय

## १.१ वर्तमान अवस्था

### १.१.१ भौगोलिक अवस्थाको विश्लेषण

र्दघाट नगरपालिका भगवान गौतम बुद्धको जन्मस्थल समेत रहेको लुम्बिनी प्रदेशको पुर्व पश्चिम राजमार्गको दाउन्नेसँगै सुरु हुने लुम्बिनी प्रदेशको सिमानामा नवलपारासी (बर्दघाट सुस्ता पश्चिम) पर्दछ । बर्दघाट नगरपालिका लुम्बिनी प्रदेशको पूर्वी भागमा अवस्थित भौगोलिक रूपमा २७.५ डिग्री उत्तर ८३.८४ डिग्री पूर्व देखि २७.६६ डिग्री उत्तर ८३.७६ डिग्रीमा अवस्थित छ । साथै यस नगरपालिकामा उष्ण तथा समशितोष्ण हावापानि रहेको पाइन्छ । समुन्द्र सतहबाट ५६१ मिंटर उचाइ रहेको यस नगरपालिकाको कुल क्षेत्रफल १८०.९८ वर्ग किलो मिटर रहेको छ । जनघनत्व ४२३.८२, कुल जनसंख्या ७६ हजार ७ सय ३ रहेको छ भने घरधुरी संख्या १८ हजार ५ सय १ छ ।

संघिय राजधानी काठमाडौं देखि १ सय ९२ किलोमिटरको दुरीमा रहेको यस नगरपालिकाम लोकमार्गको १६ कि.मि. भाग पर्दछ। यस नगरपालिकाको पूर्वी सिमानमा विनयी त्रिवेणी गाँउपालिका, पश्चिम तर्फ सुनवल नगरपालिका र सरावल गाँउपालिका रहेका छन् । त्यस्तै उत्तरी सिमामा गण्डकी प्रदेशको विनयी त्रिवेणी गाँउपालिका पर्दछ भने दक्षिण तर्फ प्रतापपुर र सरावल गाँउपालिका पर्दछन ।

यस नगरपालिकाको भौगोलिक अवस्थितिले पनि संस्कृत्तिलाई विविधता प्रदान गरेको छ। उत्तरतर्फ वडा नम्बर २ मा पर्ने आमवास, सुखौरा, पोखरी छाप तथा पटुके गाउँहरू पहाडी क्षेत्रमा पर्दछन् भने पूर्वपश्चिम राजमार्ग क्षेत्र तराई क्षेत्रमा पर्दछ । सडक यातायातको हिसाबले यहाँका १६ ओटा वडामा प्रायः अधिकांश पक्की सडक जोडिएका छन् भने केही ग्राभेल सडक रहेका छन् । करिब एक घण्टाको समयमा सबै वडामा आवागमन गर्न सम्भव रहेको छ।

### १.१.२) जनसांख्यिक संरचनाको विश्लेषण

जनगणना २०७८ को अन्तिम नतिजा अनुसार बर्दघाट नगरपालिकाको जनसंख्या ७६,७०३ रहेको छ । जुन २०६८ सालको जनसंख्या ६१,४७२ को तुलनामा १५,२३१ ले बढि देखिन्छ । यसरी उक्त अवधिमा नगरपालिकाको जनसंख्या २४.७७% बढेको देखिन्छ। उक्त अवधि (१० वर्ष ५ महिना) मा सरदर वार्षिक जनसंख्या वृद्धिदर २.१२% भएको देखिन्छ जुन नेपालको तुलनामा धेरै बढि हो। यस जनगणनामा लैङ्गिक अनुपात ८६.९५ अर्थात प्रति १०० जना महिलामा ८७ जना पुरुष रहेको छ। जनगणना २०७८ को नतिजा अनुसार नगरपालिकामा बसोबास गर्ने जम्मा जनसंख्या मध्ये पुरुषको संख्या ३५,६७५ (४६.५१%) र महिलाको संख्या ४१,०२८ (५३.४९%)

छन् । वडा अनुसार सबैभन्दा बढि जनसंख्या भएको वडा ४ हो जसमा १५.९७३ (२०.८२१) जनसंख्या रहेका छन्। सबैभन्दा कम जनसंख्या भएको वडा ३ हो जसमा १,२३४ (१.६१%) जनसंख्या रहेकोछ । वडा अनुसार जनगणना २०६८ जनसंख्या तथा परिवार संख्या र २०७८ को परिवार संख्या जम्मा जनसंख्या महिला पुरुषको संख्या परिवारको आकार लैंगिक अनुपात र जनसंख्या वृद्धिदरको विस्तृत विवरण तलको तालिकामा प्रस्तुत गरिएको छ ।

## परिवार संख्या, जनसंख्या तथा लैङ्गिक अनुपात

| क्षेत्र | २०६८ | | २०७८ | | | | औसत परिवार आकार | लैङ्गिक अनुपात | वार्षिक जनसंख्या वृद्धि दर |
|---|---|---|---|---|---|---|---|---|---|
| | परिवार संख्या | जनसंख्या | परिवार संख्या | जम्मा | पुरुष | महिला | वडाको प्रतिशत | | |
| जम्मा | १३४१५ | ६१४७२ | १८६०१ | ७६७०३ | ३५६७५ | ४१०२८ | १०० | ४.१५ | ८६.९५ |
| वडा नं. | | | | | | | | | |
| १ | ५०१ | २४०२ | ६५४ | २७०९ | १२४५ | १४६४ | ३.५३ | ४.१४ | ८५.०४ |
| २ | ११५० | ५५०१ | १६०७ | ६६३१ | ३०५० | ३५८१ | ८.६५ | ४.१३ | ८५.१७ |
| ३ | १३० | ६२२ | २७३ | १२३४ | ५९० | ६४४ | १.६१ | ४.५२ | ९१.६१ |
| ४ | २८४८ | ११७१५ | ४१२३ | १५१७३ | ७४०७ | ८५६६ | २०.८२ | ३.८७ | ८६.४७ |
| ५ | ७३१ | ३४६७ | ९४० | ३९३५ | १८१२ | २१२३ | ५.१३ | ४.१९ | ८५.३५ |
| ६ | २६१ | ११७५ | ३३० | १४७० | ६९३ | ७७७ | १.९२ | ४.४५ | ८९.१९ |
| ७ | २९३ | १४२८ | ६२७ | २५२५ | १२०५ | १३२० | ३.२९ | ४.०३ | ९१.२९ |
| ८ | २५९ | ११८८ | ४२१ | १६९८ | ७९३ | ९०५ | २.२१ | ४.०३ | ८७.६२ |
| ९ | ५७८ | २३६१ | ७६१ | ३०६८ | १४०३ | १६६५ | ४. | ४.०३ | ८४.२६ |
| १० | ७७३ | ३५०६ | ११३८ | ४४६८ | २०८० | २३८८ | ५.८३ | ३.९३ | ८७.१ |
| ११ | ५४६ | २७६५ | ६८७ | २८९६ | १३७३ | १५२३ | ३.७८ | ४.२२ | ९०.१५ |
| १२ | ९७६ | ४८९१ | १२२२ | ५४५५ | २५७६ | २८७९ | ७.११ | ४.४६ | ८९.४ |
| १३ | ११६२ | ५८४७ | १४४९ | ६५२० | ३०५१ | ३४६९ | ८.५ | ४.५ | ८७.९५ |
| १४ | १२०५ | ५६२० | १८०२ | ७६८६ | ३५९६ | ४०९० | १०. | ४.२७ | ८७.९२ |
| १५ | १०१४ | ४६०८ | १२२४ | ५२८६ | २४६९ | २८१७ | ६.८९ | ४.३२ | ८७.६५ |
| १६ | ९५८ | ४३७६ | १२४३ | ५१४९ | २३३२ | २८१७ | ६.७१ | ४.१४ | ८२.७८ |

## उमेरगत जनसंख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| वर्ष जम्मा | ७६७०३ | १०० | ३५६७५ | १०० | ४१०२८ | १०० |
| ० | ९६५ | १.२६ | ४९५ | १.३९ | ४७० | १.१५ |
| १ | ११४० | १.४९ | ६०० | १.६८ | ५४० | १.३२ |
| २ | ११६३ | १.५२ | ६०६ | १.७० | ५५७ | १.३६ |
| ३ | १३०० | १.६९ | ६६६ | १.८७ | ६३४ | १.५५ |
| ४ | १२७६ | १.६६ | ६६६ | १.८७ | ६१० | १.४९ |
| ५ | १३१६ | १.७२ | ६७७ | १.९० | ६३९ | १.५६ |
| ६ | १३१८ | १.७२ | ६८९ | १.९३ | ६२९ | १.५३ |
| ७ | १३०५ | १.७० | ६६० | १.८५ | ६४५ | १.५७ |
| ८ | १३९० | १.८१ | ७५५ | २.१२ | ६३५ | १.५५ |
| ९ | १३३५ | १.७४ | ६९६ | १.९५ | ६३९ | १.५६ |
| १० | १३११ | १.७१ | ६९३ | १.९४ | ६१८ | १.५१ |
| ११ | ११७८ | १.५४ | ६०८ | १.७० | ५७० | १.३९ |
| १२ | १४१२ | १.८४ | ७४८ | २.१० | ६६४ | १.६२ |
| १३ | १२९५ | १.६९ | ६५५ | १.८४ | ६४० | १.५६ |
| १४ | १३८८ | १.८१ | ६७० | १.८८ | ७१८ | १.७५ |
| १५ | १४२८ | १.८६ | ७६७ | २.१५ | ६६१ | १.६१ |
| १६ | १४४१ | १.८८ | ७२७ | २.०४ | ७१४ | १.७४ |
| १७ | १३७५ | १.७९ | ६७० | १.८८ | ७०५ | १.७२ |
| १८ | १६८६ | २.२० | ८४८ | २.३८ | ८३८ | २.०४ |
| १९ | १४०३ | १.८३ | ६७० | १.८८ | ७३३ | १.७९ |
| २० | १६८१ | २.१९ | ७५६ | २.१२ | ९२५ | २.२५ |
| २१ | १३८६ | १.८१ | ६४१ | १.८० | ७४५ | १.८२ |
| २२ | १४४७ | १.८९ | ६४६ | १.८१ | ८०१ | १.९५ |
| २३ | १३४१ | १.७५ | ५७६ | १.६१ | ७६५ | १.८६ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| २४ | १३३९ | १.७५ | ५४५ | १.५३ | ७९४ | १.९४ |
| २५ | १४३३ | १.८७ | ५७५ | १.६१ | ८५८ | २.०९ |
| २६ | १३१८ | १.७२ | ५२५ | १.४७ | ७९३ | १.९३ |
| २७ | ११६० | १.५१ | ४५७ | १.२८ | ७०३ | १.७१ |
| २८ | १४३५ | १.८७ | ५७१ | १.६० | ८६४ | २.११ |
| २९ | ११२५ | १.४७ | ४६६ | १.३१ | ६५९ | १.६१ |
| ३० | १४७९ | १.९३ | ५९८ | १.६८ | ८८१ | २.१५ |
| ३१ | १०६५ | १.३९ | ४३९ | १.२३ | ६२६ | १.५३ |
| ३२ | १२५९ | १.६४ | ५०९ | १.४३ | ७५० | १.८३ |
| ३३ | ११३९ | १.४८ | ४३१ | १.२१ | ७०८ | १.७३ |
| ३४ | ११४१ | १.४९ | ४९५ | १.३९ | ६४६ | १.५७ |
| ३५ | १४३० | १.८६ | ५६७ | १.५९ | ८६३ | २.१० |
| ३६ | १२०० | १.५६ | ४६६ | १.३१ | ७३४ | १.७९ |
| ३७ | ९७७ | १.२७ | ४२६ | १.१९ | ५५१ | १.३४ |
| ३८ | १२८७ | १.६८ | ५२९ | १.४८ | ७५८ | १.८५ |
| ३९ | १०१९ | १.३३ | ३९९ | १.१२ | ६२० | १.५१ |
| ४० | १५४६ | २.०२ | ६६६ | १.८७ | ८८० | २.१४ |
| ४१ | ८४६ | १.१० | ३७५ | १.०५ | ४७१ | १.१५ |
| ४२ | ११५० | १.५० | ५१३ | १.४४ | ६३७ | १.५५ |
| ४३ | ९३३ | १.२२ | ४३१ | १.२१ | ५०२ | १.२२ |
| ४४ | ८१४ | १.०६ | ३५४ | ०.९९ | ४६० | १.१२ |
| ४५ | १०१४ | १.३२ | ४७९ | १.३४ | ५३५ | १.३० |
| ४६ | ८५४ | १.११ | ४१२ | १.१५ | ४४२ | १.०८ |
| ४७ | ६१७ | ०.८० | २९५ | ०.८३ | ३२२ | ०.७८ |
| ४८ | ८३८ | १.०९ | ३७० | १.०४ | ४६८ | १.१४ |
| ४९ | ६६४ | ०.८७ | ३१८ | ०.८९ | ३४६ | ०.८४ |
| ५० | ११६५ | १.५२ | ५१२ | १.४४ | ६५३ | १.५९ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| ५१ | ६९० | ०.९० | ३३६ | ०.९४ | ३५४ | ०.८६ |
| ५२ | ७८५ | १.०२ | ३६६ | १.०३ | ४१९ | १.०२ |
| ५३ | ६९९ | ०.९१ | ३२२ | ०.९० | ३७७ | ०.९२ |
| ५४ | ६९६ | ०.९१ | ३४६ | ०.९७ | ३५० | ०.८५ |
| ५५ | ७६५ | १.०० | ३८३ | १.०७ | ३८२ | ०.९३ |
| ५६ | ५७२ | ०.७५ | २६४ | ०.७४ | ३०८ | ०.७५ |
| ५७ | ५०३ | ०.६६ | २४० | ०.६७ | २६३ | ०.६४ |
| ५८ | ६५३ | ०.८५ | २९१ | ०.८२ | ३६२ | ०.८८ |
| ५९ | ५०२ | ०.६५ | २३६ | ०.६६ | २६६ | ०.६५ |
| ६० | ८२७ | १.०८ | ३८२ | १.०७ | ४४५ | १.०८ |
| ६१ | ४१९ | ०.५५ | २०८ | ०.५८ | २११ | ०.५१ |
| ६२ | ५७४ | ०.७५ | २६० | ०.७३ | ३१४ | ०.७७ |
| ६३ | ४२१ | ०.५५ | १९१ | ०.५४ | २३० | ०.५६ |
| ६४ | ४१९ | ०.५५ | १८५ | ०.५२ | २३४ | ०.५७ |
| ६५ | ६३६ | ०.८३ | ३१२ | ०.८७ | ३२४ | ०.७९ |
| ६६ | ४०५ | ०.५३ | १८५ | ०.५२ | २२० | ०.५४ |
| ६७ | ३७० | ०.४८ | १७६ | ०.४९ | १९४ | ०.४७ |
| ६८ | ४४१ | ०.५७ | २१५ | ०.६० | २२६ | ०.५५ |
| ६९ | ३६९ | ०.४८ | १७५ | ०.४९ | १९४ | ०.४७ |
| ७० | ५२१ | ०.६८ | २४९ | ०.७० | २७२ | ०.६६ |
| ७१ | २८३ | ०.३७ | १४० | ०.३९ | १४३ | ०.३५ |
| ७२ | ३३२ | ०.४३ | १७६ | ०.४९ | १५६ | ०.३८ |
| ७३ | २५७ | ०.३४ | ११९ | ०.३३ | १३८ | ०.३४ |
| ७४ | २८३ | ०.३७ | १४३ | ०.४० | १४० | ०.३४ |
| ७५ | २९९ | ०.३९ | १४३ | ०.४० | १५६ | ०.३८ |
| ७६ | १७९ | ०.२३ | ९० | ०.२५ | ८९ | ०.२२ |
| ७७ | २१५ | ०.२८ | १२२ | ०.३४ | ९३ | ०.२३ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| ७८ | १६० | ०.२१ | ७२ | ०.२० | ८८ | ०.२१ |
| ७९ | ८५ | ०.११ | ४३ | ०.१२ | ४२ | ०.१० |
| ८० | १६८ | ०.२२ | ७४ | ०.२१ | ९४ | ०.२३ |
| ८१ | ७८ | ०.१० | ४४ | ०.१२ | ३४ | ०.०८ |
| ८२ | ९८ | ०.१३ | ४८ | ०.१३ | ५० | ०.१२ |
| ८३ | ७१ | ०.०९ | ३१ | ०.०९ | ४० | ०.१० |
| ८४ | ७८ | ०.१० | ३९ | ०.११ | ३९ | ०.१० |
| ८५ | ६१ | ०.०८ | ३७ | ०.१० | २४ | ०.०६ |
| ८६ | ४६ | ०.०६ | २१ | ०.०६ | २५ | ०.०६ |
| ८७ | २९ | ०.०४ | १४ | ०.०४ | १५ | ०.०४ |
| ८८ | ४२ | ०.०५ | १९ | ०.०५ | २३ | ०.०६ |
| ८९ | ३० | ०.०४ | १४ | ०.०४ | १६ | ०.०४ |
| ९० | २५ | ०.०३ | १२ | ०.०३ | १३ | ०.०३ |
| ९१ | १० | ०.०१ | ७ | ०.०२ | ३ | ०.०१ |
| ९२ | १८ | ०.०२ | ५ | ०.०१ | १३ | ०.०३ |
| ९३ | १० | ०.०१ | २ | ०.०१ | ८ | ०.०२ |
| ९४ | १३ | ०.०२ | ९ | ०.०३ | ४ | ०.०१ |
| ९५ | ९ | ०.०१ | ४ | ०.०१ | ५ | ०.०१ |
| ९६ | ८ | ०.०१ | ७ | ०.०२ | १ | ०.०० |
| ९७ | २ | ०.०० | १ | ०.०० | १ | ०.०० |
| ९८ | ८ | ०.०१ | ५ | ०.०१ | ३ | ०.०१ |
| ९९ | ५ | ०.०१ | १ | ०.०० | ४ | ०.०१ |
| १०० | ७ | ०.०१ | ३ | ०.०१ | ४ | ०.०१ |

## पाँच वर्ष उमेरसमूह अनुसार जनसंख्याको संरचना

नगरपालिकामा जनसंख्याको उमेरगत संरचनालाई ५ वर्षको उमेर समूहमा विभाजन गरी अध्ययन गर्दा १५ देखि १९ वर्ष उमेर समूहमा कुल जनसंख्याको सबैभन्दा बढी प्रतिशत (९.५६%) रहेको छ । जनसंख्या २० देखि २४ वर्षको ९.३८% रहेको छ । पुरुषको हकमा कुल पुरुष जनसंख्याको सबैभन्दा धेरै १५ देखि १९ वर्ष उमेर समूहको १०.३२% र महिलाको हकमा कुल महिला जनसंख्याको सबैभन्दा धेरै २० देखि २४ वर्षको ९.८२% रहेको छ । उमेर समूह बढ्दै जाँदा जनसंख्याको प्रतिशत पनि क्रमश कम हुदै गएको छ । नगरपालिका तथा वडागत रुपमा उमेर समूहअनुसारको जनसंख्या तलको तालिकामा विस्तृत रुपमा दिइएको छ ।

### नगरपालिकामा ५ वर्ष उमेरसमूह अनुसार जनसंख्या

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | |
| **जम्मा** | **७६,७०३** | **१००** | **३५,६७५** | **१००** | **४१,०२८** | **१००** | **८६.९५** |
| ००-०४ वर्ष | ५,८४४ | ७.६२ | ३,०३३ | ८.५ | २,८११ | ६.८५ | १०७.९ |
| ०५-०९ वर्ष | ६,६६४ | ८.६९ | ३,४७७ | ९.७५ | ३,१८७ | ७.७७ | १०९.१ |
| १०-१४ वर्ष | ६,५८४ | ८.५८ | ३,३७४ | ९.४६ | ३,२१० | ७.८२ | १०५.११ |
| १५-१९ वर्ष | ७,३३३ | ९.५६ | ३,६८२ | १०.३२ | ३,६५१ | ८.९ | १००.८५ |
| २०-२४ वर्ष | ७,१९४ | ९.३८ | ३,१६४ | ८.८७ | ४,०३० | ९.८२ | ७८.५१ |
| २५-२९ वर्ष | ६,४७१ | ८.४४ | २,५९४ | ७.२७ | ३,८७७ | ९.४५ | ६६.९१ |
| ३०-३४ वर्ष | ६,०८३ | ७.९३ | २,४७२ | ६.९३ | ३,६११ | ८.८ | ६८.४६ |
| ३५-३९ वर्ष | ५,९१३ | ७.७१ | २,३८७ | ६.६९ | ३,५२६ | ८.५९ | ६७.७ |
| ४०-४४ वर्ष | ५,२८९ | ६.९ | २,३३९ | ६.५६ | २,९५० | ७.१९ | ७९.२९ |
| ४५-४९ वर्ष | ३,९८७ | ५.२ | १,८७४ | ५.२५ | २,११३ | ५.१५ | ८८.६९ |
| ५०-५४ वर्ष | ४,०३५ | ५.२६ | १,८९२ | ५.३ | २,१४३ | ५.२२ | ८८.२९ |
| ५५-५९ वर्ष | २,९९५ | ३.९ | १,४१४ | ३.९६ | १,५८१ | ३.८५ | ८९.४४ |

| उमेर समूह | जम्मा | | पुरुष | | महिला | | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | |
| ६०-६४ वर्ष | २,६६० | ३.४७ | १,२२६ | ३.४४ | १,४३४ | ३.५ | ८५.५ |
| ६५-६९ वर्ष | २,२२१ | २.९ | १,०६३ | २.९८ | १,१५८ | २.८२ | ९१.८ |
| ७०-७४ वर्ष | १,६७६ | २.१९ | ८२७ | २.३२ | ८४९ | २.०७ | ९७.४१ |
| ७५-७९ वर्ष | ९३८ | १.२२ | ४७० | १.३२ | ४६८ | १.१४ | १००.४३ |
| ८०-८४ वर्ष | ४९३ | ०.६४ | २३६ | ०.६६ | २५७ | ०.६३ | ९१.८३ |
| ८५-८९ वर्ष | २०८ | ०.२७ | १०५ | ०.२९ | १०३ | ०.२५ | १०१.९४ |
| ९०-९४ वर्ष | ७६ | ०.१ | ३५ | ०.१ | ४१ | ०.१ | ८५.३७ |
| ९५+ वर्ष | ३९ | ०.०५ | २१ | ०.०६ | १८ | ०.०४ | ११६.६७ |

तल दिइएको जनसंख्या पिरामिड अनुसार ० देखि १९ वर्ष सम्म पुरुषको जनसंख्या क्रमश बढ्दै गएको देखिन्छ भने त्यसपछि क्रमश घट्दै गएको छ । महिला जनसंख्यालाई नियाल्दा ० देखि २४ वर्ष सम्म क्रमश वढ्दै गएको पाइन्छ भने त्यसपछि क्रमश घट्दै गएको छ ।० देखि १९ वर्ष सम्म पुरुषको जनसंख्या महिलाको जनसंख्या भन्दा बढि छ भने त्यसपछि पुरुषको जनसंख्या महिलाको जनसंख्या भन्दा कम छ । यसको अर्थ जन्मँदा पुरुषहरु बढि जन्मने र उमेर बढ्दै जाँदा अनुपस्थित जनसंख्या (विदेश, स्वदेश) मा पुरुषको संख्या बढि भएको कारणले २० वर्ष भन्दा माथि महिलाहरुको अक्सर बसोबास बढी रहेको देखिन्छ ।

नगरपालिकाको जनसंख्या पिरामिड




स्रोत:- राष्ट्रिय जनगणना २०७८

**अपाङ्गता सम्बन्धी विवरण**

राष्ट्रिय जनगणना वि.सं. २०७८ सालको नतिजाअनुसार यस नगरपालिकाको कुल जनसंख्याको २.६० प्रतिशत जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । कुल पुरुष जनसंख्याको २.९५ प्रतिशत र कुल महिला जनसंख्याको २.२९ प्रतिशतमा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ । अपाङ्गता भएका जनसंख्या १,९९२ मध्ये पुरुष १,०५१ (५२.७६%) र महिला ९४१ (४७.२४%) रहेका छन् । अपाङ्गता भएका व्यक्तिहरुमध्ये अधिकतम शारीरिक अपाङ्गता ३५.४४% रहेको छ । १८.२७% मा न्युनदृष्टियुक्त अपाङ्गता, ९.४४% बहुअपाङ्गता, ८.५८% बहिरोपन सम्बन्धी अपाङ्गता रहेको छ ।कुल अपाङ्ग पुरुष मध्ये शारीरिक अपाङ्गता भएका पुरुष ३९.११% रहेका छन् भने कुल अपाङ्ग महिला मध्ये शारीरिक अपाङ्गता भएका महिला ३१.३५% रहेका छन् । अपाङ्गता सम्बन्धी विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| जम्मा जनसंख्या | ७६,७०३ | १०० | ३५,६७५ | १०० | ४१,०२८ | १०० |
| अपाङ्गता नभएको | ७४,६९६ | ९७.३८ | ३४,६१८ | ९७.०४ | ४०,०७८ | ९७.६८ |
| उत्तर नलेखिएको | १५ | ०.०२ | ६ | ०.०२ | ९ | ०.०२ |
| अपाङ्गता भएको | १,९९२ | २.६ | १,०५१ | २.९५ | ९४१ | २.२९ |

**अपाङ्गताको प्रकार अनुसारको जनसंख्या**

| **अपाङ्गताको अवस्था** | **जम्मा** | | **पुरुष** | | **महिला** | |
|---|---|---|---|---|---|---|
| | **जनसंख्या** | **प्रतिशत** | **जनसंख्या** | **प्रतिशत** | **जनसंख्या** | **प्रतिशत** |
| शारीरिक अपाङ्गता | ७०६ | ३५.४४ | ४११ | ३९.११ | २९५ | ३१.३५ |
| न्यून दृष्टियुक्त | ३६४ | १८.२७ | १७४ | १६.५६ | १९० | २०.१९ |
| पूर्ण दृष्टिविहीन | ९४ | ४.७२ | ४८ | ४.५७ | ४६ | ४.८९ |
| बहिरोपन | १७१ | ८.५८ | ७९ | ७.५२ | ९२ | ९.७८ |
| सुस्तश्रवण | ११० | ५.५२ | ५१ | ४.८५ | ५९ | ६.२७ |

| अपाङ्गताको अवस्था | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| श्रवण दृष्टिविहीन | २५ | १.२६ | १२ | १.१४ | १३ | १.३८ |
| स्वर र बोलाइ | १६३ | ८.१८ | ९९ | ९.४२ | ६४ | ६.८ |
| मानसिक वा मनोसामाजिक | ८८ | ४.४२ | ३६ | ३.४३ | ५२ | ५.५३ |
| बौद्धिक अपाङ्गता | २६ | १.३१ | १३ | १.२४ | १३ | १.३८ |
| अनुवंशीय रक्तश्राव (हेमोफेलिया) | ४८ | २.४१ | २५ | २.३८ | २३ | २.४४ |
| अटिजम् | ९ | ०.४५ | ४ | ०.३८ | ५ | ०.५३ |
| बहुअपाङ्गता | १८८ | ९.४४ | ९९ | ९.४२ | ८९ | ९.४६ |
| **जम्मा** | **१,९९२** | **१००** | **१,०५१** | **१००.** | **९४१** | **१००.** |




स्रोतः- राष्ट्रिय जनगणना २०७८

**जातजातिको संख्या**

राष्ट्रिय जनगणना २०७८ अनुसार यस बर्दघाट नगरपालिकामो जातजातिको अवस्था हेर्दा प्रमुख १० वटा जातिले ८६% भन्दा बढी हिस्सा ओगटेको देखिन्छ । जसमा पहाडी ब्राह्मण २२.८५%, थारु १८.४३%, मगर, क्षेत्री, विश्वकर्मा, गुरुङ्ग, परिवार, नेवाः (नेवार), मसुलमान र चमार रहेका छन् । यसैगरी कम जनसंख्या हुने ५ जातिहरुमा किसान (१० जना), कुम्हार (१० जना), बरई (१२ जना), कानु (१४ जना) र थकाली (१५ जना) छन् । जातजातिको विस्तृत विवरण तलको तालिकामा दिइएको छ ।

| जातजातिको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| **जम्मा** | **७६७०३** | **१००** | **३५६७५** | **१००** | **४१०२८** | **१००** |
| पहाडी—ब्राह्मण | १७५२८ | २२.८५ | ८१४३ | २२.८३ | ९३८५ | २२.८७ |
| थारु | १४१३६ | १८.४३ | ६७४५ | १८.९१ | ७३९१ | १८.०१ |
| मगर | १२१७१ | १५.८७ | ५६५२ | १५.८४ | ६५१९ | १५.८९ |
| क्षेत्री | ७१०५ | ९.२६ | ३२४४ | ९.०९ | ३८६१ | ९.४१ |
| विश्वकर्मा | ६४०० | ८.३४ | २७९४ | ७.८३ | ३६०६ | ८.७९ |
| गुरुङ | २९७९ | ३.८८ | १३६० | ३.८१ | १६१९ | ३.९५ |
| परियार | १९८१ | २.५८ | ८८४ | २.४८ | १०९७ | २.६७ |
| (नेवाः) नेवार | १५२६ | १.९९ | ७०२ | १.९७ | ८२४ | २.०१ |
| मुसलमान | १४९३ | १.९५ | ७०३ | १.९७ | ७९० | १.९३ |
| चमार | ११८६ | १.५५ | ५९१ | १.६६ | ५९५ | १.४५ |
| **मुसहर** | **११००** | **१** | **५२४** | **१** | **५७६** | **१** |
| मिजार | १०६० | १.३८ | ४९७ | १.३९ | ५६३ | १.३७ |
| ठकुरी | १०२४ | १.३४ | ४६१ | १.२९ | ५६३ | १.३७ |
| **ब्राह्मण-तराइ** | **८४८** | **१** | **४१२** | **१** | **४३६** | **१** |
| कुमाल | ८४३ | १.१ | ३९४ | १.१ | ४४९ | १.०९ |
| तामाङ | ८३६ | १.०९ | ४०८ | १.१४ | ४२८ | १.०४ |
| **यादव** | **४५९** | **१** | **२२५** | **१** | **२३४** | **१** |
| सन्यासी | ३७८ | ०.४९ | १६४ | ०.४६ | २१४ | ०.५२ |
| सोनार | २९९ | ०.३९ | १३३ | ०.३७ | १६६ | ०.४ |
| **केवट** | **२९१** | **०** | **१४८** | **०** | **१४३** | **०** |
| कहर | २७८ | ०.३६ | १२९ | ०.३६ | १४९ | ०.३६ |
| विदेशी | २६९ | ०.३५ | १७३ | ०.४८ | ९६ | ०.२३ |
| **दुसाध** | **२२८** | **०** | **१०१** | **०** | **१२७** | **०** |
| सुनुवार | २२७ | ०.३ | ९९ | ०.२८ | १२८ | ०.३१ |
| तेली | २०० | ०.२६ | १०४ | ०.२९ | ९६ | ०.२३ |
| **हजाम** | **१३७** | **०** | **७३** | **०** | **६४** | **०** |
| विन | १३० | ०.१७ | ५५ | ०.१५ | ७५ | ०.१८ |

| जातजातिको नाम | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत | जनसंख्या | प्रतिशत |
| कलवार | ११७ | ०.१५ | ६१ | ०.१७ | ५६ | ०.१४ |
| **लोहार** | **१०८** | **०** | **४५** | **०** | **६३** | **०** |
| दराइ | ९७ | ०.१३ | ४६ | ०.१३ | ५१ | ०.१२ |
| राजभर | ९२ | ०.१२ | ४२ | ०.१२ | ५० | ०.१२ |
| **अन्य** | **८१** | **०** | **४१** | **०** | **४०** | **०** |
| कुर्मी | ८० | ०.१ | ४३ | ०.१२ | ३७ | ०.०९ |
| राजपुत | ७७ | ०.१ | ३४ | ०.१ | ४३ | ०.१ |
| **घर्ती** | **७६** | **०** | **४१** | **०** | **३५** | **०** |
| कथबनिया | ७५ | ०.१ | ३९ | ०.११ | ३६ | ०.०९ |
| राई | ६९ | ०.०९ | २९ | ०.०८ | ४० | ०.१ |
| **कुनियाँ** | **६२** | **०** | **३०** | **०** | **३२** | **०** |
| धन्कार/धरीकार | ५६ | ०.०७ | २४ | ०.०७ | ३२ | ०.०८ |
| मल्लाह | ५१ | ०.०७ | २४ | ०.०७ | २७ | ०.०७ |
| खवास | ४९ | ०.०६ | २३ | ०.०६ | २६ | ०.०६ |
| पत्थरकट/कुशवाडिया | ४८ | ०.०६ | २४ | ०.०७ | २४ | ०.०६ |
| बादी | ४६ | ०.०६ | २४ | ०.०७ | २२ | ०.०५ |
| कोइरी/कुसवाहा | ४३ | ०.०६ | २४ | ०.०७ | १९ | ०.०५ |
| कलुवाइ | ३७ | ०.०५ | १८ | ०.०५ | १९ | ०.०५ |
| छन्त्याल | ३७ | ०.०५ | १९ | ०.०५ | १८ | ०.०४ |
| राजवंशी | २९ | ०.०४ | १२ | ०.०३ | १७ | ०.०४ |
| चेपाङ/प्रजा | २९ | ०.०४ | ११ | ०.०३ | १८ | ०.०४ |
| धोबी | २८ | ०.०४ | १५ | ०.०४ | १३ | ०.०३ |
| डोम | २७ | ०.०४ | १३ | ०.०४ | १४ | ०.०३ |
| घले | २५ | ०.०३ | १३ | ०.०४ | १२ | ०.०३ |
| माझी | २४ | ०.०३ | ८ | ०.०२ | १६ | ०.०४ |
| बनियाँ | २४ | ०.०३ | १२ | ०.०३ | १२ | ०.०३ |
| लिम्बू | २२ | ०.०३ | ७ | ०.०२ | १५ | ०.०४ |
| माली | २१ | ०.०३ | ७ | ०.०२ | १४ | ०.०३ |
| थकाली | १५ | ०.०२ | ६ | ०.०२ | ९ | ०.०२ |
| कानू | १४ | ०.०२ | ७ | ०.०२ | ७ | ०.०२ |
| बरई | १२ | ०.०२ | ७ | ०.०२ | ५ | ०.०१ |
| कुम्हार | १० | ०.०१ | ५ | ०.०१ | ५ | ०.०१ |
| किसान | १० | ०.०१ | ३ | ०.०१ | ७ | ०.०२ |

स्रोतः- राष्ट्रिय जनगणना २०७८

**नगरपालिकामा रहेको प्रमुख १० जातजातिको विवरण (प्रतिशतमा)**




स्रोतः- राष्ट्रिय जनगणना २०७८

## बसाईसराई

### जन्मस्थानको आधारमा जनसंख्या

राष्ट्रिय जनगणना २०७८ अनुसार नगरपालिकाको जम्मा जनसंख्या ७६,७०३ मध्ये नेपालभित्र जन्मेका ९६.०५%, विदेशमा जन्मेका ३.८९% रहेका छन् । नेपाल भित्र जन्मेका मध्ये यहि नवलपरासी (ब.सु.प.) जिल्लाको यहि पालिका (बर्दघाट नगरपालिका) मा जन्मेका कुल जनसंख्याको ५२.२२%, यहि नवलपरासी (ब.सु.प.) जिल्लाको अर्को पालिकामा जन्मेका ६.८९% र नवलपरासी (ब.सु.प.) जिल्ला बाहेका अर्को जिल्लामा जन्मेका कुल जनसंख्याको ३३.९४% रहेको देखिन्छ ।लैङ्गिक रुपमा जन्मस्थान हेर्दा यहि पालिका (बर्दघाट नगरपालिका) मा जन्मेका पुरुष (६४.२४%) महिला (४७.३८%) भन्दा धेरै भएको देखिन्छ भने अर्को पालिकामा जन्मेका पुरुष (३.६१%) महिला (९.७४%) भन्दा कम भएको देखिन्छ । जन्मस्थानको आधारमा जनसंख्याको विस्तृत विवरण तल दिइएको छ ।

**नगरपालिकाको जन्मस्थानको आधारमा जनसंख्या**

| पुरुष/ महिला | जनसंख्या | नेपाल भित्र जन्मेको | यहि जिल्लामा जन्मेको | | | अर्को जिल्लामा जन्मेको | विदेशमा जन्मेको | जन्म स्थान नखुलेको |
|---|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | यहि पालिकामा जन्मेको | अर्को पालिकामा जन्मेको | | | |
| जम्मा | ७६,७०३ | ७३,६७७ | ४७,६४१ | ४२,३५७ | ५,२८४ | २६,०३६ | २,९८४ | ४२ |
| प्रतिशत | १०० | ९६.०५ | ६२.११ | ५५.२२ | ६.८९ | ३३.९४ | ३.८९ | ०.०५ |
| पुरुष | ३५,६७५ | ३४,५३७ | २४,२०७ | २२,९१९ | १,२८८ | १०,३३० | १,१२२ | १६ |
| प्रतिशत | १०० | ९६.८१ | ६७.८५ | ६४.२४ | ३.६१ | २८.९६ | ३.१५ | ०.०४ |
| महिला | ४१,०२८ | ३९,१४० | २३,४३४ | १९,४३८ | ३,९९६ | १५,७०६ | १,८६२ | २६ |
| प्रतिशत | १०० | ९५.४० | ५७.१२ | ४७.३८ | ९.७४ | ३८.२८ | ४.५४ | ०.०६ |

स्रोतः- राष्ट्रिय जनगणना २०७८

**नगरपालिकाको जन्मस्थानको आधारमा जनसंख्या (% मा)**




स्रोत:- राष्ट्रिय जनगणना २०७८

## १.१.३) सामाजिक तथा साँस्कृतिक अवस्थाको विश्लेषण

नेपाल भौगोलिक, सामाजिक, सांस्कृतिक,धार्मिक र भाषिक रूपमा निकै धनी र विविधतायुक्त देश हो। यहाँ फरक-फरक जातजाति, भाषा, धर्म र संस्कृति मान्ने मानिसहरूका आफ्नै परम्परा र मूल्यमान्यताहरू छन् । यो विविधताले एकातिर नेपाललाई संसारभरी एउटा छुट्टै पहिचान दिएको छ र नेपालीहरूलाई यसप्रति गर्व छ । तर अर्कोतिर, भाषा, जात र क्षेत्रका आधारमा लामो समयदेखि चल्दै आएको विभेद र असमानताका कारण कतिपय समुदायहरू अझै पनि विकासका अवसर र सुविधाहरू पाउनबाट वञ्चित छन् । जातजाति, भाषा र लिङ्गका आधारमा हुने यस्ता असमानता र वञ्चितीकरणलाई कम गर्न विभिन्न प्रयासहरू भएका छन् । गरिबी निवारण गर्ने तथा जोखिममा परेका बालबालिकाहरूलाई शिक्षाको पहुँचमा ल्याउने जस्ता केही सकारात्मक कामहरू भएका छन् । यसका साथै विभेद हटाउनका लागि आवश्यक कानुनहरू बनाइएका छन् र पछाडि पारिएका समुदायलाई लक्षित गरेर विकासका कार्यक्रमहरू चलाइएका छन् । राजनीतिक, प्रशासनिक र सार्वजनिक क्षेत्रका रोजगारीहरूमा आरक्षण र विशेष व्यवस्थाहरू पनि गरिएका छन् । यति धेरै प्रयासहरू हुँदाहुँदै पनि समाजको सोच र व्यवहारमा पूर्ण परिवर्तन आउन नसकेकाले कतिपय ठाउँ र समुदायमा अझै पनि विभेद पूर्ण रूपमा हट्न सकेको छैन ।

यो समस्यालाई हल गर्न सबैको विविधतालाई सम्मान गर्ने खालका शैक्षिक नीति र कार्यक्रमहरू बनाएर लागु गर्नुपर्छ । सबैलाई समेट्ने, समानता बढाउने र विभेद नहुने वातावरण बनाउन आवश्यक ठाउँमा विशेष व्यवस्थाहरू गरिनुपर्छ । नीति र रणनीतिहरू बनाउँदा सीमान्तकृत र जोखिममा परेका मानिसहरूसँग अर्थपूर्ण छलफल र उनीहरूको सहभागिता गराउनु एकदमै जरुरी हुन्छ। समाजमा समानता र समावेशिता फैलाउनुका साथै सामाजिक सद्भाव, धैर्यता र आपसी सहयोग पनि उत्तिकै आवश्यक छ । यसका लागि सामाजिक र सांस्कृतिक परम्पराका नाममा

हुने विभिन्न विभेद, अन्याय, अन्धविश्वास र नराम्रा चलनहरूविरुद्ध चेतना फैलाउन शिक्षाले महत्त्वपूर्ण भूमिका खेल्नुपर्ने देखिन्छ ।

**मातृभाषाको अवस्था**

राष्ट्रिय जनगणना २०७८ सालको नतिजा अनुसार नगरपालिकामा प्रमुख ५ मातृभाषाले ९७% भन्दा बढी हिस्सा ओगटेको देखिन्छ । जसमा नेपाली भाषा (६०.५५%), थारु भाषा (१८.३१%), मगर ढुट (९.४%), भोजपुरी (६.९९%) र गुरुङ्ग भाषा (२.३५%) रहेका छन् । यसैगरी कम जनसंख्याले बोलिने ५ मातृभाषामा राई (१० जना), लिम्बु (१० जना), छन्त्याल (१२ जना), चेपाङ्ग (१२ जना) र मगर खाम (१४ जना) रहेका छन् । मातृभाषा अनुसारको जनसंख्या तलको तालिकामा दिइएको छ ।

**नगरपालिकामा मातृभाषा अनुसारको जनसंख्या**

| मातृभाषा | जम्मा | | पुरुष | | महिला | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| **जम्मा** | **७६,७०३** | **१००** | **३५,६७५** | **१००** | **४१,०२८** | **१००** |
| नेपाली | ४६,४४३ | ६०.५५ | २१,२८९ | ५९.६७ | २५,१५४ | ६१.३१ |
| थारु | १४,०४४ | १८.३१ | ६,६७२ | १८.७० | ७,३७२ | १७.९७ |
| मगर ढुट | ७,२१० | ९.४० | ३,३३६ | ९.३५ | ३,८७४ | ९.४४ |
| भोजपुरी | ५,३६५ | ६.९९ | २,६३४ | ७.३८ | २,७३१ | ६.६६ |
| गुरुङ्ग | १,८०२ | २.३५ | ८३८ | २.३५ | ९६४ | २.३५ |
| नेवारी | ५७९ | ०.७५ | २६९ | ०.७५ | ३१० | ०.७६ |
| तामाङ | ५६० | ०.७३ | २७६ | ०.७७ | २८४ | ०.६९ |
| उर्दु | १५५ | ०.२० | ७६ | ०.२१ | ७९ | ०.१९ |
| हिन्दी | १०७ | ०.१४ | ६७ | ०.१९ | ४० | ०.१० |
| कुमाल | ७० | ०.०९ | ३५ | ०.१० | ३५ | ०.०९ |
| अन्य | ६२ | ०.०८ | ४० | ०.११ | २२ | ०.०५ |
| अवधी | ४७ | ०.०६ | २२ | ०.०६ | २५ | ०.०६ |
| मैथिली | ४४ | ०.०६ | २१ | ०.०६ | २३ | ०.०६ |
| संस्कृत | ३७ | ०.०५ | २० | ०.०६ | १७ | ०.०४ |
| मुसलमान | ३२ | ०.०४ | ९ | ०.०३ | २३ | ०.०६ |
| राजवंशी | २५ | ०.०३ | १० | ०.०३ | १५ | ०.०४ |
| दरई | २४ | ०.०३ | १३ | ०.०४ | ११ | ०.०३ |
| खस | २४ | ०.०३ | १४ | ०.०४ | १० | ०.०२ |
| घले | १५ | ०.०२ | ७ | ०.०२ | ८ | ०.०२ |
| मगर खाम | १४ | ०.०२ | ७ | ०.०२ | ७ | ०.०२ |
| चेपाङ्ग | १२ | ०.०२ | ३ | ०.०१ | ९ | ०.०२ |
१७.विद्यार्थीहरुमा बढ्दै गएको लागुपदार्थ दुर्व्यसनी, बालश्रम, आर्थिक विपन्नता तथा खुला सिमानाका कारण विद्यालय छाड्ने दर घटाउन,

१८.राम्रो स्वास्थ्य अवस्था र पोषण युक्त दिवाखाजा व्यवस्थापन गर्न,

१९.पढ्दै कमाउँदै जस्ता कार्यक्रमहरुको कार्यान्वयन गर्न,

२०.शैक्षिक क्षेत्रका यथार्थ तथ्यांक संकलन गर्न,

# परिच्छेद २
# दूरदृष्टि, उद्देश्य, रणनीति तथा लक्ष्य निर्धारण

## २.१ यस शिक्षा योजना निर्माण गर्दा लिएका आधारहरु

### क. नेपालको संविधानमा शिक्षा सम्बन्धी व्यवस्थाहरु

नेपालको संविधानले शिक्षा पाउने नागरिकको हकलाइ भाग ३ को मौलिक हक र कर्तव्य अन्तरगत धारा ३१ मा ५ वटा उपधारा सहित शिक्षाको हकलाई मार्ग निर्देश गरेको छ। जस अनुसार कायम गरिएका शिक्षाका मौलिक हकहरुलाई तपसिल अनुसार उल्लेख गरि स्पष्ट पारिएको छ ।

(१) प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ ।

(२) प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक हुनेछ ।

(३) अपाङ्गता भएका र आर्थिक रुपले विपन्न नागरिकलाइ कानुन बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक हुनेछ ।

(४) दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपाङ्गता भएका व्यक्तिलाई साङ्केतिक भाषाको माध्यमबाट कानुन बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ ।

(५) नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ ।

**धारा ५१ राज्यका नीतिः (ज) नागरिकका आधारभूत आवश्यकता सम्बन्धी नीतिः**

१. शिक्षालाई वैज्ञानिक, प्राविधिक, व्यावसायिक, सिपमूलक, रोजगारमूलक एवम् जनमुखी बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवम् राष्ट्रिय हितप्रति समर्पित जनशक्ति तयार गर्ने
२. शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै शिक्षामा भएको निजी क्षेत्रको लगानीलाई नियमन र व्यवस्थापन गरी सेवामूलक बनाउने
३. उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँचयोग्य बनाई क्रमशः निःशुल्क बनाउँदै लैजाने
४. नागरिकको व्यक्तित्व विकासका लागि सामुदायिक सूचना केन्द्र र पुस्तकालयको स्थापना र प्रवर्द्धन गर्ने

यसै गरी धारा ३८ को महिलाको हकसम्बन्धी उपधारा ५. धारा ३९ को बालबालिकाको हकसम्बन्धी उपधारा २. ३. ७ र ९, धारा ४० को दलितको हकसम्बन्धी उपधारा २. धारा ४२ को सामाजिक न्यायको हकसम्बन्धी उपधारा २ र ५ मा पनि लक्ष्यित समूहका लागि शिक्षासम्बन्धी विशेष व्यवस्था गरिएको छ।

**ख. स्थानीय सरकार सञ्चालन ऐनमा भएको शिक्षा सम्बन्धी व्यवस्था**

**आधारभूत र माध्यमिक शिक्षा**

१. प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभूत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षासम्बन्धी नीति, कानुन, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्यांकन र नियमन ।

२. सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालयहरूको स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन तथा नियमन ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्यांकन र नियमन ।

४. मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन ।

५. गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन ।

६. गाउँ तथा नगर शिक्षा समितिको गठन तथा व्यवस्थापन ।

७. विद्यालय व्यवस्थापन समितिको गठन तथा व्यवस्थापन ।

८. विद्यालयको नामाङ्कन (नामांकरण) ।

९. सामुदायिक विद्यालयहरूको स्वामित्व, सम्पत्तिको अभिलेख राख्ने, संरक्षण गर्ने र व्यवस्थापन गर्ने ।

१०. विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण ।

११. सामुदायिक विद्यालयमा शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान ।

१२. विद्यालयको नक्सांकन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन ।

१३. सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत, सञ्चालन तथा व्यवस्थापन ।

१४. आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन ।

१५. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण तथा व्यवस्थापन ।

१६. निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्ति व्यवस्थापन ।

१७. ट्युसन, कोचिङ जस्ता अध्यापन सेवाको अनुमति तथा नियमन ।

१८. स्थानीय तहको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन तथा स्तरीकरण ।

१९. स्थानीय पुस्तकालय तथा वाचनालयको सञ्चालन तथा व्यवस्थापन ।

२०. माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय तथा नियमन ।

२१. सामुदायिक विद्यालयलाई प्रदान गरिने अनुदान, बजेट व्यवस्थापन तथा विद्यालयको आय-व्ययमा लेखा अनुशासन कायम गर्न अनुगमन तथा नियमन ।

२२. शिक्षण—सिकाइ, शिक्षक तथा कर्मचारीको तालिम तथा क्षमता विकास ।

२३. अतिरिक्त शैक्षिक क्रियाकलापहरूको सञ्चालन ।

**दफा २४ योजना बनाई कार्यान्वयन गर्नेः**

१. नगरपालिका तथा नगरपालिकाले आफ्नो अधिकारक्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासलाई आवधिक, वार्षिक, रणनीतिगत विषयक्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाई ल गर्नुपर्ने छ।

२. योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रक्रियासँग अनुकूट हुने गरी सुशासन, वातावरण, बालमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपत् व्यवस्थापन, लैङ्गिक तथ सामाजिक समावेशीकरण जस्ता अन्तस्सम्बन्धित विषयलाई ध्यान दिनुपर्ने छ।

**योजना बनाउँदा देहायका विषयलाई प्राथमिकता दिनुपर्ने छः**

क. आर्थिक विकास तथा गरिबी निवारणमा प्रत्यक्ष योगदान पुग्ने ।

ख. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने ।

ग. जनताको जीवनस्तर, आम्दानी र रोजगार बढ्ने ।

घ. स्थानीय बासिन्दाहरूको सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने ।

ङ. स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने ।

च. महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने ।

छ. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने ।

ज. दिगो विकास, वातावरणीय सरक्षण तथा संवर्धन गर्न सघाउ पुर्‍याउने ।

झ. भाषिक तथा सास्कृतिक पक्षको जगेर्ना र सामाजिक सद्भाव तथा एकता अभिवृद्धिमा सघाउ पुऱ्याउने

**अनिवार्य तथा निःशुल्क शिक्षा ऐन, २०७५ र नियमावली, २०७७**

१. दफा ६ मा अनिवार्य शिक्षा प्रदान गर्नुपर्ने व्यवस्थाः स्थानीय तहमार्फत राज्यले चार वर्ष पूरा भई तेह्र वर्ष उमेर पूरा नभएका प्रत्येक बालबालिकालाई आधारभूत तहसम्म अनिवार्य शिक्षा प्रदान गर्ने व्यवस्था गर्नुपर्ने छ।

२. चार वर्ष उमेर पूरा भएपछि कम्तीमा एक वर्षको प्रारम्भिक बाल विकास तथा शिक्षा प्रदान गर्नुपर्ने छ।

**दफा १४ अनुसार आधारभूत तहसम्म वैकल्पिक शिक्षाको व्यवस्था गर्न सकिने।**

१. दफा १५ अनुसार माध्यमिक तहमा अनौपचारिक तथा खुला शिक्षा प्रदान गर्ने।

२. दफा १६ अनुसार परम्परागत शिक्षा प्रदान गर्न सकिने ।

३. दफा १७ मा प्राविधिक शिक्षासम्बन्धी व्यवस्था ।

४. दफा १८ मा अभिभावक नभएका बालबालिकाको शिक्षा ।

५. दफा २० माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने ।

६. पाठ्यपुस्तक उपलब्ध गराउने, शैक्षिक सामग्री प्रदान गर्ने, छात्रवृत्ति प्रदान गर्ने, स्वास्थ्य उपचारको प्रबन्ध, दिवा खाजाको व्यवस्था मिलाउने आदि व्यवस्था ।

७. साक्षरता कार्यक्रम सञ्चालन गर्नेः स्थानीय तहले निरक्षर नागरिकलाई साक्षर बनाउन आवश्यकताअनुसार (क) सामुदायिक सिकाई केन्द्र, (ख) आधारभूत प्रौढ शिक्षा, (ग) परम्परागत तथा अनौपचारिक शिक्षाका अन्य माध्यम। (नियम ३)

८. आर्थिक, भौगोलिक, शारीरिक वा मानसिक अवस्था वा अन्य कुनै प्रतिकूलताका कारण विद्यालय जान नसकेका बालबालिका, अभिभावकको पहिचान नभएका वा पत्ता नलागेका बालबालिकाका लागि आवास सुविधासहित अध्ययनको व्यवस्था मिलाउनु पर्छ। (नियम ४)

९. माध्यमिक तहसम्मको शिक्षामा शुल्क लिन नहुनेः (क) विद्यार्थी भर्ना शुल्क, (ख) मासिक पढाइ शुल्क,(ग) परीक्षा शुल्क, पाठ्यपुस्तक बापतको रकम।

१०.छात्रवृत्ति तथा विशेष व्यवस्था (बेल पाठ्यपुस्तक, साङ्केतिक भाषामा पाठ्य तथा सिकाइ सामग्री, सोधकक्षा, अशक्तको लागि घुम्ती शैक्षिक सेवा वा आवासीय सुविधासहितको विद्यालय शिक्षा, दिवा खाजा, विद्यालय पोसाक, शैक्षिक सामग्री आदि)। (नियम ६)

११.जनआन्दोलन, सशरण सद्व्यर्ष, क्रान्तिका क्रममा जीबन उत्सर्ग गर्ने सहिट, बेपत्ता पारिएका व्यक्ति, बन्द्र पीडित, पाइते तथा अपाङ्गता भएका व्यक्तिका छोराछोरीलाई आधारभूत तहसम्मको विद्यालय शिक्षामा दिवा खाजा, पोसाक तथा स्टेशनरी वापतको छात्रवृत्तिमा आवश्यकता र उपलब्धताको आधारमा विशेष अवसर प्रदान गर्ने छ।

## २.२ दूरदृष्टि

समतामुलक समावेशी, प्रविधिमैत्री, जीवनउपयोगी गुणस्तरीय शिक्षा, सिर्जनशील, सक्षम र सभ्य नागरिक निर्माण नगरको इच्छा ।

## २.३ लक्ष्य

बालमैत्री, प्रविधिमैत्री शैक्षिक वातावरणमा रोजगारमूलक र उत्पादनमुखी शिक्षा प्रदान गर्दै समाज अनुकुल दक्ष, आत्मनिर्भर जनशक्ति उत्पादन गर्ने ।

## २.४ उद्देश्य

१. प्रारम्भिक बालविकासमा सबै बालबालिकाको पहुँच सुनिश्चितता गर्दै बालमैत्री सिकाइ वातावरण तयार गर्ने ।

२. आधारभूत शिक्षामा समतामूलक पहुँच सुनिश्चित गर्दै जीवनोपयोगी अनिवार्य तथा निःशुल्क शिक्षाको प्रत्याभूति गराउने ।

३. माध्यमिक शिक्षाको गुणस्तर सुधार गर्दै सिर्जनशिलता, प्रतिस्पर्धी, सिपयुक्त एवं उत्पादनशील जनशक्ति तयार गर्ने ।

४. प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका अवसरहरूलाई विस्तार गरी समयानुकुल सिपयुक्त र जीवनउपयोगी शिक्षा प्राप्त जनशक्ति तयार पार्ने ।

५. औपचारीक तथा अनौपचारीक शिक्षाबीच अन्तरसम्बन्ध स्थापित गर्न परम्परागत शिक्षामा सबलिकरण गर्दै सामुदायिक सिकाइ केन्द्र मार्फत आजीवन सिकाइ तथा पठन संस्कृतिको विकास गरी राष्ट्रिय योग्यता प्रारुप प्रणालिको विकास गर्ने ।

६. सबै प्रकारका अपाङ्गता भएका बालबालिकाहरुका लागि शिक्षाको पहुँच सुनिश्चित गरी जीवनपर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवन यापन गर्न सक्षम बनाउने ।

७. शिक्षा क्षेत्रका जनशक्तिलाई उत्कृष्ट सिकाइ स्तर प्रदर्शन गर्न उनीहरूको पेसागत योग्यता, सक्षमता, इमान्दारिता, प्रतिबद्धता र जवाफदेहीता सुनिश्चित गर्ने ।

८. शिक्षाको क्षेत्रमा शैक्षिक शुसासन कायम गर्ने ।

९. सार्वजनिक तथा निजी शैक्षिक क्षेत्रका विद्यमान असल अभ्यासलाई आदानप्रदान गर्दै निजी लगानीका शिक्षण संस्थाहरूको नियमन एवम् सार्वजनिक शिक्षा प्रणालीको रुपान्तरणको लागि नविन सिकाइका अभ्यासहरुलाई सबलीकरण गर्ने ।

१०. राष्ट्रिय मापदण्ड अनुसार विद्यालयको वर्गिकरण, तह मिलान र समायोजन गरी ठुला विद्यालय निर्माण गर्दै उच्च शैक्षिक गुणस्तर कायम गर्ने ।

११. आधुनिक प्रविधिलाई शिक्षा प्रणालीमा एकिकरण गर्दै विद्यार्थीको सिकाइ र ज्ञानको क्षेत्रलाइ फराकिलो बनाउँदै सिकाइ स्तर अभिबृद्धि गर्ने ।

१२. विपद्को अवस्थामा पनि विद्यार्थीको सिकाइ सुनिश्चितता गर्न बैकल्पिक सिकाइका कार्यक्रम सञ्चालन गर्ने ।

## २.५ रणनीति

| उद्देश्य नं | क्र.सं. | रणनीतिहरू |
|---|---|---|
| १ | १.१ | प्रारम्भिक बालविकास तथा शिक्षा कार्यक्रमलाई पहिलो प्राथमिकतामा राखी विद्यालय शिक्षाको अभिन्न अंगको रूपमा विकास गरी यसलाई सबै बालबालिकाका निम्ति अनिवार्य गर्दै समतामुलक पहुँच कायम गरिनेछ। |
| | १.२ | नगरपालिका क्षेत्रभित्र नक्शांकन गरी बालविकास केन्द्रको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता गरिनेछ। |
| | १.३ | बालमैत्री वातावरणमा बालबालिकामा शिष्टाचार तथा सर्वाङ्गिण विकास गराइ सबै बालबालिकालाइ सुरक्षा पोषण र सरसफाइ सम्बन्धी बानिको विकास गरिनेछ । |
| | १.४ | प्रारम्भिक बालविकासमा मातृभाषामा सिकाइ क्रियाकलाप सञ्चालन तथा मनोरञ्जनात्मक अभ्यासबाट सिकाइ प्रक्रियामा उत्प्रेरणा सहित अभिप्रेरित हुने वातावरण तयार गरिनेछ । |
| २ | २.१ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको सुनिश्चितता गर्न नगर भित्रका सबै बालबालिकालाइ विद्यालय भर्ना गराइ अध्ययनमा निरन्तरता दिन र गुणस्तर अभिबृद्धि गर्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । |

| उद्देश्य नं | क्र.सं. | रणनीतिहरू |
|---|---|---|
| | २.२ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको लागि स्थानीय स्रोतसाधनको व्यवस्थापन तथा परिचालन गरी सबैको समतामुलक पहुँच कायम गरिनेछ । |
| | २.३ | अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षाको विकास तथा व्यवस्थापनका लागि सङ्घ तथा प्रदेशको सहयोगमा विद्यालयहरूको भौतिक, आर्थिक, शैक्षिक तथा मानवीय व्यवस्थापन गर्दै आधारभूत शिक्षाको गुणस्तरमा प्रवर्धन गरिनेछ। |
| ३ | ३.१ | निःशुल्क माध्यमिक शिक्षामा सहज पहुँच र समावेशी सहभागिता सुनिश्चित गर्न सङ्घ र प्रदेश सरकारसँगको समन्वयात्मक कार्यढाँचामा माध्यमिक विद्यालयहरूको क्षमता सुधार गरिनेछ। |
| | ३.२ | विद्यालयमा विषयगत शिक्षकको सुनिश्चितता गर्न दरबन्दी मिलान तथा विद्यालय समायोजन गर्दै आवश्यक विषयगत दरबन्दी व्यवस्थापन गरी शिक्षकको पेसागत विकास र सहयोग प्रणालीको आवश्यक संयन्त्रको निर्माण गरिनेछ । |
| | ३.३ | आधुनिक शिक्षण विधि र प्रविधिको प्रयोगमार्फत सृजनशिल, प्रतिस्पर्धी जनशक्ति उत्पादनको लागि अन्य साझेदार संस्थाहरुको सहयोग लिदैं विद्यालयको शैक्षिक क्षमता विकासमा विस्तार गरिनेछ । |
| | ३.४ | सरोकारवालाको अपनत्व सिर्जना, नेतृत्वको सबलीकरण, पेसागत नैतिकताको प्रवर्धन र लगानी अभिवृद्धिद्वारा सार्वजनिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्ने। |
| | ३.५ | प्राविधिक तथा व्यावसायिक शिक्षामा प्रयोगात्मक शैक्षिक वातावरण सुनिश्चित गर्दै सबैको पहुँच र समावेशी सहभागिता कायम राख्न माध्यमिक विद्यालयहरूको क्षमता सुधार गर्न आवश्यक समन्वय गरिनेछ । |
| ४ | ४.१ | प्राविधिक तथा व्यावसायिक शिक्षाको क्षेत्रमा लागत साझेदारीको सिद्धान्तका आधारमा नगरपालिकाद्वारा स्रोत परिचालन तथा व्यवस्थापन गरिनेछ । |
| | ४.२ | सिकाइलाई प्रविधिमैत्री, व्यावहारिक र नतिजामूलक बनाइन सूचना तथा सञ्चार प्रविधि र प्रयोगात्मक अभ्यासलाइ शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्गको रूपमा एकीकृत गर्दै लगिनेछ । |
| | ४.३ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिममा सबैको पहुँच सुनिश्चित गर्न विपन्न एवम् पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई समेट्न सहुलियत दिने नीति अवलम्बन गरिनेछ । |
| ५ | ५.१ | सामुदायिक सिकाइ केन्द्रहरूको कार्यक्षमतामा सुधार गरी साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरलाई पेसा एवम् व्यवसाय, सामाजिक जीवन र सहभागितासँग आबद्ध गर्दै लगिनेछ। |

| उद्देश्य नं | क्र.सं. | रणनीतिहरू |
|---|---|---|
| | ५.२ | सरोकारवालाहरुको सहयोगमा सामुदायिक सिकाइक सिकाइकेन्द्र मार्फत अनौपचारीक रुपमा प्राप्त गरेको ज्ञान र सिपलाइ प्रमाणिकरण र समकक्षता निर्धारण गर्ने आवश्यक व्यवस्था मिलाइनेछ । |
| ६ | ६.१ | अपाङ्गता भएका बालबालिकाहरूको समावेशीकरणको सिद्धान्तको आधारमा विशेष शिक्षा र समावेशी शिक्षाका माध्यमबाट शैक्षिक पहुँच कायम गरिनेछ । |
| | ६.२ | अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग गर्नका लागि आवश्यक सहयोग प्रणालीको विकास गरी लागु गरिनेछ। |
| ७ | ७.१ | शैक्षिक वर्षको कार्यसम्पादन मूल्याङ्कन र विद्यार्थीको नतिजामा उत्कृष्ट उपलब्धि हासिल गर्ने विद्यालय, शिक्षक तथा विद्यार्थीलाई प्रशंसा, पुरस्कार र सम्मानको व्यवस्था गरिनेछ । |
| | ७.२ | नेतृत्व प्रणालीमा सुधार, सूचना प्रविधिमा आधारित व्यवस्थापन, कार्यसम्पादनमा आधारित प्रोत्साहन र नतिजामा आधारित उत्तरदायित्व प्रणालीको विकास गरिनेछ। |
| | ७.३ | प्रविधिमैत्री सिप, नविनतम शिक्षण विधि र प्रयोगात्मक सिकाइ सम्बन्धी क्षमता विकासको अवसर प्रदान गरिनेछ । |
| ८ | ८.१ | विद्यालय शिक्षामा सुशासन प्रवर्द्धन गर्नका लागि विद्यालयको नेतृत्व प्रणालीमा सुधार गरी प्रशासनिक तथा आर्थिक गतिविधिमा पारदर्शिता तथा जवाफदेहीता कायम गर्दै IEMIS मार्फत विद्यालय तथ्यांक र दैनिक कार्य सम्पादन चुस्त दुरुस्त बनाउँदै लगिनेछ । |
| | ८.२ | सङ्घीय र प्रदेश कानुनसँग नबाझिने गरी शिक्षासम्बन्धी आवश्यक पर्ने नीति तथा कानुनको तर्जुमा गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । |
| ९ | ९.१ | उच्च शैक्षिक स्तर भएका सार्वजनिक तथा संस्थागत विद्यालयको अभ्यासको सिको गर्ने वातावरण तयार गरी शैक्षिक गुणस्तर सुधारका लागि नविनतम विधि तथा प्रविधिको उपयोग गरिनेछ । |
| | ९.२ | संस्थागत विद्यालयको नियमन गरी सरकारको निर्धारित मापदण्ड अनुसार सञ्चालन गराइनेछ । |
| १० | १०.१ | सामुदायिक तथा संस्थागत सबै विद्यालयको वर्गिकरण गरी विद्यालयको उपलब्धि स्तरको आधारमा सम्मानित हुने वातावरण तयार गरिनेछ । |
| | १०.२ | सामुदायिक विद्यालयलाइ विद्यार्थी संख्या,भौगोलिक अवस्था र आवश्यकताको आधारमा विद्यालयको तहमिलान तथा समायोजनको काम अगाडी बढाइनेछ । |

| उद्देश्य नं | क्र.सं. | रणनीतिहरू |
|---|---|---|
| | १०.३ | शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षण संस्थाहरूको अनुगमन, निरीक्षण तथा मूल्याङ्कन प्रणालीलाई प्रभावकारी बनाइनेछ । |
| | १०.३ | शैक्षिक गुणस्तर कायम गर्न विषयगत तथा कक्षागत शिक्षक व्यवस्थापन गरी शैक्षिक सामग्री, विषयगत ल्यावको प्रबन्ध सहित आधुनिक शिक्षण विधिहरुको प्रयोग गर्ने वातावरण मिलाइनेछ । |
| ११ | ११.१ | विद्यालयलाइ आधुनिक सूचना प्रविधि युक्त बनाइ सूचना प्रविधिमा सहज पहुँच राख्न सक्ने जनशक्ति तयार गर्दै विद्यार्थीको सिकाइ स्तर अभिबृद्धि गरिनेछ । |
| | ११.२ | युग सुहाउँदो जनशक्ति विकासको लागि ICT अनुकूलित वातावरण निर्माण गरी STEAM Pedagogy लाई शिक्षा प्रणालीको मेरुदण्डको रूपमा विकास गर्ने । |
| १२ | १२.१ | आपतकालीन तथा सङ्कटपूर्ण परिस्थितिमा पनि शैक्षिक गतिविधिलाई निरन्तरता दिनका लागि आवश्यक पर्ने संरचनागत, प्रविधिगत एवम् मानविय श्रोतको उचित किसिमबाट व्यवस्थापन गर्ने । |
| | १२.२ | विपतको अवस्थामा विद्यार्थीको सिकाइमा हुने क्षतिको मूल्यांकन गरी उपचारात्मक शिक्षणको लागि सिकाइ आपुरण तथा द्रुत सिकाइ योजना जस्ता कमजोर सिकाइ भएका विद्यार्थी लक्षित योजनाहरु कार्यान्वयन गरिनेछ । |

## २.६ अपेक्षित उपलब्धि

- सबै बालबालिकाहरूले गुणस्तरीय प्रारम्भिक बालविकास र शिक्षा पाउने अवसर सुनिश्चित गरिनेछ ।
- अनिवार्य र निःशुल्क आधारभूत शिक्षामा सबैको पहुँच पुऱ्याउँदै यसको गुणस्तरमा सुधार गरिनेछ ।
- माध्यमिक शिक्षालाई सबैको पहुँचमा पुऱ्याई यसलाई थप सान्दर्भिक र गुणस्तरीय बनाइनेछ ।
- सहरमा बस्ने सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र जीवनभर सिकाईका अवसरहरू उपलब्ध गराइनेछ ।
- शिक्षा प्रशासन र विद्यालयहरूमा सुशासन कायम गरी बालबालिकाको सिकाइप्रति जवाफदेही प्रणाली बनाइनेछ ।
- विद्यालयको निरीक्षण, अनुगमन र मूल्याङ्कन प्रक्रियालाई प्रभावकारी र नतिजामुखी तुल्याइनेछ ।
- निजी वा संस्थागत विद्यालयहरूको नियमनलाई थप न्यायसङ्गत र व्यवस्थित बनाइनेछ।
- राष्ट्रिय र स्थानीय आवश्यकता अनुसारका पाठ्यक्रमहरू प्रभावकारी रूपमा लागु गरिनेछ।
- शिक्षालाई जीवनोपयोगी, सिपमूलक र रोजगारमुखी बनाउँदै सकारात्मक सोच भएका नागरिक तयार गरिनेछ।

- विद्यार्थीको सिकाइ उपलब्धिलाई सुधार्न दक्ष र समर्पित विज्ञ शिक्षकहरूद्वारा शिक्षण क्रियाकलाप सञ्चालन गरिनेछ।
- विद्यालयमा विषयगत शिक्षकहरूको अभाव हुन नदिई उचित व्यवस्थापन गरिनेछ।
- कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र पेशागत विकासका लागि आवश्यक सहयोग उपलब्ध गराइनेछ ।
- अपाङ्गता भएका बालबालिकाका लागि विशेष र समावेशी शिक्षाको उचित अवसर प्रदान गरिनेछ।
- प्राविधिक तथा व्यावसायिक शिक्षामा इच्छुक सबै नागरिकको सहज पहुँच सुनिश्चित गरिनेछ।
- विद्यालयहरूको स्थापना र समायोजनलाई निश्चित मापदण्डका आधारमा व्यवस्थित गरिनेछ।
- विद्यार्थीहरूको स्वास्थ्य, पोषण र मनोसामाजिक अवस्थामा सुधार गरी सिकाइलाई प्रभावकारी बनाइनेछ।
- सबै विद्यार्थीका लागि सुरक्षित र उपयुक्त भौतिक वातावरण भएको विद्यालयको व्यवस्था गरिनेछ।
- संकट वा आपतकालीन समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकारलाई सुनिश्चित गरिनेछ।
- विद्यालयहरूमा इन्टरनेट र डिजिटल प्रविधिको विस्तार गरिनेछ, जसले गर्दा अप्ठ्यारो परिस्थितिमा पनि पढाइलाई प्रभावकारी र गुणस्तरीय बनाउन सकियोस्।
- शिक्षा क्षेत्रलाई उच्च प्राथमिकता दिइनेछ, जसले गर्दा पालिका र देशका उत्कृष्ट जनशक्तिहरू शिक्षण पेशा र शैक्षिक क्षेत्रमा रोजगारीका लागि आकर्षित हुनेछन्।
- विद्यार्थीको सिकाइ स्तर सुधार्न शिक्षक र अभिभावकबीच नियमित कुराकानी र बलियो सहकार्य गर्ने वातावरण बनाइनेछ ।
- साना बालबालिकाहरूका लागि (प्रारम्भिक कक्षाहरूमा) पढ्ने सीप र सिकाइको आधार बलियो बनाउने खालको उपयुक्त वातावरण तयार गरिनेछ।
- विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित (STEM) मा आधारित आधुनिक शिक्षण विधिलाई कक्षाकोठाको अभिन्न अङ्ग बनाइनेछ र यसका लागि शिक्षकहरूको क्षमता बढाइनेछ ।

## २.७ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षा | | | | | | | |
| १.१ | प्रारम्भिक बालविकास र शिक्षामा कुल भर्ना दर* (%) | स्थानीय | १२०.८ | ११५ | १०८ | १०१ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१ | | | १०० | | आ.स. २०८२।८३ |
| १.२ | प्रारम्भिक बालविकास र शिक्षाको अनुभव लिई कक्षा १ मा नयाँ भर्ना भएका बालबालिका* (%) | स्थानीय | ८२.९ | ८५ | ९० | १०० | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७७.५ | | | ९५.० | | आ. स. २०८२।८३ |
| २ | आधारभूत शिक्षा (कक्षा १ - ८) | | | | | | | |
| २.१ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको खुद प्रवेश दर (%) | स्थानीय | ९४.६ | ९८ | ९९ | १०० | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८७.७ | ९७.५ | ९९ | १०० | | आ. स. २०८२।८३ |
| २.२ | कक्षा १ मा नयाँ भर्ना भएका बालबालिकाको कुल प्रवेश दर (%) | स्थानीय | १२५.८ | ११५ | ११० | १०५ | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १२१.९ | ११५ | १०७ | १०५ | | |
| २.३ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा खुद भर्ना दर* (%) | स्थानीय | ९५.३ | ९७ | ९९ | १०० | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९७.९ | ९९ | ९९.५ | १०० | | आ. स. २०८२।८३- |

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | दि.वि.ल. (रा.समीक्षा) |
| २.४ | आधारभूत तह (प्राथमिक कक्षा १-५) मा कुल भर्ना दर* (%) | स्थानीय | १११.८ | १०८ | १०३ | १०१ | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ११९.२ | ११५ | | | | |
| २.५ | आधारभूत तहको कक्षा ५ सम्म टिकाउ दर* (%) | स्थानीय | ८९.१ | ९३ | ९७ | १०० | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३ | | | | | |
| २.६ | आधारभूत तह (प्राथमिक कक्षा ५) पूरा गर्ने दर* (%) | स्थानीय | ९१.२९ | ९४ | ९७ | ९९.७ | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ८५.८ | ९३.१ | ९५.५ | ९९.५ | | |
| २.७ | आधारभूत तहमा (प्राथमिक कक्षा १-५) मा भर्ना भएका ५-९ वर्ष उमेरभन्दा माथिका बालबालिका* (%) | स्थानीय | ३०.२७ | २५ | १८ | १० | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २२.२ | २० | १५ | १० | | |
| २.८ | आधारभूत तह (प्राथमिक कक्षा १-५) कुल भर्ना दरमा लैङ्गिक समता सूचाङ्क* | स्थानीय | ०.९ | १ | १ | १ | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १.०६ | | | १.०१ | | |
| २.९ | आधारभूत तह (कक्षा १-८) मा खुद भर्ना दर* (%) | स्थानीय | ९४.५ | ९६ | ९८ | १०० | | Flash २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ९३.४ | ९९ | | १०० | | |

| क्र. सं. | सूचक | सूचकको तह | आधार वर्ष २०८२ | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|
| २.१० | आधारभूत तह (कक्षा १-८) मा कुल भर्ना दर (%) | स्थानीय | १०९.५ | १०७ | १०५ | १०३ | | IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १३६.९ | | | | | आ. स. २०८२।८३ |
| २.११ | आधारभूत तहको कक्षा ८ सम्मको टिकाउ दर* (%) | स्थानीय | ८८ | ९० | ९६ | ९८.५ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७९.१ | | | ९५ | | आ. स. २०८२।८३ |
| २.१२ | आधारभूत तहको कक्षा १ मा भर्ना भई कक्षा ८ पूरा गर्ने दर*(%) | स्थानीय | ७७ | ८१ | ९० | ९६ | | IEMIS २०२४-२५ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ७२.७ | | | ९५ | | दि.वि.ल. |
| २.१३ | आधारभूत तह(कक्षा १-८) कुल भर्ना दरमा लैङ्गिक समता सूचक* | स्थानीय | ०.९१ | ०.९५ | ०.९७ | १ | १ | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्र्य | १.०२ | १.०१ | | | | आ. स. २०८२।८३ |

| क्र. स. | सूचक | | सूचकको तहको | आधार वर्ष २०८२ | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१४ | कक्षा ५ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ५ को आधारभूत तह हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | ९४.८ | ९५ | ९५.६ | ९६.६ | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४५ | ५२ | ६० | ७० | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गणित | स्थानीय | १४.५ | १५ | १५.५ | १६ | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २८.३ | ४० | ६० | ७० | | |
| | | अंग्रेजी | स्थानीय | १३.३६ | १४ | १६ | १७ | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | | | | | | |
| २.१५ | कक्षा ८ मा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका (कक्षा ८ को तह ३ हासिल भएका) बालबालिकाको सङ्ख्या (%) | नेपाली भाषा | स्थानीय | १४.६ | १५ | १५.५ | १६ | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ६८.५ | ७० | ७२ | ७५ | | |
| | | गणित | स्थानीय | ८४ | ८६ | ८८ | ९० | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५३.५ | ६० | ६५ | ७० | | |
| | | विज्ञान | स्थानीय | ८३.८६ | ८५ | ८७ | ९० | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.८ | ५० | ६० | ७० | | |

| क्र. स. | सूचक | सूचकको तह | | आधार वर्ष २०८२ | पहिलो वर्ष | तेस्रो वर्ष | पाँचौ वर्ष | सूचकको स्रोत | तथ्याङ्कको स्रोत |
|---|---|---|---|---|---|---|---|---|---|
| २.१६ | विद्यालय बाहिर रहेका बालबालिका* (%) | आधारभूत (कक्षा १-५) | स्थानीय | ०.०१ | ० | ० | ० | | सासिके प्रतिवेदन |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.९ | १ | ०.५ | ० | | |
| | | आधारभूत (कक्षा १-८) | स्थानीय | ०.५ | ०.३ | ०.२ | ० | | सासिके प्रतिवेदन |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | २.२ | | | 1 | | आ. स. २०८२।८३- दि.वि.ल. |
| २.१७ | आधारभूत तह (कक्षा १-८) अध्यापनरत कुल शिक्षक मध्ये महिला शिक्षकको सङ्ख्या* (%) | | स्थानीय | ५४ | | | | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ४३.७ | ४५ | ५० | ५० | | दि.वि.ल. |
| ३ | माध्यमिक शिक्षा (कक्षा ९-१२) | | | | | | | | |
| ३.१ | माध्यमिक तह (कक्षा ९-१२) मा खुद भर्ना दर* (%) | | स्थानीय | ६० | ६५ | ६८ | ७० | | IEMIS २०८२ |
| | | | प्रदेश | | | | | | |
| | | | राष्ट्रिय | ५१.६ | | | 65 | | आ. स. २०८२।८३ दि.वि.ल. |
| ३.२ | | | स्थानीय | ७०.५ | ८० | ९० | ९६ | | IEMIS २०८२ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | माध्यमिक तह (कक्षा ९-१२) मा कुल भर्ना दर* (%) | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.४ | | ९९ | | | दि.वि.ल. |
| ३.३ | माध्यमिक तहमा कुल भर्ना दरमा लैङ्गिक समता सूचक* (कक्षा ९-१२) | स्थानीय | | ०.९९ | १ | १ | १ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.०९ | १ | १ | १ | | आ. स. २०८२।८३ दि.वि.ल. |
| ३.४ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १० मा पुग्ने दर (%) | स्थानीय | | ६७.१ | ७२ | ७५ | ७७ | ८० | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ६०.३ | | | | | |
| ३.५ | कक्षा १ मा भर्ना भएका बालबालिका मध्ये कक्षा १२ मा पुग्ने दर (%) | स्थानीय | | ८२.५ | | | | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ४१ | | | | | आ. स. २०८२।८३ |
| ३.६ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत महिला शिक्षक सङ्ख्या* (%) | स्थानीय | | १२ | २० | २७ | ३३ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | २२.९ | २२ | २७ | ३३ | | आ. स. २०८२।८३ |
| ३.७ | माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत विद्यार्थी मध्ये विज्ञान र प्राविधिक तथा व्यावसायिक शिक्षा विषयमा भर्ना भएका विद्यार्थी सङ्ख्या* (%) | स्थानीय | विज्ञान | २.५ | ३ | ३.५ | ५ | | IEMIS २०८२ |
| | | | प्रा.व्या. | १.६ | २ | २.५ | ३ | | IEMIS २०८२ |
| | | प्रदेश | विज्ञान | | | | | | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | प्रा.व्या. | | | | | | |
| | | राष्ट्रिय | विज्ञान | | | १५ | | | |
| | | | प्रा.व्या. | १० | १७ | ३० | | | |
| ४ | जीवनपर्यन्त शिक्षा तथा सिकाइ र अनौपचारिक शिक्षा | | | | | | | | |
| ४.१ | साक्षरता दर (१५ वर्षभन्दा माथि) (%) | स्थानीय | | ७७.६ | ८५ | ८९ | ९२ | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ७१.२ | | | 95 | | आ.स. २०८२।८३ सोह्रौं योजना |
| ४.२ | साक्षरता दर (६ वर्ष भन्दा माथि) (%) | स्थानीय | | ८२.०५ | ८७ | ९५ | १०० | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ८२ | ८९ | | 95 | | दि.वि.ल. |
| ४.३ | साक्षरता दर (१५-२४ उमेर समूह) (%) | स्थानीय | | ९४.९८ | ९७ | ९९ | ९९.८ | | जनगणना २०७८ |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ९४.२ | | ९९ | | | सोह्रौं योजना |
| ४.४ | साक्षरता दरमा लैङ्गिक समता (पाँच वर्षभन्दा माथि) | स्थानीय | | ०.८५ | ०.९ | ०.९२ | ०.९५ | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ०.६५ | | | ०.८० | | |
| ५ | **प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकास तालिम** | | | | | | | | |
| ५.१ | प्राविधिक तथा व्यावसायिक सिप विकास तथा तालिम प्राप्त आर्थिकरूपले सक्रिय जनशक्ति * (%) | स्थानीय | | | | | | | |
| | | प्रदेश | | | | | | | |
| | | राष्ट्रिय | | ३१ | ४० | ५० | ७५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | सुशासन तथा व्यवस्थापन | | | | | | | |
| ६.१ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | १७:१ | २३:१ | २६:१ | ३०:१ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | २४:१ | ३०:१ | ३०:१ | | | पन्ध्रौं योजना |
| ६.२ | आधारभूत तह (कक्षा ६-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ४३:१ | ३५:१ | ३२:१ | ३०:१ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३०:१ | ३०:१ | ३०:१ | | | पन्ध्रौं योजना |
| ६.३ | आधारभूत तह (कक्षा १-८) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | २३:१ | २६:१ | २८:१ | ३०:१ | | IEMIS २०८२ |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ३३:१ | ३१:१ | ३०:१ | ३०:१ | | पन्ध्रौं योजना |
| ६.४ | माध्यमिक तह (कक्षा ९-१०) मा विद्यार्थी:शिक्षक अनुपात (सामुदायिक विद्यालय) | स्थानीय | ३२:१ | ३१:१ | ३०:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४०:१ | ३०:१ | ३०:१ | ३०:१ | | पन्ध्रौं योजना |
| ६.५ | माध्यमिक तह (कक्षा ९-१२) मा विद्यार्थी:शिक्षक अनुपात | स्थानीय | ३४:१ | ३२:१ | ३१:१ | ३०:१ | | |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | ४१:१ | ३५:१ | ३०:१ | ३०:१ | | पन्ध्रौं योजना |
| ७ | शिक्षामा लगानी | | | | | | | |
| ७.१ | कुल बजेटको शिक्षा क्षेत्रमा विनियोजित बजेट* (%) | स्थानीय | ६.५७ | ७ | ८.५ | १० | | नगरको आ.व. २०८२।८३ को वजेट । IEMIS |
| | | प्रदेश | | | | | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | राष्ट्रिय | १०.६८ | १५ | १७ | २० | | |
| ७.२ | माध्यमिक शिक्षा (कक्षा १-१२) मा प्रति विद्यार्थी सरकारी खर्च (रु. हजारमा) | स्थानीय | ८ | ८.५ | ९ | १० | | नगरको आ.व. २०८२।८३ को वजेट । IEMIS |
| | | प्रदेश | | | | | | |
| | | राष्ट्रिय | १३.४ | १५ | १७ | | | |

# परिच्छेद ३
# विद्यालय शिक्षा क्षेत्रका मुख्य उपक्षेत्र

## ३.१.१ प्रारम्भिक बालविकास र शिक्षा

नेपालको संविधान (धारा ३९, उपधारा ३) ले प्रत्येक बालबालिकालाई **प्रारम्भिक बालविकास तथा बाल सहभागिताको हक** सुनिश्चित गरेको छ। शिक्षा ऐनको नवौं संशोधनले पनि बालविकासलाई विद्यालय शिक्षाको अभिन्न अङ्गको रूपमा स्वीकार गरिसकेको छ। यसरी बालविकासलाई केवल एउटा कार्यक्रम मात्र नभई बालबालिकाको नैसर्गिक अधिकार र शिक्षाको बलियो आधारको रूपमा व्याख्या गरेको छ। यसलाई थप व्यवस्थित र गुणस्तरीय बनाउन नगरको शिक्षा योजनामा विभिन्न कार्यक्रमहरु समावेश गरिएको छ ।

## ३.१.२ वर्तमान अवस्था

बर्दघाट नगरपालिकामा हाल कुल ७२ वटा प्रारम्भिक बालविकास केन्द्रहरू सञ्चालनमा छन्, जसमध्ये ४५ वटा सामुदायिक र २७ वटा संस्थागत (निजी) विद्यालयतर्फ रहेका छन्। यी केन्द्रहरूमा कुल ३,९४९ जना बालबालिका अध्ययनरत छन्, जसमा २,०७३ जना छात्र र १,८७१ जना छात्रा रहेका छन्। सामुदायिक केन्द्रहरूमा १,३९८ जना र संस्थागत केन्द्रहरूमा २,५५१ जना बालबालिका पढ्छन्। यस उमेर समूहको अनुमानित कुल जनसंख्याको तुलनामा यहाँको सहजै देखिने भर्नादर १२०.८ प्रतिशत रहेको छ, जसले बालविकासमा बालबालिकाको पहुँच बलियो रहेको देखाउँछ।

बालविकासको अनुभव लिएर कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको भर्नादर ८२.९ प्रतिशत रहेको छ। प्रारम्भिक बालविकास केन्द्रमा सिकेर कक्षा १ मा भर्ना भएका बालबालिकाहरूको सिकाइ स्तर र कक्षाकोठामा घुलमिल हुन सक्ने क्षमता अन्य बालबालिकाको तुलनामा निकै राम्रो पाइएको छ। यस सकारात्मक नतिजाले बर्दघाट नगरपालिकामा सञ्चालित बालविकास कार्यक्रमको सान्दर्भिकता र प्रभावकारितालाई स्पष्ट रूपमा पुष्टि गर्दछ।

समावेशी पहुँचको दृष्टिकोणले कुल विद्यालय शिक्षामा भर्ना भएका बालबालिकाहरूमध्ये दलित बालबालिकाको संख्या ३,६७७ (१९.६ प्रतिशत) र जनजाति बालबालिकाको संख्या ७,५८४ (४०.५ प्रतिशत) रहेको छ। बालविकास केन्द्रकै तथ्याङ्क हेर्दा कुल ७८९ जना दलित र ४१ जना अपाङ्गता भएका बालबालिका अध्ययनरत छन्। तथ्याङ्कले समावेशी सहभागिता बढ्दो क्रममा रहेको देखाए पनि जनसंख्याको अनुपात अनुसार अझै सुधार गर्नुपर्ने देखिन्छ। विशेषगरी अपाङ्गता भएका बालबालिकाका लागि सहायक सामग्री, पहुँचयोग्य भौतिक संरचना र प्रशिक्षित जनशक्तिको व्यवस्थापनमा सुदृढिकरण आवश्यक छ।

**प्रारम्भिक बालविकास र शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा बालविकास | | जम्मा बालबालिका | | | दलित बालबालिका | | | अपाङ्गता भएका बालबालिका | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ४५ | ६९१ | ७०७ | १३९८ | १६१ | १८७ | ३४८ | १८ | ११ | २९ |
| संस्थागत | २७ | १३८२ | ११६४ | २५५१ | २६१ | १८० | ४४१ | ८ | ४ | १२ |
| जम्मा | | २०७३ | १८७१ | ३९४९ | ४२२ | ३६७ | ७८९ | २६ | १५ | ४१ |

बालबालिकाको नैसर्गिक अधिकार र सर्वाङ्गीण विकासको आधार मान्दै यसलाई विद्यालय शिक्षासँग अनिवार्य रूपमा एकीकृत गर्ने नीति लिएको छ। यद्यपि, हालसम्म धेरै केन्द्रहरूमा बालमैत्री वातावरण, खेल सामग्री, श्रव्य-दृश्य सामग्री र सुरक्षित कक्षाकोठा जस्ता न्यूनतम सक्षमता मापदण्डहरू पूर्ण रूपमा लागू हुन सकेका छैनन्। हाल यी मापदण्ड पूरा भएका केन्द्रहरू सीमित रहेकाले, पहुँच राम्रो भए पनि गुणस्तर र न्यूनतम सुविधा सुनिश्चित गर्न नगरपालिकाले भौतिक पूर्वाधार स्तरोन्नति, थप लगानी र रणनीतिक अनुगमन बढाउनु पर्ने देखिन्छ।

### ३.१.३ उद्देश्यहरू

यस कार्यक्रमका मुख्य उद्धेश्यहरु निम्न बमोजिम रहेका छन्:

क) सबै जाति, वर्ग वा शारीरिक अवस्थाको भेदभाव नगरी सबै बालबालिकाको पहुँच पुग्ने गरी गुणस्तरयुक्त प्रारम्भिक शिक्षा प्रदान गर्नु ।

ख) बालबालिकाको चौतर्फी विकास (शारीरिक, मानसिक र सामाजिक) लाई सुनिश्चित गर्न प्रारम्भिक बालविकासमा अभिभावक र समुदायको सहभागिता र स्वामित्व बढाउनु ।

ग) बालविकास केन्द्रहरूलाई बालबालिकाका लागि रमाइलो, सुरक्षित र बालमैत्री (खेल्न र सिक्न उपयुक्त) स्थानको रूपमा विकास गर्नु ।

## ३.१.४ रणनीतिहरू

निर्धारीत उद्धेश्य हासिल गर्नका लागि चालिने रणनीतिहरु यस प्रकार छन्:

- गुणस्तरीय प्रारम्भिक बालविकास शिक्षा प्रदान गर्ने शिक्षकको योग्यता, दक्षता र क्षमता अभिबृद्धि गरिनेछ ।
- संघीय सरकारले तोकेको मापदण्ड अनुसार बालशिक्षा कार्यक्रम सञ्चालन गर्दै यसलाई विद्यालय शिक्षाकै एक महत्त्वपूर्ण अङ्गको रूपमा विकास गरिनेछ ।
- प्रारम्भिक बालविकास केन्द्रलाइ आवश्यक स्थानमा व्यवस्थापन गरी आवश्यक नभएको स्थानको गाभिदै लगिनेछ ।

- विपन्न, दलित, सीमान्तकृत र अपाङ्गता भएका बालबालिकाका लागि 'निःशुल्क भर्ना अभियान' चलाइनेछ । साथै, विकट ठाउँमा बस्ने र लोपोन्मुख समुदायका बालबालिकाका लागि विशेष नमूना कार्यक्रमहरू ल्याइनेछ ।
- बालबालिकाको सिकाइलाइ सहज बनाउन मातृभाषामा सिकाइ सहजिकरण हुने वातावरण मिलाइनेछ ।
- पाठ्यक्रमलाई समय र स्थानीय आवश्यकता अनुसार परिमार्जन गर्ने र सिकाई विधिलाई बालमैत्री बनाइनेछ ।
- बालमैत्री तथा सिकाइमैत्री कक्षाकोठा वातावरण विकास गरिनेछ ।
- कार्यक्रम सफल बनाउन परिवार, समुदाय, गैरसरकारी संस्था र निजी क्षेत्र सबैलाई जिम्मेवार बनाउने र लगानीमा साझेदारी बढाइनेछ ।
- बालविकास केन्द्रमा कार्यरत शिक्षक तथा कर्मचारीहरूको क्षमता बढाउन तालिम र वृत्ति विकासका कार्यक्रमहरू गरिनेछ ।
- स्थानीय तहको आवश्यकता अनुसार काम भइरहेको छ कि छैन भनेर हेर्नका लागि अधिकारसम्पन्न नियमित अनुगमन तथा मूल्यांकन संयन्त्र बनाइनेछ ।
- भौगोलिक विकटता र अपाङ्गता भएका बालबालिकाका समस्यालाई सम्बोधन गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।
- अभिभावक शिक्षा कार्यक्रमलाइ व्यवस्थित र प्रभावकारी बनाउँदै विद्यालय व्यवस्थापन समिति शिक्षक अभिभावक संघ र टोलविकास समितिको सक्रियता बढाइनेछ ।

### ३.१.५ उपलब्धि, प्रमुख क्रियाकलाप र लक्ष्य निर्धारण

**क) अपेक्षित उपलब्धि**

बर्दघाट नगरपालिकाभित्रका सम्पूर्ण बालबालिकाका लागि गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षामा सहज र समावेशी पहुँच पुगेको हुनेछ । यस योजना अन्तर्गत लक्षित उमेर समूहका प्रत्येक बालबालिकाले कम्तीमा एक वर्षको पूर्व-प्राथमिक शिक्षा अनिवार्य रूपमा प्राप्त गर्ने सुनिश्चितता गरिनेछ। प्रारम्भिक बालविकास तथा शिक्षाको अनुभव सहित कक्षा १ मा प्रवेश गर्ने बालबालिकाको संख्या सतप्रतिशत हुनेछ ।

**ख) नतिजा र परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकासमा कुल भर्ना सङ्ख्या | १३४८ | १४०० | १५०० | १६०० | १८०० | २००० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | न्यूनतम मापदण्ड पूरा गरेका बालविकास केन्द्रको सङ्ख्या | ३५ | ४० | सबै | सबै | सबै | सबै |
| ३ | प्रारम्भिक बालविकासको खुद भर्नादर | ८६.२ | ८८ | ९० | ९४ | ९६ | ९९ |
| ४ | प्रारम्भिक बालविकासको कुल भर्नादर | १२०.८ | ११५ | ११० | १०८ | १०६ | १०४ |
| ५ | प्रारम्भिक बालविकासको अनुभब सहित कक्षा १ मा भर्ना हुनेदर | ८२.९ | ८८ | ९० | ९५ | ९८ | १०० |
| ६ | बालविकास केन्द्रका तालिम प्राप्त सहज कर्ताको संख्या | ३५ | ४० | ४५ | सबै | सबै | सबै |

## क) प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा | |
| १ | बालविकास केन्द्रको पुनर संरचना | पटक | | १ | | | १ | २ | |
| २ | बालविकास केन्द्रको स्तरोन्नतिका लागि बजेट व्यवस्थापन र भौतिक सुधार कार्य गर्न बजेट व्यवस्था गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| ३ | ईसीडी सहजकर्ताको प्रविधिमैत्री क्षमता विकासका लागि तालिमका अवसर । | पटक | १ | | १ | | १ | ३ | |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ४ | निजी क्षेत्र र समुदायहरूमध्ये समेत साझेदारीमा बालमैत्री खेलमैदान निर्माण, सिकाइ क्षेत्र, घेराबारको निर्माण तथा बाहिरी सिकाइ तथा खेल सामग्री व्यवस्थापन गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ५ | शिक्षण सामग्री, खेलौना सामग्री, मर्मत तथा प्रारम्भिक बालविकास शिक्षामा समन्वय, सहयोग, सहकार्य तथा लगानी प्रवद्र्धन गर्ने। | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | हरेक वर्ष | |
| ६ | कक्षा १ मा भर्ना हुनका लागि बालविकास शिक्षाको अनुभवलाई अनिवार्य गरिने। | वर्ष | १ | १ | १ | १ | १ | हरेक वर्ष | |
| ७ | समुदायमा रहेका अपाङ्गता भएका बालबालिकाहरूका लागि आधारभूत आवश्यकता पूरा गर्ने गरी स्थानीय तहले छुट्टै कक्षा सञ्चालन गरी अभिभावकसँगै जिम्मेवारी निर्वाह गर्नु पर्ने । | वटा | १ | १ | १ | १ | १ | नगर भित्र १ वटा | |
| ८ | घरमै र शिक्षा क्षेत्रका माध्यमबाट अभिभावकलाई जिम्मेवार बनाई बालमैत्री वातावरणमा सिकाउने बनाउन अभिभावकलाई अभिप्रेरित गर्ने। | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |
| ९ | ईसीडीमा कार्यरत सहजकर्ताको पारिश्रमिक तथा सेवा सुविधा थप । | जना | ४५ | ४५ | ४५ | ४५ | ४५ | ४५ | थप |
| १० | अनुगमन तथा मूल्यांकन । | पटक | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | | |

## ३.२ आधारभूत शिक्षा

नेपालमा आधारभूत शिक्षालाई हरेक नागरिकको नैसर्गिक अधिकारको रूपमा स्थापित गरिएको छ । नेपालको संविधानको धारा ३१ मा आधारभूत तह (कक्षा ८ सम्म) को शिक्षा अनिवार्य र निःशुल्क हुने व्यवस्था छ । राज्यको मुख्य दायित्व सबै बालबालिकालाई बिना भेदभाव समान, समावेशी र गुणस्तरयुक्त शिक्षा प्रदान गर्नुहो । आधारभूत शिक्षालाई जीवनोपयोगी र सिपमूलक बनाउन जोड दिदै बालबालिकालाई विद्यालय भर्ना गराउने मात्र नभई उनीहरूको नियमितता र सिकाई उपलब्धि सुनिश्चित गर्नुपर्छ । अनिवार्य तथा निःशुल्क शिक्षा ऐनले शिक्षाको ग्यारेन्टी गर्दै आफ्ना बालबालिकालाई विद्यालय पठाउनु अभिभावकको कर्तव्य हुनेछ भने विद्यालयका लागि आवश्यक भौतिक पूर्वाधार, दक्ष शिक्षक र शैक्षिक स्रोत-साधनहरू जुटाउनु राज्यको कानुनी

जिम्मेवारी हो । यसले एकातिर नागरिकलाई शिक्षाको ग्यारेन्टी दिएको छ भने अर्कोतिर राज्य र अभिभावकलाई आ-आफ्नो भूमिकामा जिम्मेवार बनाएको छ ।

### ३.२.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाका सामुदायिक विद्यालयहरूमा आधारभूत शिक्षाको पहुँच र मौजुदा जनशक्तिको अवस्था सन्तोषजनक देखिन्छ। हाल यस नगरपालिकाका सामुदायिक विद्यालयहरूमा कुल ४,६२१ जना विद्यार्थीहरू अध्ययनरत छन् भने संघीय अनुदानसहित स्वीकृत शिक्षक दरबन्दी संख्या २१७ रहेको छ। यस तथ्याङ्कका आधारमा शिक्षक—विद्यार्थी अनुपात १:२१ कायम हुन आएको छ, जसलाई शिक्षण सिकाइका लागि अनुकूल मान्न सकिन्छ। नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत दुवै प्रकृतिका विद्यालयहरूमा समावेशी शिक्षाको अभ्यासलाई प्राथमिकता दिइएको छ, जसअन्तर्गत आधारभूत तहमा कुल २,२३५ जना दलित, ४,४३८ जना जनजाति र ३८ जना अपाङ्गता भएका बालबालिकाहरू भर्ना भई अध्ययन गरिरहेका छन्।

यद्यपि, वर्तमान परिस्थिति अनुरूप विद्यालयहरूमा बालमैत्री तथा प्रविधिमैत्री शिक्षण सिकाइ वातावरण तयार गरी गुणस्तरीय शिक्षा र पूर्ण समावेशीता सुनिश्चित गर्न अझै पनि ठूला चुनौतीहरू संघर्षरत छन्। बालबालिकाहरूको सिकाइ उपलब्धिमा ठोस सुधार ल्याउनका लागि परम्परागत शिक्षण विधि तथा पद्धतिमा समयानुकूल परिवर्तन गर्नुपर्ने टड्कारो आवश्यकता देखिन्छ। यसका लागि शिक्षकहरूको प्राविधिक क्षमता विकास गर्नु अपरिहार्य छ। शिक्षकहरूलाई आधुनिक सूचना तथा सञ्चार प्रविधिसँग सम्बन्धित विशिष्ट तालिमहरू प्रदान गरी प्रविधिमैत्री बनाउन सकेमा मात्र गुणस्तरीय शिक्षाको लक्ष्य हासिल गर्न सकिने र सिकाइ वातावरणलाई थप प्रभावकारी बनाउन सकिने देखिन्छ।

अर्कोतर्फ, नगरपालिकाभित्र सञ्चालित संस्थागत (निजी) विद्यालयहरूको शैक्षिक अवस्था र पूर्वाधारमा पनि केही फरक दृश्यहरू देखा पर्दछन्। बर्दघाटमा रहेका २२ वटा संस्थागत विद्यालयहरूमा आधारभूत तहमा ६,१९८ जना विद्यार्थीहरू अध्ययनरत छन्, जसमध्ये दलित ९५७ जना, जनजाति २,३०३ जना र अपाङ्गता भएका बालबालिकाको संख्या १३ रहेको छ। यी विद्यालयहरूमा विद्यार्थीको चाप उच्च रहे तापनि केही संस्थागत विद्यालयहरूमा अझै पनि आवश्यक भौतिक तथा प्राविधिक पूर्वाधारहरूको अभाव छ। विशेष गरी पर्याप्त कक्षा कोठा, बालमैत्री तथा लैङ्गिकमैत्री शौचालय, स्वच्छ खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधिका आधुनिक साधनहरूको उपलब्धता केही विद्यालयमा न्यून रहेकाले यस तर्फ अविलम्ब सुधार गर्नुपर्ने देखिन्छ।

**आधारभुत शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ३५ | २२७८ | २४४० | ४७१८ | ६२८ | ६५० | १२७८ | १७ | ८ | २५ |
| संस्थागत | २२ | ३४३८ | २७६० | ६१९८ | ५३५ | ४०४ | ९३९ | १० | ३ | १३ |
| जम्मा | ५७ | ५७१६ | ५२०० | १०९१६ | ११६३ | १०५४ | २२१७ | २७ | ११ | ३८ |

बर्दघाट नगरपालिकाले आधारभूत शिक्षालाई समतामूलक, पहुँचयोग्य, बालमैत्री तथा प्रविधिमैत्री बनाउँदै गुणस्तर अभिवृद्धि गर्ने नीति अवलम्बन गरेको छ। यसै नीतिअनुसार विद्यालय बाहिर रहेका बालबालिकाहरूको पहिचान गरी उनीहरूलाई भर्ना गराउन र कम्तीमा आधारभूत शिक्षा अनिवार्य रूपमा पूरा गराउने उद्देश्यका साथ सामुदायिक सिकाइ केन्द्रमार्फत कार्यहरू अगाडि बढाइएको छ। यद्यपि, सामुदायिक विद्यालयहरूमा अझै पनि विषयगत शिक्षकको अभाव, परम्परागत शिक्षण पद्धति र सीमित सिकाइ सामग्री जस्ता विद्यमान समस्याहरूले गर्दा शिक्षाको गुणस्तर सुधारमा चुनौती भने कायमै देखिन्छ।

## ३.२.२ उद्धेश्य

क) आधारभूत शिक्षालाई सबै बालबालिकाको पहुँचमा समान अवसर प्रदान गर्दै पूर्ण रूपमा निःशुल्क तथा अनिवार्य गर्नु ।

ख) बालबालिकाको सिकाई स्तर बढाउने र समग्र शिक्षा प्रणालीको गुणस्तरलाई सुदृण गर्नु।

ग) विद्यालयको भौतिक पूर्वाधार र सिकाइ वातावरण बालमैत्री, प्रविधिमैत्री तथा सुरक्षित गर्नु।

## ३.२.३ रणनीति

- कोही पनि बालबालिका शिक्षाको अवसरबाट वञ्चित नहुन भन्नका लागि विशेष भर्ना कार्यक्रम र बीचैमा विद्यालय छोडेकाहरूलाई पुनः विद्यालय फर्काउने (पुनःभर्ना) अभियान चलाइनेछ ।
- विद्यालय जाने उमेरका तर विद्यालय बाहिर रहेका बालबालिकाहरूको सही विवरण खोजेर उनीहरूलाई शिक्षाको मूलधारमा ल्याउने व्यवस्था मिलाइनेछ ।
- अनिवार्य र निःशुल्क आधारभूत शिक्षालाई व्यवहारमा लागु गर्न आवश्यक पर्ने स्थानीय ऐन, नियम र काम गर्ने कार्यविधि तयार गरिनेछ ।
- निःशुल्क शिक्षाको लक्ष्य पूरा गर्नका लागि आवश्यक पर्ने बजेट (आर्थिक स्रोत) र अन्य आवश्यक साधनहरूको सुनिश्चितता गरिनेछ ।

- विद्यालयहरूको दूरी र आवश्यकता हेरी विद्यालय पुनर्वितरण र समायोजन गर्ने ताकि सबैको पहुँच सन्तुलित गर्न सकियोस ।
- खानेपानी, शौचालय र सरसफाइ जस्ता न्यूनतम भौतिक सुविधाहरू सुनिश्चित गरी विद्यालयलाई बालमैत्री र सुरक्षित बनाइनेछ ।
- शिक्षकहरूको दरबन्दी मिलान गरिनेछ बनाइनेछ ।
- परम्परागत शिक्षण शैलीलाई बदलेर सक्रिय सिकाइ क्रियाकलापमा आधारित विद्यार्थी केन्द्रित र व्यावहारिक सिकाई पद्धति लागु गरिनेछ ।
- शिक्षकहरूको क्षमता विकासका लागि तालिम र प्रोत्साहनका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- कक्षा ५ सम्मको सिकाइलाइ सुधार गर्न निरन्तर मूल्याङ्कनको प्रभावकारी कार्यान्वयनमा विशेष प्राथमिकता दिइनेछ ।
- परीक्षालाई मूल्यांकनको साधनको रुपमा मात्र नभई सिकाई प्रक्रियाकै अङ्गको रूपमा आवधिक र कक्षाकोठामा आधारित मूल्याङ्न  प्रणालीको रुपमा लागु  गरिनेछ ।
- दैनिक जीवनमा उपयोगि व्यावहारिक सिपहररूलाई  सिकाईसँग जोडिने बातावरण बनाइनेछ ।
- विद्यार्थीको स्वास्थ्य र पोषणमा सुधार ल्याउन स्थानीय उत्पादनमा आधारित **दिवा खाजा** कार्यक्रमलाई व्यवस्थित गरिनेछ ।
- विशेष अवस्थाका शिक्षक तथा विद्यार्थीलाइ विद्यालयमा शैक्षिक तथा मनोसामाजिक परामर्श (Counseling) सेवा उपलब्ध गराइनेछ ।
- विद्यालयको प्रशासनिक र व्यवस्थापकीय पद्धतिमा सुधार गरी पारदर्शिता र नतिजाप्रति उत्तरदायी बनाइनेछ ।
- सूचना तथा सञ्चार प्रविधि (ICT) को प्रयोग बढाएर शिक्षालाई आधुनिक र सहज बनाइनेछ ।
- भाषिक र सामाजिक विविधताको सम्मान गर्दै स्थानीय परिवेश अनुकूल मातृभाषामा सिकाइ सहजिकरणको वातावरण बनाइनेछ ।
- महामारी वा प्राकृतिक प्रकोप जस्ता संकटको बेलामा शैक्षिक निरन्तरता कायम गर्न 'उत्थानशील' योजना बनाएर लागु  गरिनेछ ।

## ३.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

- आधारभूत तहको शिक्षामा सबैको समतामुलक पहुँच सुनिश्चित भई विद्यार्थीहरुको सिकाइ स्तरमा सुधार भएको हुनेछ ।
- बालमैत्री वातारण सृजना भई आधारभूत शिक्षाको गुणस्तर अभिवृद्धि भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष ०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तह ( कक्षा १-८) मा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ०.५ | ०.४ | ०.३ | ०.२ | ०.१ | ० |
| २ | आधारभूत तह (कक्षा १-५) मा विद्यार्थी संख्या | २३८१ | २७०० | २८०० | २९०० | ३००० | ३१०० |
| ३ | आधारभूत तहका विद्यालयमा विषयगत शिक्षक दरबन्दी (कक्षा ६-८) प्रयाप्त भएको विद्यालय सङ्ख्या | १ | ५ | सबै | सबै | सबै | सबै |

## ३.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | विद्यालय समायोजन | पटक | १ | | १ | | | २ पटक |
| २ | आधारभूत तहका स्वीकृत दरवन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि  तलब भत्ता अनुदान | संख्या | २३९ | २३९ | २३९ | २३९ | २३९ | निरन्तर |
| ३ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान आधारभूत विद्यालय (कक्षा १-८) | संख्या | २४ | २४ | २४ | २४ | २४ | निरन्तर |
| ४ | सिकाइका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनःआवश्यक सामग्री, सुधारात्मक शिक्षण अनुदान,कक्षा १ मा नयाँ भर्ना भएका विद्यार्थीको पोर्टफोलियो समेतका लागि अनुदान | पटक | १ | १ | १ | १ | १ | निरन्तर |
| ५ | शिक्षण सिकाइ  सामग्री, डिजिटल सिकाइ सामग्री तथा Book Corner व्वस्थापनका लागि  प्रति विद्यार्थी लागत अनुदान  (कक्षा १-५) | विद्यार्थी | २७०० | २८०० | २९०० | ३००० | ३१०० | |

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| ६ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान (कक्षा ६-८) | विद्यार्थी | २००० | २२०० | २५०० | २८०० | ३००० | |
| ७ | (कक्षा १-५) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तकका लागि अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | विद्यार्थी | २७०० | २८०० | २९०० | ३००० | ३१०० | |
| ८ | (कक्षा ६-८) मा अध्ययनरत विद्यार्थीहरूका लागि पाठ्यपुस्तक अनुदान (स्थानीय विषय/मातृभाषाको समेत) | विद्यार्थी | २००० | २२०० | २५०० | २८०० | ३००० | |
| ९ | आधारभूत तहमा सञ्चालन तथा व्यवस्थापन अनुदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| १० | आधारभूत विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्क व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि अनुदान | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| ११ | विद्यालयमा इन्टरनेट जडान तथा सञ्चालन खर्च | विद्यालय | २३ | २३ | २३ | २३ | २३ | |
| १२ | लक्षित बालबालिकाको तथ्याङ्क सङ्कलन र अद्यावधिक गर्ने | पटक | १ | | १ | | १ | |
| १३ | लक्षित समूहका लागि विशेष छात्रवृत्ति व्यवस्था गर्ने | संख्या | ३० | ५० | ७० | ९० | १०० | |
| १४ | आवश्यकता अनुसार छात्रावास सञ्चालन | विद्यालय | १ | १ | १ | १ | १ | |
| १५ | पोसाक र शैक्षिक सामग्रीमार्फत प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने | विद्यार्थी | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | |
| १६ | समुदायको सहभागितामा घरदैलो भर्ना अभियान सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १७ | सामुदायिक विद्यालयको गुणस्तर सुधारका लागि सूचक विकास र असल अभ्यास विस्तार गर्ने | पटक | १ | १ | १ | १ | १ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १८ | प्रत्येक कक्षा र विषयका लागि सिकाइ उपलब्धि सूचक विकास गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| १९ | शिक्षणमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने शिक्षक | शिक्षक | ३१२ | सबै | सबै | सबै | सबै | |
| २० | स्थानीय बाल अधिकार समिति गठन र सक्रिय बनाउने | विद्यालय | ३४ | सबै | सबै | सबै | सबै | |
| २१ | अभिभावक शिक्षा तथा सचेतना कार्यक्रम सञ्चालन गर्ने | विद्यालय | ३४ | सबै | सबै | सबै | सबै | |
| २२ | कक्षागत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान | पटक | १ | १ | १ | १ | १ | |
| २३ | आधारभुत तहका बालबालिकाहरूका लागि सिकाइ सामग्री व्यवस्था | पटक | १ | १ | १ | १ | १ | |
| २४ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | विद्यालय | १० | ५ | ५ | | | |
| २५ | विद्यार्थीको सिकाइ उपलब्धि परीक्षण | पटक | १ | १ | १ | १ | १ | |
| २६ | आधारभूत तहका शिक्षक क्षमता विकास कार्यक्रम | पटक | ४ | ४ | ४ | ४ | ४ | |
| २७ | अपाङ्गता तथा विशेष अवस्थाका बालबालिकाहरुको लागि प्रोत्साहनमूलक कार्यक्रम | जना | २० | ३० | ४० | ५० | ६० | |
| २८ | विद्यार्थीहरुको लागि अतिरिक्त क्रियाकलाप सञ्चालन | पटक | १० | १० | १० | १० | १० | |
| २९ | उत्कृष्ट शिक्षकलाई पुरस्कारको व्यवस्था गर्ने | संख्या | ५० | ५० | ५० | ५० | ५० | |
| ३० | आधारभुत तहमा शिक्षण सिकाइ अनुदानमा कार्यरत शिक्षकको तलब व्यवस्थापन | शिक्षक | ६ | ६ | ६ | ६ | ६ | |
| ३१ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | संख्या | २३ | सबै | सबै | सबै | सबै | |

| क.सं | प्रमुख क्रियाकलाप | इकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| ३२ | स्थानीय तहबाट नपुग शिक्षक व्यवस्थापन | शिक्षक | २३ | सबै | सबै | सबै | सबै | |
| ३३ | आधारभूत तहको प्रति विद्यार्थी लागत अनुदान | विद्यार्थी | ४७०० | ४८०० | ५०० | ५२०० | ५५०० | |
| ३४ | दिवा खाजा व्यवस्थापन | विद्यार्थी | २७०० | २८०० | २९०० | ३००० | ३१०० | |
| ३५ | दलित, छात्रा, सिमान्तकृत तथा अपाङ्ग विद्यार्थीको लागि छात्रवृत्ति | संख्या | | | | | | |
| ३६ | आधारभूत परीक्षा सञ्चालन | पटक | १ | १ | १ | १ | १ | |
| ३७ | सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूका (कक्षा १-५) लागि कार्यसञ्चयिका / पोर्टफोलियो निर्माण र वितरण | पटक | २७०० | २८०० | २९०० | ३००० | ३१०० | |
| ३८ | विद्यालय उत्सव आयोजना तथा समुदाय - विद्यालय सहकार्य कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| ३९ | एक विद्यालय एक करेसाबारी कार्यक्रम | विद्यालय | २३ | सबै | सबै | सबै | सबै | |
| ४० | विद्यालय नर्स कार्यक्रम | पटक | ३ | ३ | ३ | ३ | ३ | प्रति |
| ४१ | हाम्रो विद्यालयको सुन्दरता र सरसफाइको लागि हरेक दिन मेरो दुइ मिनेट | विद्यालय | २३ | सबै | सबै | सबै | सबै | |

## ३.३ माध्यमिक शिक्षा

नेपालको संविधान र 'अनिवार्य तथा निःशुल्क शिक्षा ऐन २०७५' ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क पाउने नागरिकको हकका रूपमा स्थापित गरेको छ । शिक्षा उपलब्ध गराउनु राज्यको दायित्व हो । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार माध्यमिक शिक्षाको लक्ष्य बालबालिकामा सिर्जनशीलता, सकारात्मक सोच, सदाचार र प्रतिस्पर्धी सीपको विकास गरी उत्पादनशील जनशक्ति तयार गर्नुहो । माध्यमिक शिक्षालाई विद्यार्थीको रुचि र आवश्यकता अनुसार साधारण,व्यावसायिक (प्राविधिक),संस्कृत गरी तीनवटा धारमा बाँडिएको छ । विद्यालय क्षेत्र विकास कार्यक्रम अन्तर्गत कक्षा ९ देखि १२ सम्म प्राविधिक तथा व्यावसायिक धारलाई प्राथमिकता दिइएको छ । प्राविधिक

तथा व्यवसायिक शिक्षामा विद्यार्थीहरू श्रमप्रति सम्मान गर्ने र दक्ष भई रोजगार बजारमा प्रवेश गर्न सक्ने अपेक्षा राखिएको छ । वि.स. २०७७ देखि नयाँ 'राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६' लागु गरी पाठ्यक्र थप प्रयोगात्मक र व्यवहारिक बनाइएको छ । साथै, विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि नै मौलिक ज्ञान, आधुनिक प्रविधि र वैज्ञानिक सोचको विकास गर्ने रणनीति लिएको छ । माध्यमिक शिक्षाले विद्यार्थीलाई एकातिर उच्च शिक्षाका लागि तयार पार्छ भने अर्कोतिर व्यवहारिक र प्राविधिक सीप सिकाएर जीवनोपयोगी बनाउने लक्ष्य राखेको छ।

## ३.३.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाका सामुदायिक विद्यालयहरूमा माध्यमिक तहमा हाल १,९४२ जना विद्यार्थी अध्ययनरत छन् भने साविक उच्च माध्यमिक विद्यालय र संघीय अनुदानसहित कुल शिक्षक दरबन्दी ६४ रहेको छ, जसले गर्दा शिक्षक-विद्यार्थी अनुपात १:३० देखिन्छ। कुल विद्यार्थीमध्ये दलित ४१६, जनजाति ८५० र अपाङ्गता भएका बालबालिका ८ जना रहेका छन्। यद्यपि, केही सामुदायिक विद्यालयहरूमा अझै पनि कक्षाकोठा, शौचालय, खानेपानी, खेलमैदान र सूचना तथा सञ्चार प्रविधि (ICT) जस्ता आवश्यक भौतिक पूर्वाधारहरू पर्याप्त मात्रामा उपलब्ध छैनन्। यी चुनौतीहरूले गर्दा गुणस्तरीय शिक्षा र समावेशी वातावरण सुनिश्चित गर्न कठिनाइ भइरहेकाले तथ्याङ्कका आधारमा भौतिक सुधार, उचित स्रोत व्यवस्थापन र शिक्षक तालिमको तत्काल आवश्यकता देखिन्छ।

अर्कोतर्फ, नगरपालिकाभित्रका संस्थागत विद्यालयहरूमा माध्यमिक तहमा अध्ययनरत १,६०५ जना विद्यार्थीमध्ये १७५ जना दलित, ६८२ जना जनजाति र ३ जना अपाङ्गता भएका बालबालिका रहेका छन्, जसलाई लक्षित गरी भर्ना र समान सिकाइको अवसर प्रदान गर्ने चुनौतीहरू विद्यमान छन्। कतिपय संस्थागत विद्यालयहरूमा समेत पर्याप्त कक्षाकोठा, शौचालय, खानेपानी, खेल मैदान र प्रविधिको प्रयोग जस्ता पूर्वाधारको अभाव खड्किएको देखिन्छ। तसर्थ, यस्ता कमजोरीहरूलाई सुधार गर्दै दक्ष शिक्षकको उपलब्धता सुनिश्चित गर्नु र समग्र सिकाइ वातावरणलाई थप सुदृढ बनाउनु आवश्यक छ।

**माध्यमिक शिक्षासँग सम्बन्धित विवरण**

| जम्मा विद्यालय संख्या | | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | अपाङ्गता भएका विद्यार्थी | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रकार | संख्या | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ११ | ८७६ | १०६६ | १९४२ | १६३ | २५३ | ४१६ | ४ | ४ | ८ |
| संस्थागत | १५ | १०५० | ८५३ | १६०५ | ९५ | ८० | १७५ | २ | १ | ३ |
| जम्मा | २६ | १९२६ | १९१९ | ३५४७ | २५८ | ३३३ | ५९१ | ६ | ५ | ११ |

नेपालको संघीय संरचना र शैक्षिक नीतिअनुसार कक्षा ९ देखि १२ सम्मलाई माध्यमिक शिक्षा मानिएको छ। यसैअनुरूप, बर्दघाट नगरपालिकाले माध्यमिक शिक्षाको गुणस्तरमा सुधार गर्दै

सिर्जनशील, प्रतिस्पर्धी, सीपयुक्त र उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ।नगरपालिकाको साक्षरता दर उच्च रहे तापनि माध्यमिक तहमा शिक्षाको पहुँच र गुणस्तरमा अपेक्षाकृत सुधार हुन सकेको छैन। हाल यहाँ विषयगत शिक्षकको अभाव, विषयगत प्रयोगशालाको कमी र इन्टरनेट सुविधाको प्रयोगमार्फत गरिने प्रविधिमैत्री शिक्षण पर्याप्त हुन नसक्नु मुख्य चुनौतीका रूपमा रहेकोछ।

## ३.३.२ उद्धेश्य

- माध्यमिक तहको शिक्षामा सबै बालबालिकाको समावेशी पहुँच र सक्रिय सहभागिता गराउनु ।
- विद्यालय समायोजन गरी ठुला विद्यालयको अवधारणा अनुरुप माध्यमिक शिक्षालाई समयसापेक्ष सान्दर्भिक बनाउँदै सिकाइ स्तरमा सुधार गर्नु ।
- विद्यालयको भौतिक पूर्वाधार र शैक्षिक वातावरणलाई बालमैत्री, प्रविधिमैत्री, समावेशी र पूर्ण रूपमा सुरक्षित बनाउनु ।

## ३.३.३ रणनीति

- विद्यालयहरूको समायोजन गरी भौतिक संरचनामा सुधार गर्दै माध्यमिक विद्यालयको ढाँचामा परिवर्तन गरिनेछ ।
- माध्यमिक तहको शिक्षालाई निःशुल्क बनाउँदै यसमा सबै विद्यार्थीको पहुँच बढाइनेछ ।
- माध्यमिक तहमा नयाँ विद्यार्थी भर्ना हुने दर बढाउने र भर्ना भएका विद्यार्थीले बीचमै पढाइ छाड्ने दरलाइ न्यून बनाउँदै लगिनेछ ।
- गरिब तथा लक्षित वर्गका विद्यार्थीका लागि छात्रवृत्ति र विशेष अनुदानको व्यवस्था गरिनेछ ।
- विद्यार्थीहरूलाई पढाइप्रति रुचि जगाउन विभिन्न प्रोत्साहनका कार्यक्रमहरू चलाइनेछ ।
- विद्यालय जान नसक्ने वा अन्य परिस्थितिमा रहेकाहरूका लागि वैकल्पिक शिक्षाको व्यवस्थाको लागि पहल गरिनेछ ।
- माध्यमिक तहमा विषयगत रूपमा दक्ष शिक्षकहरूको व्यवस्था गर्ने र शिक्षक बैंक व्यवस्थापन जस्ता नीतिहरु कार्यान्वयन गरिनेछ ।
- शिक्षकहरूको पेशागत क्षमता बढाउन प्रविधिमैत्री तालिम, सहयोग र कामप्रति उत्साहित गर्ने कार्यक्रमहरू ल्याइनेछ ।
- पुरानो शैलीलाई छोडेर शिक्षण-सिकाई पद्धतिमा समयसापेक्ष सुधार गर्दै लगिनेछ ।
- हरेक विद्यालयमा इन्टरनेट र सूचना प्रविधिको विस्तार गरिनेछ ।
- कक्षाकोठामा स्मार्ट बोर्ड र अडियो-भिडियो (श्रव्य-दृश्य) सामग्रीको प्रयोग बढाइनेछ ।
- विज्ञान विषय पढ्नका लागि आवश्यक प्रयोगशाला र पूर्वाधार बनाउने तथा विभिन्न विद्यालयमा निश्चित विषयका कक्षाहरु सञ्चालन गरिनेछ ।

- प्राविधिक शिक्षालाइ सुदृढ गर्दै सङ्गीत वा आयुर्वेद जस्ता विशेष विषयहरू पढाउने विद्यालयहरूको स्थापनाका लागि अध्ययन गरिनेछ ।
- निश्चित मापदण्ड बनाइ विद्यालयहरुलाइ  नमुना विद्यालयका रूपमा विकास गरिनेछ ।
- यौन शिक्षा, आत्मरक्षा र मानसिक परामर्श (मनोसामाजिक) जस्ता विषयमा आवश्यक परामर्शको व्यवस्था गरिनेछ ।
- नेतृत्व विकास, अनुशासन र समाजसेवाको भावना जगाउन अतिरिक्त कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- सफल व्यक्तिहरूसँग अन्तर्क्रिया गराई विद्यार्थीहरूलाई शिक्षा प्रति उत्साहित गराइनेछ ।
- विद्यालयमा प्रशासनिक  र समन्वयात्मक क्षमता भएको प्रधानाध्यापकको व्यवस्था गरिनेछ ।
- विद्यार्थीले के कति सिके भनेर समय-समयमा मूल्याङ्कन गरी नतिजाप्रति विद्यालयलाई जिम्मेवार बनाइनेछ ।
- महामारी वा प्राकृतिक प्रकोप जस्ता संकटको समयमा पनि विद्यालयहरू सुरक्षित र सञ्चालनयोग्य रहने वातावरण बनाइनेछ ।
- आन्तरिक मूल्यांकनलाइ प्रभाबकारी बनाइ परियोजना कार्यलाइ पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- विद्यालयहरु बीच असल अभ्यास आदान प्रदान गर्ने वातावरण बनाइ शैक्षिक गुणस्तर सुधारमा प्रतिस्पर्धी बनाउँदै लगिनेछ ।
- शैक्षिक सरोकारवालाहरु संग समन्वय गर्दै विद्यालय विकासमा अपन्त्व लिने वातावरण तयार गर्दै लगिनेछ ।
- अनुगमन, मूल्यांकन र सुपरीवेक्षणलाइ प्रभावकारी कार्यान्वयन गरिनेछ ।

## ३.३.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

ठुला विद्यालयको अवधारणा अनुरुप बालमैत्री, प्रविधिमैत्री, समावेशी शैक्षिक वातावरणमा सिर्जना भई सकारात्मक चिन्तनयुक्त, सिर्जनशिल, सदाचार, स्वावलम्बी, रोजगारोन्मुख जीवनोपयोगी सीप क्षमता भएको जनशक्ति तयार भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक तह कक्षा १० सम्मको टिकाउदर | ६७.१ | ७० | ७५ | ८० | ९० | ९५ |
| २. | आधारभूत मापदण्ड पूरा गरेका माध्यमिक विद्यालय संख्या | ३ | ५ | ८ | १० | ११ | सबै |
| ३. | बालमैत्री वातावरणमा माध्यमिक शिक्षामा समावेशी पहुँच र उच्च शैक्षिक गुणस्तर कायम हुने विद्यालय संख्या | २ | ३ | ४ | ६ | ८ | सबै |
| ४. | आवश्यक सामग्री र प्रविधिको समुचित प्रयोग गरी उचित सिकाई वातावरणको निर्माण भएको हुने विद्यालय संख्या | ३ | ५ | ८ | १० | ११ | सबै |
| ५. | माध्यमिक शिक्षा पूरा गर्ने बालबालिकाले न्यूनतम सिकाई उपलब्धि हासिल गरेको हुने विद्यालय संख्या | २ | ४ | ६ | ८ | १० | सबै |
| ६. | माध्यमिक शिक्षाको भर्ना, सहभागिता र सिकाई उपलब्धिमा लैङ्गिक, भौगोलिक, सामाजिक तथा आर्थिक लगायतका सबै सूचकमा सुधार हुने विद्यालय संख्या | २ | ३ | ५ | ६ | ८ | सबै |
| ७. | विपत् का विभिन्न परिस्थिति प्रति उत्थानशील हुने, माध्यमिक विद्यालय संख्या | ० | ३ | ४ | ८ | १० | सबै |
| ८. | सूचना तथा सञ्चार प्रविधिको उपयोग भई विद्यार्थीको सिकाईमा सहयोग पुगेको हुने विद्यालय संख्या | २ | सबै | सबै | सबै | सबै | सबै |
| ९. | उत्तरदायित्व र जवाफदेहीता सहित माध्यमिक तहको शिक्षामा सुशासन कायम हुने विद्यालय संख्या | ० | ५ | १० | सबै | सबै | सबै |
| १०. | विज्ञान विषय अध्यापन गराउने विद्यालयको संख्या | २ | २ | २ | २ | २ | २ |

## ३.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | माध्यमिक तहका स्वीकृत दरबन्दीका शिक्षक, राहत अनुदान शिक्षकका लागि तलब भत्ता अनुदान (विशेष शिक्षा परिषद अन्तर्गतका शिक्षक/कर्मचारी,प्राविधिक धारका प्रशिक्षकसमेत) | शिक्षक | ३५ | ३५ | ३५ | ३५ | ३५ | |
| २ | विद्यालय कर्मचारी व्यवस्थापन अनुदान माध्यमिक विद्यालय (कक्षा १-१२) (१ जना सहयोगी र १ जना लेखा कर्मचारी) | कर्मचारी | २२ | २२ | २२ | २२ | २२ | |
| ३ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत र पाठ्यपुस्तक अनुदान (कक्षा ९-१०) | विद्यार्थी | १३३४ | १४५० | १५५० | १७०० | १८०० | |
| ४ | विशेष कक्षा सञ्चालन भएको विद्यालय अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ५ | प्राविधिक धार (कक्षा ९-१२) सञ्चालित विद्यालयलाई प्रति विद्यार्थी लागत अनुदान | शिक्षक | ३३ | ७० | ८० | १०० | १२० | |
| ६ | शिक्षण सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि प्रति विद्यार्थी लागत अनुदान र पाठ्यपुस्तक (कक्षा ११-१२) | विद्यार्थी | ३०८ | ३५० | ७०० | ८०० | १००० | |
| ७ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१० | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | |
| ८ | सञ्चालन तथा व्यवस्थापन अनुदान कक्षा १-१२ | विद्यालय | ८ | ८ | ८ | ८ | ८ | |
| ९ | माध्यमिक तह सञ्चालित विद्यालयहरूलाई विद्यालय सुधार योजना निर्माण तथा अद्यावधिक, सामाजिक परीक्षण तथा आर्थिक लेखा परिक्षण, विद्यार्थी रिपोर्ट कार्ड, विद्यालय तथ्याङ्कन व्यवस्थापन, बुलेटिन प्रकासनल, अभिभावक शिक्षा एवम् अतिरिक्त क्रियाकलाप सञ्चालनका लागि गैर अनुदान | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| १० | प्राविधिक विषय अध्यापन हुने विद्यालयलाई ल्याव सामग्री सहयोग अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |
| ११ | नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वनका लागि अनुदान | विद्यालय | १ | १ | १ | १ | १ | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १२ | विपन्न र लक्षित समूहका लागि निःशुल्क शिक्षा र विशेष छात्रवृत्ति उपलब्ध गराउने | विद्यार्थी | २५ | ३० | ३५ | ४५ | ५० | |
| १३ | आवश्यकता अनुसार व्यावसायिक, सङ्गीत, आयुर्वेद वा कृषि विद्यालय स्थापनाको सम्भाव्यता अध्ययन गर्ने | पटक | १ | | १ | | | |
| १४ | स्मार्ट बोर्ड, इन्टरनेट र श्रव्य—दृश्य सामग्री प्रयोग विस्तार गर्ने | विद्यालय | ११ | सबै | सबै | सबै | सबै | |
| १५ | किशोर—किशोरीको यौन शिक्षा, आत्मरक्षा र मनोसामाजिक परामर्श कार्यक्रम सञ्चालन गर्ने | पटक | | १ | | १ | | २ |
| १६ | सफल व्यक्तिहरूसँग अन्तरक्रिया र प्रेरणादायी कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | | १ | | १ | ३ |
| १७ | विद्यालय समायोजन गर्ने | पटक | १ | | | १ | | २ |
| १८ | विद्यालयमा न्यूनतम सिकाइ वातावरण र समावेशी पूर्वाधार सुनिश्चित गर्ने | विद्यालय | ५ | ४ | २ | सबै | सबै | सबै |
| १९ | शिक्षक दरबन्दी व्यवस्थापन, पेसागत विकास र अभिप्रेरणा कार्यक्रम सञ्चालन गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| २० | सिकाइ उपलब्धि मापन र आवधिक मूल्याङ्कन प्रणाली लागु गर्ने | पटक | १ | १ | १ | १ | १ | |
| २१ | विद्यालय शिक्षालाई प्रकोप, संकट र महामारीजस्ता अवस्थाप्रति उत्थानशील बनाउने | आवश्यकता अनुसार | | | | | | |
| २२ | विद्यार्थीलाई स्वास्थ्य र मनोसामाजिक सहयोग उपलब्ध गराउने | विद्यालय | १० | १० | १० | १० | १० | |
| २३ | शैक्षिक उपलब्धि न्यून भएका सामुदायिक विद्यालयका लागि अभिभावक सचेतनामूलक कार्यक्रम | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | |
| २४ | विज्ञान प्रदर्शनी कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| २५ | सङ्गित तथा नृत्य, वादविवाद, निबन्ध जस्ता प्रतियोगिता सञ्चालन | पटक | १ | १ | | | | |

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| २६ | खेलकुद प्रतियोगिता | पटक | १ | १ | १ | १ | १ | |
| २७ | विद्यालय नर्स कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| २८ | एसइइ दिएका विद्यार्थीहरूका लागि व्यवसायिक तथा प्राविधिक सिप सम्बन्धी कार्यगत अभ्यास सहितको तालिम | वटा | २ | २ | २ | २ | २ | |
| २९ | विद्यार्थीहरूका लागि कामको संसार र वृत्ति मार्गनिर्देशन कार्यक्रम | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| ३० | मेन्टरीङ कार्यक्रम | विद्यालय | २ | ११ | ११ | ११ | ११ | |
| ३१ | STEAM Education सञ्चालन तथा व्यवस्थापन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| ३२ | सामुदायिक विद्यालयमा सुरक्षा गार्ड माली व्यवस्थापन | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |
| ३३ | एक विद्यालय एक करेसाबारी प्रवर्धन कार्यक्रम | विद्यालय | २ | ११ | ११ | ११ | ११ | |
| ३४ | हाम्रो विद्यालयको सुन्दरता र सरसफाइको लागि हरेक दिन मेरो दुइ मिनेट | विद्यालय | ११ | ११ | ११ | ११ | ११ | |

## ३.४ प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम

नेपालको वर्तमान शैक्षिक संरचनामा माध्यमिक तह (कक्षा ९—१२) अन्तर्गत प्राविधिक शिक्षालाई विशेष महत्त्वका साथ अघि बढाइएको छ, जसको प्रमुख उद्देश्य विद्यार्थीले विद्यालय शिक्षा पूरा गर्दाको बखत कुनै न कुनै जीवनोपयोगी सीपमा दक्षता हासिल गरोस् र समाजमा रोजगारीका पर्याप्त अवसरहरू सिर्जना हुन सकून् भन्ने हो। यो उद्देश्य प्राप्तिका लागि नेपालमा हाल दुईवटा मुख्य पद्धतिबाट प्राविधिक शिक्षा प्रदान भइरहेको छ; एकातिर सामुदायिक विद्यालयहरूमा कक्षा ९ देखि १२ सम्म प्राविधिक धार (Technical Stream) सञ्चालन गरी कृषि, पशु विज्ञान, सिभिल, कम्प्युटर र इलेक्ट्रिकल इन्जिनियरिङ जस्ता विषयहरू पढाइन्छ भने, अर्कोतिर प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले कक्षा १० पछिको तीन वर्षे डिप्लोमा वा प्रमाणपत्र

तहका कार्यक्रमहरू सञ्चालन गरिरहेको छ, जसलाई माध्यमिक शिक्षाकै समकक्षता प्रदान गरिएको छ।

यस शैक्षिक व्यवस्थालाई सुदृढ र व्यवस्थित बनाउन नेपालमा मजबुत कानुनी र नीतिगत आधारहरू तय गरिएका छन्, जसले एक-अर्कासँग परिपूरकको भूमिका निर्वाह गर्छन्। **नेपालको संविधान (२०७२)** को धारा ३१ ले माध्यमिक तहसम्मको शिक्षालाई निःशुल्क पाउने मौलिक हकको प्रत्याभूति गरेसँगै प्राविधिक शिक्षालाई आम नागरिकको पहुँचमा पुर्‍याउने संवैधानिक लक्ष्य निर्धारण भएको छ। यसै संवैधानिक जगमा उभिएर **शिक्षा ऐन, २०२८** ले माध्यमिक शिक्षालाई साधारण, प्राविधिक तथा व्यावसायिक र संस्कृत गरी तीन प्रकारमा वर्गीकरण गर्दै यसको सञ्चालनका लागि स्पष्ट कानुनी मार्ग प्रशस्त गरेको छ। शैक्षिक गुणस्तर, पाठ्यक्रम र परीक्षाको व्यवस्थापनका लागि भने **प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् ऐन, २०४५** लाई मुख्य कानुनी दस्तावेजको रूपमा लिइएको छ।

सङ्घीयताको कार्यान्वयनसँगै **स्थानीय सरकार सञ्चालन ऐन, २०७४** ले माध्यमिक तहसम्मको शिक्षा व्यवस्थापनको अधिकार स्थानीय तहलाई सुम्पिएपछि स्थानीय आवश्यकता अनुसार पर्यटन, जडीबुटी वा कृषि जस्ता विशिष्टीकृत विषयहरू छनोट गरी पढाउन सकिने वातावरण बनेको छ। यसै सन्दर्भमा **राष्ट्रिय शिक्षा नीति, २०७६** ले "सबैका लागि प्राविधिक शिक्षा" को अवधारणा ल्याई प्रत्येक स्थानीय तहमा कम्तीमा एउटा प्राविधिक शिक्षालय पुर्‍याउने महत्त्वाकांक्षी लक्ष्य राखेको छ।

सामाजिक न्यायको दृष्टिकोणले विपन्न, दलित, अपाङ्गता भएका र दुर्गम क्षेत्रका विद्यार्थीहरूका लागि कानुनी रूपमै विशेष छात्रवृत्तिको सुनिश्चितता गरिएको छ भने व्यावहारिक सिकाइका लागि सरकारले "पढ्दै कमाउँदै" जस्ता कार्यक्रमहरू ल्याएर विद्यार्थीलाई आर्थिक उपार्जनको मार्गमा समेत डोर्‍याएको छ। यो व्यवस्था केवल विद्यालय तहमा मात्र सीमित नभई, १२ कक्षा उत्तीर्ण गर्ने विद्यार्थीहरूका लागि इन्जिनियरिङ, चिकित्सा वा अन्य प्राविधिक स्नातक तह (Bachelor's) अध्ययन गर्ने कानुनी बाटो समेत खुला रहेकाले यसले उच्च शिक्षासँग पनि गहिरो अन्तरसम्बन्ध कायम गरेको छ। समग्रमा, नेपालको कानुनी व्यवस्थाले प्राविधिक शिक्षालाई बेरोजगारी अन्त्य र आर्थिक समृद्धिको मेरुदण्ड माने पनि यसको पूर्ण सफलताका लागि दक्ष प्रशिक्षक, अत्याधुनिक प्रयोगशाला र उद्योगहरूसँगको समन्वयलाई अझै मजबुत बनाउनु अनिवार्य देखिन्छ।

### ३.४.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले प्राविधिक तथा व्यवसायिक शिक्षाको माध्यमबाट दक्ष जनशक्ति उत्पादनमा विशेष जोड दिँदै आएको छ। यस अन्तर्गत दिव्य ज्योति माध्यमिक विद्यालयमा कक्षा ९ देखि १२ सम्म बाली विज्ञान विषयमा प्राविधिक शिक्षा प्रदान गरिँदै आएको छ, जहाँ ६३ जना विद्यार्थीहरू अध्ययनरत छन् र उनीहरूको पठनपाठनका लागि ८ जना शिक्षकहरूको दरबन्दी रहेको छ; यस अनुसार यहाँ शिक्षक—विद्यार्थी अनुपात करिब १:८ रहेको देखिन्छ । यसका अतिरिक्त,

नगरपालिकाले आर्थिक वर्ष २०७९/८० देखि 'दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना' अन्तर्गत कार्यगत अभ्याससहितको तालिम कार्यक्रम सञ्चालन गरिरहेको छ। यस कार्यक्रममार्फत कुक, प्लम्बर, वेल्डर, कम्प्युटर हार्डवेयर र एल्युमिनियम फेब्रिकेटर जस्ता सीपमूलक तालिमहरू प्रदान गरी हालसम्म १६० जना लाभान्वित भइसकेका छन्। यस्ता तालिमहरूले विद्यार्थी तथा युवाहरूलाई स्वदेशमै स्वरोजगार बन्नुका साथै स्वदेश तथा विदेशमा आकर्षक पारिश्रमिकसहितको रोजगारी प्राप्त गर्न मद्दत पुऱ्याएको छ।

यद्यपि, बर्दघाटलाई शैक्षिक हबको रूपमा स्थापित गर्ने लक्ष्य प्राप्त गर्न केही चुनौतीहरू अझै विद्यमान छन्। प्राविधिक शिक्षातर्फ विद्यार्थीहरूको आकर्षण बढाउनु, तालिमहरूलाई बजारको मागसँग प्रत्यक्ष रूपमा जोड्नु र प्रविधियुक्त भौतिक पूर्वाधारहरूलाई थप सुदृढ पार्नु नगरपालिकाको मुख्य कार्यभार बनेको छ। यी चुनौतीहरूलाई सम्बोधन गर्न नगरपालिकाले संघीय तथा प्रदेश सरकारसँगको सहकार्यमा आधुनिक प्राविधिक विद्यालयहरूको विस्तार गर्ने र स्वरोजगारमूलक तालिमको माध्यमबाट बढ्दो शैक्षिक बेरोजगारीलाई न्यूनीकरण गर्ने ठोस रणनीति अघि सारेको छ। समग्रमा, बर्दघाट नगरपालिकाले प्राविधिक शिक्षालाई स्थानीय आर्थिक विकास र समृद्धिसँग जोड्न विभिन्न नीतिगत तथा व्यावहारिक पहलहरू गर्दै निरन्तर अगाडि बढिरहेको छ।

## ३.४.२ उद्धेश्य

१. बजारको माग अनुसार राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्ने प्राविधिक रूपमा दक्ष र अर्ध-दक्ष जनशक्ति तयार गर्नु ।
२. नगरका युवाहरूलाई निश्चित सीप प्रदान गरी प्रत्येक्ष रोजगारीमा जोड्ने वा स्वरोजगारीको लागि सक्षम बनाउनु ।
३. माध्यमिक तहमा प्राविधिक शिक्षाको जग बसाली विद्यार्थीलाई प्राविधिक विषयमा उच्च शिक्षाका लागि तयार पार्ने ।

## ३.४.३ रणनीति

- प्राविधिक शिक्षामा महिला, दलित, अल्पसंख्यक, अपाङ्गता भएका व्यक्ति र विपन्न परिवारको नागरिकहरूका लागि विशेष कोटा र छात्रवृत्तिको व्यवस्था गरी सबैको सहभागिता सुनिश्चित गरिनेछ ।
- सरकार, निजी क्षेत्र र उद्योगहरूबीच समन्वय गर्दै उद्योगको माग अनुसारको पाठ्यक्रम विकास गरी "पढ्दै कमाउँदै" कार्यक्रममार्फत प्रयोगात्मक सिकाइमा जोड दिइनेछ ।
- दिगो र सम्मानित रोजगारीको लागि कार्यगत अभ्यास सहितको तालिम सञ्चालन गरी राष्ट्रिय मापदण्ड अनुसार सीप परीक्षण गरी अन्तर्राष्ट्रिय स्तरको प्रमाणपत्र प्रदान गरिनेछ ।
- स्थानीय सम्भाव्यताका आधारमा कृषि र पर्यटन क्षेत्र सँग सम्बन्धित तालिमहरू सञ्चालन गरिनेछ ।

- विद्यार्थीहरूलाई कामको अवसर बारे जानकारी दिन व्यावसायिक मार्गनिर्देशन (Career Counseling) र परामर्श सेवा प्रदान गर्ने ।

## ३.४.४ प्रमुख उपलब्धि तथा नतिजा

### योजना कार्यान्वयनबाट हुने उपलब्धि

गुणस्तरीय प्राविधिक तथा व्यावसायिक शिक्षा र सीप विकासमा नागरिकको पहुँच पुर्याई कृषि र पर्यटन विकासमा आवश्यक सीपयुक्त एवम् उत्पादनशिल जनशक्ति उत्पादन गरिनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्राविधिक तथा व्यवसायिक शिक्षा प्रदान गर्ने विद्यालय संख्या | १ | २ | २ | २ | २ | २ |
| २ | कृषि प्राविधिक कक्षा ९ देखि १२ मा भर्ना भएको विद्यार्थी संख्या | ६३ | ७५ | १२० | १५५ | १९० | २०० |
| ३ | उत्पादित जनशक्तिको उद्यमशिलतामा सहभागिता प्रतिशत | ६८ | ७२ | ७८ | ८० | ८९ | १०० |
| ४ | कार्यगत अभ्यास सहितको लेभल टुको तालिम सञ्चालन हुने संख्या | २ | २ | २ | २ | २ | २ |

## ३.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १. | प्राविधिक धारका माध्यमिक विद्यालयहरू स्थापना र सञ्चालन | विद्यालय | १ | | १ | | | २ वटा |
| २. | प्राविधिक धार सञ्चालन भएका विद्यालयहरूको भौतिक पूर्वाधार विकास | विद्यालय | १ | | १ | | | २ वटा |
| ३. | बहु प्राविधिक शिक्षालयको स्थापना, सञ्चालन तथा नियमन (स्नातक तहसम्म) | वटा | ० | १ | | | | १ वटा |
| ४. | सहायक प्रशिक्षक प्रशिक्षक तथा शिक्षकको व्यवस्थापन | जना | ८ | ८ | १६ | १६ | १६ | २ वटामा ८।८ जना |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| ५. | लक्षित समूह छात्रवृत्ति कार्यक्रम | जना | ३४ | ५० | ७५ | ९० | १०० | |
| ६ | प्राविधिक शिक्षा अध्ययन गर्न इच्छुक को तथ्यांक संकलन विश्लेषण | पटक | निरन्तर | | | | | |
| ७ | प्राविधिक तथा व्यावसायिक शिक्षा र तालिमका लागि आवश्यक नीति तर्जुमा | पटक | १ | | १ | | १ | |
| ८ | खोज तथा नवप्रवर्तनात्मक कार्यलाई प्रोत्साहन | पटक | निरन्तर | | | | | |
| ९ | प्राविधिक शिक्षा सम्बन्धी अभिमुखीकरण | पटक | निरन्तर | | | | | |
| १० | छोटो अवधिका तालिम (तह एक) कार्यक्रम सञ्चालन | वटा | २ | २ | २ | २ | २ | |
| ११ | कार्यगत अभ्यास सहितको (तह दुई) तालिम | वटा | २ | २ | २ | २ | २ | |

## ३.५ अनौपचारिक शिक्षा र आजीवन सिकाइ

औपचारिक विद्यालयी संरचना र निश्चित समय सीमाभन्दा बाहिर, विभिन्न उमेर समूहका व्यक्तिहरूलाई उनीहरूको आवश्यकता अनुसार प्रदान गरिने शिक्षा नै अनौपचारिक शिक्षा हो। यसलाई एक निरन्तर चलिरहने प्रक्रियाका रूपमा लिइन्छ, जसले मानिसलाई जीवनभर नयाँ ज्ञान र सीप सिक्ने अवसर प्रदान गर्दछ। अनौपचारिक शिक्षा केवल अक्षर चिन्नु मात्र नभई, यो एउटा यस्तो साझा चौतारी हो जहाँ सहभागीहरूले आफ्ना दैनिक जीवनका समस्याहरूमाथि छलफल गर्छन्, समाधानका उपायहरू खोज्छन् र आफ्ना निर्णयहरू आफैं कार्यान्वयन गर्दै आफ्नो जीवनको बाटो आफैं तय गर्छन्। यसरी यो शिक्षा प्रत्यक्ष रूपमा मानिसको जीवन पद्धति र संस्कृतिसँग जोडिएको हुन्छ।

अनौपचारिक एवं आजीवन शिक्षाले समाजका हरेक वर्गका लागि फरक-फरक लक्ष्य राखेर सेवा प्रदान गर्दछ। यसले निरक्षरलाई साक्षर बनाउने, साक्षर भइसकेकाहरूका लागि थप सिकाई (साक्षरोत्तर) को व्यवस्था गर्ने र शिक्षालाई सीप एवं आम्दानीसँग जोड्दै एक सचेत समाजको निर्माणमा सघाउ पुऱ्याउँछ। नेपालको संविधानले सुनिश्चित गरेको शिक्षाको हक र दिगो विकासको लक्ष्य हासिल गर्न औपचारिक शिक्षालाई अनौपचारिक शिक्षाले महत्त्वपूर्ण साथ दिएको छ। विभिन्न परिस्थिति र अवस्थाका कारण नियमित विद्यालय जान नपाएका नागरिकहरूका लागि यसले थप सिकाईको अवसर सिर्जना गरी समाजमा 'सधैं सिकिरहने' संस्कृतिको विकास गर्दछ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि नेपाललाई पूर्ण साक्षर मुलुक बनाउने संकल्प गर्दै वैकल्पिक, परम्परागत र खुला शिक्षाका माध्यमबाट आजीवन सिकाईलाई प्रोत्साहन गर्ने लक्ष्य राखेको छ।

विशेषगरी, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको गुणस्तरीय शिक्षामा पहुँच पुऱ्याउँदै उनीहरूलाई मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक बनाउनु यस शिक्षाको मुख्य ध्येय हो। समग्रमा, अनौपचारिक शिक्षाले मानिसलाई जीवनभर डोऱ्याउने ज्ञान र सीप प्रदान गरी समाजलाई प्रगतिशील बनाउन मद्दत गर्दछ।

## ३.५.१ वर्तमान अवस्था

यस नगरपालिकाले १५ देखि ६० वर्ष उमेर समूहका विद्यालय बाहिर रहेका नागरिकहरूलाई लक्षित गरी विभिन्न समयमा साक्षरता कक्षाहरू सञ्चालन गर्दै आएको छ । यसै प्रयासको फलस्वरूप उक्त उमेर समूहको कुल साक्षरता दर ८३ प्रतिशतभन्दा माथि पुग्न सफल भएको छ । हाल नगरपालिकामा माकर सामुदायिक सिकाइ केन्द्र, पंचनगर सामुदायिक सिकाइ केन्द्र र जहदा सामुदायिक सिकाइ केन्द्र गरी ३ वटा सामुदायिक सिकाइ केन्द्रहरू हाल सञ्चालनमा रहेकाछन् । सामुदायिक सिकाइ केन्द्रको मुख्य लक्ष्य विभिन्न कारणवश औपचारिक शिक्षाबाट वञ्चित भएका नागरिकहरूका लागि अनौपचारिक शिक्षा र वैकल्पिक सिकाइको अवसर सुनिश्चित गर्दै सबै नागरिकलाइ साक्षर बनाउनु हो । सबै उमेर समूहलाई शिक्षाको मूल प्रवाहमा जोड्दै जीवनपर्यन्त सिकाइलाई प्रोत्साहन गर्ने र सामुदायिक सिकाई केन्द्रहरूलाई सक्षम बनाई अनौपचारिक माध्यमबाट प्राप्त ज्ञान र सीपको समेत परीक्षण र प्रमाणीकरण गर्नु यस नगरपालिकाको उद्देश्य रहेको छ ।

यद्यपि, औपचारिक शिक्षाको पहुँचभन्दा बाहिर रहेका सम्पूर्ण नागरिकहरूलाई समेट्नका लागि विद्यमान संस्थागत संरचनालाई अझ सुदृढ बनाउनु पर्ने आवश्यकता देखिएको छ । हाल सञ्चालनमा रहेका सामुदायिक सिकाइ केन्द्र र पुस्तकालयहरूको आफ्नै भौतिक संरचना र आवश्यक जनशक्ति व्यवस्था गरी प्रादन गरिने सेवालाइ प्रभावकारी रुपमा सबै वडाहरूमा पहुँच विस्तार गर्न बाँकी नै छ । साथै यस नगरपालिकामा कक्षा १ र कक्षा ५ सम्म पठनपाठन हुने २ वटा मदरसा हाल सञ्चालनमा रहेकाछन् । मदरसा अरेविया अहले सुन्नत कमरुल ओलुम बर्दघाट १३ मा कक्षा १ मा २० जना र मदरसा अरेविया मदारुल ओलुम बर्दघाट १३ मा कक्षा (१-५) सम्म ६८ जना बालबालिकाहरु अध्ययनरत छन् । सञ्चालनमा रहेका मदरसालाई राष्ट्रिय शिक्षा प्रणाली अनुसार मूलधारमा ल्याइ शैक्षिक सुधार गर्न आवश्यक पर्ने स्रोत साधनको सुदृढीकरण संगै शैक्षिक जनशक्ति व्यवस्थापन गर्न जरुरी देखिएको छ । यसरी यस नगरपालिकामा सामुदायिक सिकाइ केन्द्र, मदरसा र सामुदायिक पुस्तकालय रहनु, यस क्षेत्रको साक्षरता र शिक्षाको क्षेत्रमा सहयोगी साझेदार संघ संस्था पनि तत्पर रहनु र नगरपालिकाले साक्षरताको क्षेत्रमा लगानी गर्न प्रतिबद्ध हुनुले अनौपचारिक शिक्षा प्राप्तिमा सबै नागरिकलाई राम्रो अवसर रहेको लिन सकिन्छ ।

## ३.५.२ उद्धेश्य

- नगर भित्रका विद्यालय बाहिर रहेका वा उमेर ढल्किएका नागरिकका लागि साक्षरता र जीवनपर्यन्त सिकाईका कार्यक्रमहरू सञ्चालन गर्नु ।

- सामुदायिक सिकाई केन्द्रहरूलाई सक्षम बनाई अनौपचारिक माध्यमबाट प्राप्त ज्ञान र सीपको समेत परीक्षण र प्रमाणीकरण गर्नु ।

## ३.५.३ रणनीति

- घरधुरी सर्वेक्षणमार्फत साक्षर र निरक्षर व्यक्तिहरूको पहिचान गरी उचित अभिलेख राखिनेछ ।
- औपचारिक शिक्षाबाट वञ्चित भएका सबै उमेर समूहका व्यक्तिहरूलाई लक्षित गरी विशेष शैक्षिक कार्यक्रमहरू चलाइनेछ ।
- नगर भित्र सञ्चालनमा रहेका तिन वटै सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल पुस्तकालय तथा सूचना केन्द्रसहितको बहुउद्देश्यीय केन्द्रका रूपमा विस्तार गरिनेछ ।
- सामुदायिक पुस्तकालयको अवधारणा अनुरूप नगरस्तरमा सञ्चालित पुस्तकालयको क्षमता विकास गरिनेछ ।
- सूचना प्रविधिको प्रयोग बढाएर डिजिटल सिकाइमा सबैको पहुँच सुनिश्चित गरिनेछ ।
- नवसाक्षर व्यक्तिहरूलाई सिपमूलक तालिमसँग जोडेर आत्मनिर्भर बनाउने र सामुदायिक केन्द्रमार्फत आयआर्जनका कार्यक्रम सञ्चालन गरिनेछ ।
- परम्परागत तथा वैकल्पिक शैक्षिक प्रणालीलाइ समन्वय गरी तिनलाई सुदृढ बनाइनेछ ।
- स्थानीय सांस्कृतिक सम्पदा र समुदायमा रहेका परम्परागत ज्ञान एवं सीपको अभिलेख राख्दै तिनको संरक्षण र प्रमाणिकरण गरिनेछ ।
- संघीय र प्रदेश सरकारसँग साझेदारी गर्ने तथा अनौपचारिक शिक्षाको नियमित अनुगमन र मूल्याङ्कन गर्ने प्रणाली विकास गरिनेछ ।

## ३.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

सामुदायिक सिकाइ केन्द्र (CLC) मार्फत समाजमा पढ्ने बानीको विकास गरी जीवन पर्यन्त सिकाइलाइ सुनिश्चित गर्दै मानिसहरूको आम्दानी बढाउने खालका विभिन्न सीपमूलक कार्यक्रमहरूको अवसर प्राप्त भएको हुनेछ ।

नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक सिकाइ केन्द्रको संख्या | ३ | ३ | ३ | ३ | ३ | ३ |
| २ | १५ वर्ष भन्दा माथिको साक्षरता | ७७.६२ | ८० | ८२ | ८७ | ९० | ९५ |
| ३ | सामुदायिक पुस्तकालयको संख्या | १ | १ | १ | १ | १ | १ |
| ४ | विद्यालय बाहिरको बालबालिकाको संख्या प्रतिशत | २ | १.५ | १ | ०.५ | ० | ० |
| ५ | सामुदायिक सिकाइ केन्द्रबाट सञ्चालित सिपमुलक कार्यक्रम संख्या | निरन्तर | | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्रको आफ्नै भौतिक संरचनाको संख्या | ० | १ | २ | | ३ | |
| ७ | धार्मिक विद्यालयको संख्या | २ | २ | २ | २ | २ | |

## ३.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | परम्परागत तथा धार्मिक विद्यालय अनुदान (कक्षा १-५) | वटा | २ | २ | २ | २ | २ | २ वटालाइ नियमित |
| २ | सामुदायिक सिकाइ केन्द्र सञ्चालन अनुदान | वटा | ३ | ३ | ३ | ३ | ३ | ३ वटालाइ नियमित |
| ३ | सामुदायिक पुस्तकालय व्यवस्थापनका लागि अनुदान | वटा | ० | १ | १ | १ | १ | १ वटा नियमित |
| ४ | युवाका लागि कानूनी साक्षरता कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक |
| ५ | युवाहरूलाई लागु पदार्थ र दुर्व्यसनबाट जोगाउन सचेतनामूलक कार्यक्रम | पटक | नियमित | | | | | |
| ६ | सामुदायिक सिकाइ केन्द्र र पुस्तकालयको लागि विभिन्न विधाका पुस्तक खरिद तथा वितरण | पटक | निरन्तर | | | | | |
| ७ | घरधुरी सर्वेक्षण गरी साक्षरता तथा अनौपचारिक शिक्षाको तथ्याङ्क सङ्कलन गर्ने | पटक | निरन्तर | | | | | |
| ८ | अनौपचारिक शिक्षाको एकीकृत तथ्याङ्क व्यवस्थापन प्रणाली विकास गर्ने | पटक | निरन्तर | | | | | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| ९ | सामुदायिक सिकाइ केन्द्रलाई व्यवस्थापन अनुदान र क्षमता अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| १० | सिकाइ केन्द्रहरूमा इन्टरनेट र सूचना प्रविधि सुविधा उपलब्ध गराउने | पटक | निरन्तर | | | | | |
| ११ | आवश्यकता अनुसार जीवनोपयोगी र सिपमूलक पाठ्यक्रम निर्माण र सञ्चालन | पटक | १ | | १ | | १ | आवश्यकता अनुसार |
| १२ | तह १, २ र ३ सम्मको सिकाइको प्रमाणीकरण | पटक | निरन्तर | | | | | |
| १३ | सामुदायिक सिकाइ केन्द्रमार्फत सीप विकास र आयआर्जन कार्यक्रम सञ्चालन गर्ने | पटक | निरन्तर | | | | | |
| १४ | खुला तथा दूर शिक्षामा सहजीकरण गर्ने | | आवश्यकता अनुसार निरन्तर | | | | | |
| १५ | परम्परागत ज्ञानको संरक्षण र अभिलेखीकरण गर्ने | पटक | निरन्तर | | | | | |

# परिच्छेद ४

# अन्तरसम्बन्धित विषय तथा क्षेत्र

## ४.१ पाठ्यक्रम, पाठ्यपुस्तक, सिकाइ सामग्री तथा मूल्याङ्कन

नेपालको शैक्षिक इतिहास र वर्तमान अवस्थालाई हेर्दा पाठ्यक्रमलाई केवल पुस्तकको विषयसूचीका रूपमा मात्र नभई राष्ट्र निर्माणको आधारशिलाका रूपमा लिइएको पाइन्छ । नेपालको वर्तमान संविधान, राष्ट्रिय शिक्षा नीति र शिक्षा ऐनले गुणस्तरीय शिक्षालाई नागरिकको मौलिक हक र राज्यको दायित्वका रूपमा स्थापित गरेकोछ । यी कानुनी प्रावधानहरूले पाठ्यक्रम र मूल्याङ्कनलाई शिक्षा सुधारको प्रमुख औजार मानेकाछन् । अबको शिक्षा केवल सैद्धान्तिक ज्ञानमा मात्र सीमित नभई विद्यार्थीलाई व्यावहारिक र जीवनोपयोगी सीप सिकाउनमा केन्द्रित छ, जसले गर्दा विद्यालय र शिक्षकलाई आफ्नो शिक्षण पद्धतिप्रति थप जिम्मेवार र पारदर्शी बन्न बाध्य बनाएकोछ ।

नेपालमा पाठ्यक्रमलाई व्यवस्थित गर्ने कार्य वि.सं. २०२८ को 'राष्ट्रिय शिक्षा पद्धतिको योजना' सँगै सुरु भई पाठ्यक्रम विकास केन्द्रको स्थापना गरी विद्यालय शिक्षाको दस्तावेजीकरण गर्ने र अद्यावधिक गर्ने कार्यको संस्थागत थालनी गरियो । वि.सं. २०६३ मा पहिलो पटक राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार भयो र नेपालको शिक्षालाई एउटा निश्चित दिशा प्रदान गऱ्यो, जसले गर्दा समय र आवश्यकता अनुसार पाठ्यक्रम परिवर्तन गर्ने ढोका खुल्यो ।

वर्तमान शैक्षिक प्रणालीको सबैभन्दा ठूलो फड्को 'विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६' हो । वि.सं. २०७७ बाट सुरु भएर २०८० सम्ममा कक्षा १ देखि १२ सम्म नै नयाँ र आधुनिक पाठ्यक्रम लागु भइसकेको छ । आधारभूत तह (कक्षा १—८) मा स्थानीय आवश्यकता, भाषा र संस्कृति झल्किने गरी स्थानीय पाठ्यक्रमको व्यवस्था गरिएको छ । यसले विद्यार्थीलाई आफ्नो माटो र परिवेशसँग जोड्ने कार्य गरेको छ । पाठ्यक्रमसँगै मूल्याङ्कन प्रणालीमा पनि व्यापक सुधार गरिएको छ । अब विद्यार्थीको मूल्याङ्कन केवल वार्षिक परीक्षाको अङ्कका आधारमा मात्र नभई उसको सिकाइ उपलब्धि, दक्षता र समग्र सिकाइ प्रक्रियाको प्रगतिका आधारमा गरिनुपर्छ । जस्ले गर्दा विद्यार्थीको सर्वाङ्गीण विकासलाई सुनिश्चित गरोस । नेपालको शैक्षिक विकासक्रमले सैद्धान्तिक ज्ञान र व्यावहारिक सीपबीचको खाडललाई पुर्ने प्रयास गरेको छ । राज्यले भविष्यमा विश्वबजारमा प्रतिस्पर्धा गर्न सक्ने दक्ष र सक्षम नागरिक उत्पादन गर्ने लक्ष्य राखेको देखिन्छ ।

### ४.१.१ वर्तमान अवस्था

नेपालमा विद्यालय शिक्षाको पाठ्यक्रमलाई परिमार्जन र व्यवस्थित गर्ने प्रयास ऐतिहासिक रूपमै हुँदै आएको छ । वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनाले पाठ्यक्रम र पाठ्यपुस्तकलाई केन्द्रीकृत गरेपछि शिक्षा मन्त्रालयअन्तर्गत पाठ्यक्रम विकास केन्द्रको स्थापना भएको हो । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ लागू भई कक्षा १ देखि १२ सम्म नयाँ पाठ्यक्रम कार्यान्वयनमा आइसकेको छ। वर्तमान पाठ्यक्रमले प्राथमिक तह (कक्षा १—३) मा एकीकृत

पाठ्यक्रमको अवधारणा ल्याएको छ, जसले बालकालिकाको व्यावहारिक र जीवनोपयोगी सिकाइमा जोड दिन्छ । त्यस्तै, कक्षा १ देखि ८ सम्म स्थानीय आवश्यकता अनुसार स्थानीय विषय वा मातृभाषा समावेश गर्ने व्यवस्था गरिएको छ ।

नयाँ पाठ्यक्रमले विद्यार्थीको मूल्याङ्कन प्रक्रियामा अक्षराङ्कन पद्धति र कक्षा १-५ मा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्राथमिकता दिएको छ । प्रारम्भिक कक्षाहरूमा निर्णयात्मक भन्दा रचनात्मक मूल्याङ्कनमा जोड दिइएको छ। यसले सैद्धान्तिक ज्ञानमा मात्र सीमित नभई विद्यार्थीको व्यवहार, सिप र निरन्तर क्षमताको मूल्याङ्कन गर्ने लक्ष्य राखेको छ । साथै, माध्यमिक तहमा प्राविधिक र व्यावसायिक धारलाई पनि समेटेर शिक्षालाई रोजगारमुखी बनाउने प्रयास गरिएको छ । माध्यमिक तहको सिकाइ र मूल्याङ्कनलाई क्रेडिट आवर प्रणालीमा निर्धारण गरिएको छ।

नीतिगत रूपमा पाठ्यक्रम आधुनिक र व्यावहारिक देखिए तापनि कार्यान्वयनको तहमा भने गम्भीर चुनौतीहरू छन् । नयाँ पाठ्यक्रम र मूल्याङ्कन प्रणालीबारे शिक्षकहरूमा पर्याप्त अभिमुखीकरण र दक्षता पुगेको देखिँदैन, जसले गर्दा कतै पुरानै शैलीमा शिक्षण र मूल्याङ्कन भइरहेको पाइन्छ । नेपालको वर्तमान शिक्षा क्षेत्रमा परम्परागत र सैद्धान्तिक परीक्षा प्रणालीलाई परिवर्तन गरी वैज्ञानिक, व्यवस्थित एवं नतिजामुखी बनाउने प्रयास भइरहेको छ। यसअन्तर्गत आधारभूतदेखि माध्यमिक तहसम्मका हरेक कक्षा र विषयका लागि निश्चित सिकाइ उपलब्धि मापन गर्ने सूचकहरू तयार पार्ने रणनीति अवलम्बन गरिएको छ। साथै, शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको शैक्षिक नतिजासँग जोड्ने, अपाङ्गता भएका बालबालिकाका लागि विशिष्ट मूल्याङ्कन पद्धतिको विकास गर्ने, र व्यावहारिक सीपका लागि प्रयोगात्मक अभ्यास तथा इन्टर्नसिपलाई समेत मूल्याङ्कनको अभिन्न अङ्ग बनाउने कार्य अघि बढिरहेको छ। सरकारीस्तरबाट वितरण हुने पाठ्यपुस्तकको कागज, छपाइ र सामग्रीको गुणस्तर निजी क्षेत्रको तुलनामा कमजोर हुँदा विद्यार्थीहरू निजी प्रकाशनतर्फ आकर्षित हुने प्रवृत्ति बढेको छ ।

शिक्षा क्षेत्रमा देखिएका यी विसङ्गतिहरूलाई चिर्न शिक्षकहरूको क्षमता विकास, तालिम र अनुगमनलाई व्यापक बनाउनु आवश्यक छ। पाठ्यपुस्तकको वितरण चुस्त दुरुस्त बनाउन र गुणस्तर सुधार्न पुस्तक विकास र मुद्रणमा व्यापक सुधारको खाँचो छ । यसैबीच, प्रविधिको उपयोग गर्दै पाठ्यक्रम विकास केन्द्रले आफ्नो वेबसाइट तथा ई-लर्निङ पोर्टल (e-Learning Portal) मार्फत डिजिटल पाठ्यसामग्री र शिक्षण सिकाइका स्रोतहरू उपलब्ध गराइरहेको छ । यसले दुर्गम क्षेत्रका विद्यार्थी र शिक्षकहरूलाई समेत आधुनिक शैक्षिक सामग्रीमा पहुँच पुऱ्याउन मद्दत गरिरहेको छ ।

## ४.१.२ उद्धेश्य

- विद्यालय तहका लागि पाठ्यक्रम विकास केन्द्रबाट तयार पारिएका पाठ्यक्रम र पाठ्यपुस्तकहरूलाई सबै विद्यालयहरूमा प्रभावकारी ढङ्गले लागु गर्नु ।
- आवश्यकता र परिवेश अनुसार स्थानीय पाठ्यक्रमको निर्माण गरी त्यसलाई कार्यान्वयन गर्नु ।
- पाठ्यक्रमले निर्धारण गरेका उद्देश्य, सिकाइ सक्षमता र मापदण्डका आधारमा आन्तरिक र बाह्य मूल्यांकनको दायरामा रही विद्यार्थीहरूको सिकाइ स्तरको नियमित र प्रभावकारी मूल्याङ्कन गर्नु ।
- पाठ्यक्रम विकास केन्द्रबाट विकास गरिएका सम्बन्धित विषयका शिक्षक निर्देशिका, सन्दर्भ सामग्री, डिजिटल सामग्रीको प्रयोगको सुनिश्चितता गर्नु ।

## ४.१.३ रणनीति

- राष्ट्रिय स्तरको पाठ्यक्रमको मापदण्ड अनुसारका पाठ्यक्रमहरूलाई पूर्ण रूपमा लागु गरिनेछ ।
- नयाँ पाठ्यक्रम र पाठ्यसामग्रीबारे शिक्षक तथा सरोकारवालाहरूलाई प्रबोधिकरण गराइ पेसागत दक्षता बढाउइनेछ ।
- आधारभूत तह कक्षा ५ सम्मको निरन्तर मूल्यांकनलाई निर्धारण गरिएका विधागत सक्षमताका आधारमा विद्यार्थीको मूल्यांकन गर्ने अभ्यासलाइ प्रभावकारी रुपमा कार्यान्वयन गराइनेछ ।
- शिक्षकका लागि निर्देशिका र स्रोत सामग्री तथा विद्यार्थीका लागि स्व-अध्ययन र सन्दर्भ सामग्रीहरूको उचित व्यवस्था गरिनेछ ।
- सहभागीतामूलक, खोजमूलक र परियोजनामा आधारित शिक्षण पद्धतिलाई संस्थागत रूपमा अगाडि बढाइनेछ ।
- सिकाइ सहजिकरण प्रक्रियामा प्रविधिको प्रयोगलाई व्यापक बनाइनेछ ।
- स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम र पाठ्यपुस्तकहरूको निर्माण तथा कार्यान्वयनलाई व्यवस्थित गरिनेछ ।
- विद्यालयमा आधारित सहयोग पद्धति विकास गर्ने र कमजोर सिकाइ क्षमता भएका बालबालिकाका लागि सहपाठी सिकाइ समूह गठन गरिनेछ ।
- विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग जोडेर पाठ्यक्रम कार्यान्वयनको प्रभावकारी वातावरण सिर्जना गरिनेछ ।
- आन्तरिक र वाह्य मूल्यांकनलाइ विशिष्टिकरण तालिका अनुसार पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।
- विपद् वा महामारी जस्ता सङ्कटको समयमा पनि वैकल्पिक विधिबाट पठनपाठन सुचारु गरिनेछ ।

## ४.१.४ प्रमुख उपलब्धि तथा नतिजा

### योजना कार्यान्वयनबाट हुने उपलब्धि

निर्धारित मापदण्ड अनुसार निरन्तर, आवधिक तथा स्तरीकृत मूल्याङ्कन पद्धतिको प्रभावकारी कार्यान्वयन भई विद्यार्थीको सिकाइ स्तरमा सुधार आएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क.स. | सूचक | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | एकीकृत पाठ्यक्रम लागु गरेका विद्यालय सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | परीक्षामा स्तरीकृत प्रश्न प्रयोग गर्ने विद्यालय सङ्ख्या | नभएको | १७ | सबैमा | सबैमा | सबैमा | |
| ३ | पाठ्यक्रम, शिक्षक निर्देशिका र विशिष्टिकरण तालिका अनुसार शिक्षण सिकाइ गर्ने विद्यालय संख्या | आंशिक | १७ | सबैमा | सबैमा | सबैमा | |
| ४ | निरन्तर विद्यार्थी मूल्याङ्कन गर्ने विद्यालय | सबैमा निरन्तर | | | | | |

## ४.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | कक्षा १-३ मा पढाइ तथा गणित क्षेत्रका थप सिकाइ सामग्री छपाइ तथा वितरण | पटक | १ | १ | १ | १ | १ | |
| २ | राष्ट्रिय परीक्षा बोर्डबाट विकास गरिएको कक्षा ८ को परीक्षा सञ्चालनसम्बन्धी मार्गदर्शन समेतका आधारमा परीक्षा सञ्चालन तथा विद्यार्थी मूल्याङ्कन | पटक | निरन्तर | | | | | |
| ३ | एकीकृत पाठ्यक्रमसम्बन्धी कस्टमाइज्ड तालिम (अनलाइन समेत) | पटक | निरन्तर | | | | | |
| ४ | पाठ्यक्रम तथा पाठ्यपुस्तक प्रोबोधीकरण (सबै तहका सबै विषय) | पटक | | | | | | आवश्यकता अनुसार हरेक वर्ष |
| ५ | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास र छपाइ | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष |
| ६ | शैक्षिक पाठ्यक्रम, पठन सामग्री तथा निर्देशिका विकास तथा छपाइ | पटक | | | | | | हरेक वर्ष आवश्यकता |

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| ७ | उत्कृष्ठ नतिजा ल्याउने विद्यालय, शिक्षक र विद्यार्थीलाई प्रोत्साहन तथा सम्मान कार्यक्रम (कक्षा ८, १० र १२) | पटक | १ | १ | १ | १ | १ | |
| ८ | बालमैत्री विद्यालय सञ्चालन | पटक | निरन्तर | | | | | |
| ९ | शैक्षिक गुणस्तर परीक्षण मूल्याङ्कन कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | |
| १० | विद्यालय तहका परीक्षा सञ्चालन गर्न खर्च व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | |
| ११ | कक्षा ८ उत्तीर्ण तथा एसइइ दिएका विद्यार्थीहरूका लागि कार्यगत अभ्यास सहितको लेभल २ को तालिम कार्यक्रम सञ्चालन तथा  सीप परीक्षण सहित | वटा | २ | २ | २ | २ | २ | हरेक वर्ष २ वटा तालिम |
| १२ | सामुदायिक विद्यालयका सिकाइ क्षमता कमजोर भएका विद्यार्थीहरूका अभिभावकहरूका लागि परामर्श तथा अभिभावक सचेतनामूलक कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक निरन्तर |
| १३ | कक्षाकोठामा आधारित विद्यार्थी मूल्यांकन | | निरन्तर | | | | | |
| १४ | डिजिटल सामाग्रीको प्रयोग | | निरन्तर | | | | | |
| १५ | सूचना प्रविधिको प्रयोग | | निरन्तर | | | | | |
| १६ | निःशुल्क पाठ्यपुस्तक | पटक | १ | १ | १ | १ | १ | |
| १७ | प्रविधिमा आधारित (डिजिटल) मूल्याङ्कन प्रणालीको प्रवर्द्धन। | | निरन्तर | | | | | |
| १८ | कक्षा अवलोकन तथा शैक्षिक पृष्ठपोषण प्रणाली सुदृढीकरण | | निरन्तर | | | | | |
| १९ | विषयगत शिक्षक सञ्जाल तथा पेशागत सिकाइ समुदाय गठन | | निरन्तर | | | | | |
| २० | परीक्षाको नतिजा विश्लेषण गरी सुधारात्मक कार्ययोजना कार्यान्वयन | | निरन्तर | | | | | |

## ४.२ शिक्षक व्यवस्थापन र विकास

शिक्षाको गुणस्तर सुधार गर्न शिक्षकको भूमिका सबैभन्दा महत्त्वपूर्ण हुन्छ । गुणस्तरीय शिक्षाका लागि शिक्षक केवल शिक्षित भएर मात्र पुग्दैन, उनीहरू व्यावसायिक रूपमा दक्ष, उत्प्रेरित र विद्यार्थीको सिकाइप्रति पूर्ण रूपमा जवाफदेही हुनुपर्दछ। शिक्षकको विषयगत ज्ञान, पढाउने शैली र उनको व्यवहारले विद्यार्थीको सिकाइमा प्रत्यक्ष र सकारात्मक प्रभाव पार्दछ। आधारभूत तहको कक्षा १ देखि ५ सम्म शिक्षक र विद्यार्थीको अनुपात विद्यार्थी सङ्ख्याको आधारमा तय गरिन्छ। **माध्यमिक** तहमा विषयगत मापदण्डका आधारमा शिक्षकहरूको व्यवस्थापन गर्ने गरिन्छ।

शिक्षण पेसालाई मर्यादित र आकर्षक बनाउन नगरपालिकाले विभिन्न कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यस अन्तर्गत शिक्षकहरूको क्षमता वृद्धिका लागि तालिम, कार्यशाला, अवलोकन भ्रमण, मेन्टरिङ र आधुनिक प्रविधिको प्रयोगमा जोड दिइएको छ। यी सबै प्रयासहरूको अन्तिम लक्ष्य भनेको शिक्षकहरूलाई थप जिम्मेवार बनाउनु हो। यसले कक्षाकोठामा विद्यार्थी केन्द्रित शिक्षण सिकाइ प्रक्रिया सुनिश्चित गरी समग्र शिक्षाको गुणस्तर वृद्धि गर्ने अपेक्षा राखिएको छ।

### ४.२.१ वर्तमान अवस्था

शिक्षा नियमावली, २०४९ को नियम ९२ र अनुसूची १२ को प्रावधान अनुसार सामुदायिक विद्यालयहरूमा तहगत रूपमा शिक्षक दरबन्दी निर्धारण गरिएको छ। यस अन्तर्गत पूर्व प्राथमिक विद्यालयका लागि १ जना सहजकर्ताको व्यवस्था छ भने प्राथमिक विद्यालयमा ५० जनासम्म विद्यार्थी भएमा कम्तीमा २ जना र त्योभन्दा बढी विद्यार्थी भएमा कम्तीमा ३ जना शिक्षक हुनुपर्ने नियम छ । त्यसैगरी, कक्षा ६—८ का लागि न्यूनतम ४ जना र माध्यमिक तह (कक्षा ९—१२) का लागि कम्तीमा ८ जना शिक्षक रहने कानुनी व्यवस्था छ । भौगोलिक क्षेत्रका आधारमा तोकिएको कानुनी शिक्षक-विद्यार्थी अनुपात हिमाली भेगमा १:४० पहाडी भेगमा १:४५ तथा तराई र काठमाडौं उपत्यकामा १:५० रहेको छ ।

तोकिएको शिक्षक-विद्यार्थी अनुपातलाई नै मुख्य आधार बनाएर नेपाल सरकारले शिक्षक सङ्ख्या कम भएका विद्यालयहरूमा स्थानीय तह मार्फत नियुक्त हुने शिक्षकहरूका लागि 'शिक्षक सहायता अनुदान' रकम उपलब्ध गराउँदै आएको छ। यद्यपि, शिक्षा तथा मानव स्रोत विकास केन्द्रको तथ्याङ्कलाई हेर्दा नेपालका विभिन्न प्रदेश, जिल्ला र विद्यालयहरूमा यो अनुपात एकनासको छैन । तराईका क्षेत्रहरूमा विद्यार्थीको चाप उच्च भएकाले शिक्षक-विद्यार्थी अनुपात निकै उच्च पाइन्छ भने हिमाली भेगका विद्यालयहरूमा यो अनुपात न्यून रहेको देखिन्छ ।

राष्ट्रिय शिक्षा नीति, २०७६ मा देशका विद्यालयहरूमा शिक्षक अभावलाई सम्बोधन गर्न विशेष व्यवस्था गरिएको छ। विद्यमान शिक्षक दरबन्दीलाई आवश्यकता अनुसार पुनर्वितरण गर्दा पनि शिक्षक सङ्ख्या अपुग भएमा नेपाल सरकारलाई थप आर्थिक दायित्व नपर्ने गरी प्रदेश सरकार र

स्थानीय तहले आफ्नो आवश्यकताका आधारमा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्न सक्ने नीतिगत बाटो खोलिएको छ।

यसै नीतिको सन्दर्भमा बर्दघाट नगरपालिकाको अवस्थालाई हेर्दा, प्राथमिक तहमा शिक्षकहरुको संख्या प्रयाप्त भएपनि विद्यालय संख्या धेरै र विद्यालय समायोजनको काम हुन नसक्दा एक कक्षा एक शिक्षक व्यवस्थापन गर्नुपर्ने वाध्यात्मक अवस्थाले शिक्षक विद्यार्थी अनुपात नमिलेता पनि नगर अनुदानमा शिक्षक व्यवस्थापन गरिरहेको अवस्था छ । विशेष गरी निम्न माध्यमिक, माध्यमिक र उच्च माध्यमिक तहमा विषयगत दरबन्दी प्रयाप्त नभएको अवस्था छ ।

विद्यालयहरूमा गुणस्तरीय शिक्षा सुनिश्चित गर्नका लागि माध्यमिक विद्यालयहरूमा विषय अनुसारका विषयगत शिक्षकहरूको व्यवस्था हुनु अनिवार्य देखिन्छ। त्यसैले, बर्दघाट नगरपालिका भित्रका विद्यालयहरूमा विद्यार्थी र शिक्षकको अनुपातलाई सन्तुलित बनाउन र सबै विषयका लागि योग्य शिक्षक उपलब्ध गराउन तह मिलान तथा विद्यालय समायोजनको कामलाइ प्राथमिकताका साथ अगाडि बढाउनुपर्ने देखिन्छ ।

## ४.२.२ उद्धेश्य

- प्रत्येक विद्यालयमा विषय र कक्षाका आधारमा आवश्यक शिक्षकहरूको सङ्ख्या मिलाउने र व्यवस्थापन गर्ने ।
- शिक्षकको पेसागत क्षमता विकास तथा प्रविधिमैत्री शिक्षण सिपको विकास गर्ने ।
- कार्यसम्पादन उत्तरदायित्व र उत्प्रेरणा अभिबृद्धि गरी शिक्षण पेसा प्रति अपनत्व विकास गर्ने ।

## ४.२.३ रणनीति

- आवश्यकता अनुसार विद्यार्थी सङ्ख्याका आधारमा तहगत र विषयगत रूपमा शिक्षकहरूको दरबन्दी मिलान तथा पुनर्वितरण गरिनेछ ।
- रिक्त पदहरूमा स्थानीय तहमार्फत पारदर्शी प्रक्रियाबाट दक्ष शिक्षकको पदपूर्ति गर्ने र नियुक्तिमा हुने राजनीतिक हस्तक्षेपलाई अन्त्य गरी योग्यतालाई आधार बनाउनेगरिनेछ ।
- शिक्षकहरूका लागि तालिम, कार्यशाला, सेमिनार र अवलोकन भ्रमण जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- शिक्षकको सदाचारीता नैतिकता प्रवर्धनको लागि सकारात्मक चिन्तन सम्बन्धी तालिम सञ्चालन गरिनेछ ।
- शिक्षकहरूलाई स्मार्ट बोर्ड, ICT उपकरण र डिजिटल शिक्षण विधि प्रयोग गर्न विशेष प्रशिक्षण दिइनेछ ।
- अनुभवी शिक्षक र विज्ञ समूहहरूमार्फत शिक्षणमा सहयोग पुऱ्याउन विषयगत शिक्षक सञ्जाल प्रणालीको विकास गरी अनुभव आदन प्रदान गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

- प्रत्येक समुदायिक विद्यालयमा राष्ट्रिय मापदण्ड बमोजिम प्रधानाध्यापक व्यवस्थापन गरिनेछ ।
- शिक्षकको कार्यसम्पादनलाई विद्यार्थीको नतिजासँग जोडेर सूचकको आधारमा मूल्याङ्कन गर्ने र उत्कृष्ट काम गर्नेलाई पुरस्कृत तथा प्रोत्साहित गरिनेछ ।
- विद्यालय अनुगमन तथा शिक्षण सिकाइ सहयोग कार्यक्रमलाइ नियमित र प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- शिक्षकको लागि समावेशी शिक्षा जिवनउपयोगी शिक्षा बालअधिकारको विषयमा तालिम सञ्चालन गरिनेछ ।
- प्रधानाध्यापकहरूलाई नेतृत्व, विद्यालय व्यवस्थापन र आर्थिक प्रशासन सम्बन्धी तालिम प्रदान गरिनेछ ।
- कार्ययोजना र अनुभवका आधारमा आवधिक प्रधानाध्यापक छनोट गर्ने तथा नयाँ शिक्षकहरूलाई जिम्मेवार बनाउन अभिमुखीकरण कार्यक्रम चलाइनेछ ।
- शिक्षकको उपस्थिति र कक्षाकोठामा बिताउने समयको सुनिश्चितताका लागि प्रधानाध्यापकलाई जिम्मेवार बनाउँदै समय-समयमा सुधारात्मक अनुगमन गरिनेछ ।

## ४.२.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

- विद्यालयहरूमा आवश्यकता अनुसार पर्याप्त संख्यामा दक्ष र उत्साही शिक्षकहरूको व्यवस्था भई विद्यार्थीहरूको पढ्ने र सिक्ने क्षमतामा राम्रो सुधार आउनेछ।
- प्रत्येक कक्षा र विषय अनुसार चाहिने आवश्यक शिक्षकहरूको सही व्यवस्थापन भएको हुनेछ ।
- शिक्षकहरूको कार्यक्षमता अभिबृद्धि गर्न प्रविधिमैत्री तथा पेसागत तालिमका अवसरहरू प्रदान भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक तथा सहजकर्ताको सङ्ख्या | सबै | सबै | सबै | सबै | सबै | सबै |
| २ | आधारभूत तहमा कार्यरत तोकिएको योग्यता प्राप्त शिक्षक (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ३ | माध्यमिक तह (कक्षा ९-१२) मा कार्यरत न्यूनतम योग्यता तथा तालिम प्राप्त शिक्षक (%) | सबै | सबै | सबै | सबै | सबै | सबै |
| ४ | सूचना तथा प्रविधिसम्बन्धी न्यूनतम सक्षमता भएका शिक्षक (%) | ७५ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | शिक्षक पेसागत सहयोग प्रणाली लागु भएका विद्यालय | सबै | सबै | सबै | सबै | सबै | सबै |

# ४.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | माध्यमिक तह कक्षा (९-१०) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | जना | ७ | ७ | ७ | ७ | ७ | वर्षमा ७ जना निरन्तर |
| २ | आधारभूत तह कक्षा (६-८) मा अङ्ग्रेजी,गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदान | जना | ६ | ६ | ६ | ६ | ६ | वर्षमा ६ जना निरन्तर |
| ३ | विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोगका लागि मेन्टरिङ पद्धतिको कार्यान्वयन | पट | निरन्तर | | | | | |
| ४ | स्थानीय तहमा शिक्षक बैङ्क स्थापना र कार्यान्वयन | पट | १ | १ | १ | १ | १ | वर्षको १ पटक |
| ५ | शिक्षक तालिम (नव प्रवेशी, पुनर्ताजगी, शिक्षण विधि केन्द्रित, शैक्षिक सामग्री निर्माण, ICT र मूल्याङ्कन) | वटा | ६ | ६ | ६ | ६ | ६ | वर्षको कम्तिमा ६ वटा |
| ६ | विद्यालय किशोरी पोषण, मनोपरामर्श तथा प्रजनन् शिक्षा सम्बन्धी तालिम कार्यक्रम | पटक | निरन्तर | | | | | |
| ७ | शिक्षक दरबन्दीको पुनर्वितरण र विषयगत आवश्यकताअनुसार समायोजन गर्ने | पटक | १ | | १ | | १ | आवश्यकता अनुसार १ वर्षको |
| ८ | शिक्षकको पेशागत क्षमता विकासका लागि कार्यशाला, तालिम, अवलोकन भ्रमण, क्लस्टर बैठक र अनलाइन फोरम सञ्चालन गर्ने | पटक | ८ | ८ | ८ | ८ | ८ | वर्षमा न्यूनतम ८ पटक |
| ९ | अनुभवी शिक्षकबाट मेन्टरिङ्ग प्रदान गर्ने | निरन्तर | निरन्तर | | | | | |
| १० | शिक्षकको कार्यसम्पादन र विद्यार्थी सिकाइ उपलब्धिसँग जोडेर नतिजामुखी मूल्याङ्कन गर्ने | पटक | १ | १ | १ | १ | १ | वर्षको १ पटक |
| ११ | प्रधानाध्यापकलाई विद्यालय व्यवस्थापन, लेखा र स्रोत व्यवस्थापनमा तालिम प्रदान गर्ने | पटक | १ | १ | १ | १ | १ | कम्तिमा वर्षमा १ |
| १२ | नयाँ प्रविधि र आधुनिक शिक्षण विधि प्रयोग प्रवर्द्धन | पटक | १ | १ | १ | १ | १ | कम्तिमा वर्षमा १ पटक |
| १३ | प्रधानाध्यापक तथा शिक्षकको निरन्तर मूल्याङ्कन र शैक्षिक सुधार कार्यक्रम सञ्चालन | पटक | ३ | ३ | ३ | ३ | ३ | वर्षमा कम्तिमा ३ पटक |
| १४ | शिक्षकको प्रेरणा, व्यावसायिक प्रतिबद्धता र जवाफदेहिता बढाउने कार्यक्रम लागु गर्ने | पटक | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार वर्षमा १ |
| १५ | प्रविधि–मैत्री सिकाइका लागि टेलिभिजन, कम्प्युटर, इन्ट्रयाक्टीभ बोर्ड इन्टरनेट प्रयोग सम्बन्धी तालिमको सञ्चालन | पट | १ | १ | १ | १ | १ | वर्षमा १ पटक |
| १६ | शिक्षा समिति, नगर स्तरीय विषयगत समिति, परीक्षा समिति र अनुगमन समिति लगायत समितिहरुको गठन र प्रभावकारी परिचालन | संख्या | ८ | ८ | ८ | ८ | ८ | आवश्यकता अनुसार थप हुन सक्ने |

## ४.३ शिक्षामा समता र समावेशीकरण

शिक्षा क्षेत्रलाई न्यायपूर्ण र प्रभावकारी बनाउन समता र समावेशीकरण अपरिहार्य तत्व हुन्। समावेशी शिक्षा प्रणालीले हरेक बालबालिकालाई, उनीहरूको अवस्था जस्तोसुकै भए पनि, गुणस्तरीय शिक्षा प्राप्त गर्ने समान अवसर प्रदान गर्दछ। विद्यालयहरूले विद्यार्थीका विविध आवश्यकताहरूलाई ध्यानमा राख्दै पाठ्यक्रम, पढाउने तरिका (शिक्षण विधि), मूल्याङ्कन प्रक्रिया र भौतिक पूर्वाधारहरूलाई उनीहरूका लागि सहज र अनुकूल बनाउनुपर्छ। विशेष आवश्यकता भएका, अपाङ्गता भएका, फरक भाषा वा संस्कृति भएका, र पछाडि पारिएका समुदायका बालबालिकाहरूलाई शिक्षाको मूल प्रवाहमा समेट्नु नै समावेशीकरणको मुख्य लक्ष्य हो। समता र समावेशीकरणको सफल कार्यान्वयनले समाजमा सामाजिक न्याय कायम गर्न, मानव अधिकारको रक्षा गर्न र दिगो विकासको लक्ष्य हासिल गर्न मद्दत पुऱ्याउँछ। यसले समाजमा विद्यमान असमानता र भेदभावलाई कम गर्दै हरेक नागरिकलाई आत्मसम्मानका साथ सक्रिय जीवन बिताउने वातावरण तयार गर्दछ। समग्रमा, शिक्षालाई सबैको साझा अधिकार बनाउनका लागि राज्यका नीति, योजना र कार्यक्रमहरूमा समता र समावेशीकरणलाई मुख्य आधारका रूपमा आत्मसाथ गर्नु अत्यन्त आवश्यक देखिन्छ ।

### ४.३.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले शिक्षा तथा सामाजिक सेवाको क्षेत्रमा समता र समावेशीकरणलाई उच्च प्राथमिकता दिँदै विभिन्न सुधारात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। हाल यस नगरपालिका अन्तर्गत ३४ वटा सार्वजनिक विद्यालय, २३ वटा संस्थागत विद्यालय र ६ वटा मन्टेश्वरी गरी कुल ६३ वटा शिक्षण संस्थाहरू सञ्चालनमा छन्। यी विद्यालयहरूमा कुल १८,७१० जना विद्यार्थीहरू अध्ययनरत छन्, जसमा छात्राको हिस्सा ४८ प्रतिशत रहेको छ। कुल विद्यार्थी संख्यामध्ये दलित, जनजाति तथा अन्य राष्ट्रिय मूलधारबाट वञ्चित समुदायका बालबालिकाहरूको उपस्थिति करिब ६८ प्रतिशत हुनुले शिक्षामा पहुँचको सकारात्मक पाटोलाई उजागर गर्दछ ।

विशेष गरी आर्थिक रूपमा कमजोर, पिछडिएका र वञ्चित समुदायका विद्यार्थीहरूको शिक्षालाई निरन्तरता दिन नगरपालिकाले 'नगर प्रमुख छात्रवृत्ति कोष' स्थापना गरी वार्षिक रूपमा करिब ४० जनालाई छात्रवृत्ति प्रदान गर्दै आएको छ। यसका साथै, अपाङ्गता भएका करिब १०० जना विद्यार्थीहरूको अधिकार र विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न समावेशी शिक्षा नीति अवलम्बन गरिएको छ। यसै अनुरूप अपाङ्गता स्रोत कक्षा सञ्चालन भइरहेको बाल्मीकि माध्यमिक विद्यालयलाई केन्द्रमा राखेर अपाङ्गतामैत्री शैक्षिक वातावरण प्रवर्द्धन गर्ने प्रयासहरू अगाडि बढाइएका छन् ।

यी सकारात्मक प्रयासहरूका बावजुद, नगरपालिकाका केही विद्यालयहरूमा शिक्षक दरबन्दी, आवश्यक स्रोतसाधन र भौतिक पूर्वाधारको असमान वितरण जस्ता गम्भीर चुनौतीहरू कायमै छन् । विशेष गरी शैक्षिक र सामाजिक चेतनाको स्तर कमजोर भएका बस्तीका बालबालिकाहरूमा नियमित विद्यालय उपस्थिति, अपेक्षित सिकाइ उपलब्धि र आधुनिक डिजिटल स्रोतसाधनमा पहुँच पुऱ्याउन अझै सकस देखिन्छ । अतः बर्दघाट नगरपालिकाले समता र समावेशीकरणलाई पूर्ण

रूपमा संस्थागत गर्न आगामी दिनमा सबै समुदाय र वर्गसम्म शिक्षाको समान पहुँच सुनिश्चित हुने गरी तथ्यमा आधारित योजना, लक्षित कार्यक्रम र प्रभावकारी अनुगमन प्रणालीलाई सुदृढ बनाउनु आवश्यक देखिन्छ।

## ४.३.२ उद्धेश्य

- शिक्षा र सामाजिक क्षेत्रमा सबै बालबालिका तथा समुदायको समान पहुँच सुनिश्चित गर्ने ।
- शिक्षाबाट वञ्चित, सीमान्तकृत र अपाङ्गता भएका व्यक्तिहरूको सिकाइमा सक्रिय सहभागिता बढाउने।
- जात, लिङ्ग, भाषा, धर्म, आर्थिक अवस्था, अपाङ्गता वा भौगोलिक विकटताका आधारमा हुने सबै प्रकारका भेदभावलाई न्यूनीकरण गर्ने ।
- सबैका लागि समावेशी, सुरक्षित र समान अवसर प्राप्त हुने शैक्षिक तथा सामाजिक वातावरण तयार गर्ने ।

## ४.३.३ रणनीति

- विद्यालयमा हुने विभेद अन्त्य गर्न शिक्षक, विद्यार्थी र अभिभावकहरूका लागि नियमित सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालयका सबै शैक्षिक तथा अतिरिक्त क्रियाकलापहरूमा बालबालिकाको समावेशी र समान सहभागिता सुनिश्चित गरिनेछ ।
- छात्राका समस्या र गुनासाहरू सुन्न 'जेन्डर फोकल पर्सन' तोक्ने र विद्यालयमा गुनासो पेटिका राखी समस्या समाधानको व्यवस्था गरिनेछ ।
- सबै विद्यालयमा लैङ्गिक र अपाङ्गतामैत्री शौचालय, र्‍याम्प र सुरक्षित कक्षाकोठाहरू निर्माण तथा सुधार गरिनेछ ।
- घरधुरी सर्वेक्षणमार्फत बालबालिकाको विवरण सङ्कलन गरी तथ्याङ्क अद्यावधिक गर्ने र सोही आधारमा योजनाहरू बनाइनेछ ।
- साधारण विद्यालयमा पढ्न नसक्ने बालबालिकाका लागि संघीय सरकारको सहयोगमा स्रोत कक्षा र आवश्यक सहयोगी सेवाको व्यवस्थापन गर्ने ।
- छात्रा छात्रवृत्ति, दलित छात्रवृत्ति, विपन्न लक्षित छात्रवृत्ति,सेनिटरी प्याड व्यावस्थापन, फोलिक एसिड, आइरन चक्की खुवाउने जस्ता कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- समावेशी पहुँचका लागि लक्षित समूहका विद्यार्थीहरूलाई छात्रवृत्ति र अन्य सहयोग कार्यक्रमहरू उपलब्ध गराइनेछ ।
- किशोरकिशोरीमाथि हुने विभेद र हिंसा न्यूनीकरणका लागि अनुगमन गर्ने र दोषीलाई कानुनी दायरामा ल्याइनेछ ।

- विद्यालयमा स्तनपान कक्ष, सेनिटरी प्याड एक्सचेन्ज रुम, प्राथमिक उपचार कक्षको व्यवस्थापन गरीनेछ ।

## ४.३.४ प्रमुख उपलब्धि तथा नतिजा

### योजना कार्यान्वयनबाट हुने उपलब्धि

पछाडि पारिएका र लक्षित वर्गका बालबालिकाहरूलाई शिक्षामा समतामुलक पहुँच सुनिश्चित भई पढाइ र सिकाइको स्तरमा राम्रो प्रगति भएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत तहमा विद्यालय बाहिर रहेका बालबालिकाको प्रतिशत | ०.५ | ०.४ | ०.३ | ०.२ | ०.१ | ० |
| २ | आधारभूत तहमा लैङ्गिक समता सूचक | ०.९ | १ | १ | १ | १ | १ |
| ३ | माध्यमिक तहमा लैङ्गिक समता सूचक | ०.९९ | १ | १ | १ | १ | १ |

## ४.३.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | समता र समावेशीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | ५ |
| २ | विद्यालयमा जेन्डर फोकल पर्सन तोक्ने। | पटक | १ | | | | | आवश्यकता अनुसार |
| ३ | प्रत्येक विद्यालयमा गुनासो पेटिका राख्ने। | पटक | १ | | | | | निरन्तर |
| ४ | गुनासो व्यवस्थापन तथा समाधान प्रणाली सञ्चालन गर्ने। | पटक | १ | | | | | निरन्तर |
| ५ | विद्यालयमा लैङ्गिकमैत्री शौचालय निर्माण गर्ने। | वटा | १ | | | | | आवश्यकता अनुसार |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| ६ | अपाङ्गमैत्री संरचना (र्याम्प, रेलिङ आदि) थप निर्माण गर्नुपर्ने संख्या। | विद्यालय | ५ | ५ | ५ | ५ | ५ | हरेक वर्ष ५ वटाका दरले २५ वटामा |
| ७ | घरधुरी सर्वेक्षणमार्फत बालबालिकाको विवरण सङ्कलन गर्ने। | पटक | १ | १ | १ | १ | १ | वर्षको १ पटक |
| ८ | विद्यालय बाहिर रहेका बालबालिकाको पहिचान गर्ने। | पटक | १ | | १ | | १ | आवश्यकता अनुसार ३ पटक |
| ९ | विशेष आवश्यकता भएका बालबालिकाका लागि स्रोत कक्षा सञ्चालन गर्ने। | वटा | १ | १ | १ | १ | १ | नगरमा १ वटा मात्र |
| १० | वञ्चित तथा सीमान्तकृत समूहका लागि छात्रवृत्ति उपलब्ध गराउने। | जना | १५ | १५ | १५ | १५ | १५ | १५ जनालाइ नियमित |
| ११ | किशोरीहरूका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | वर्षको १ पटक |
| १३ | विद्यालयमा विभेद तथा हिंसा न्यूनीकरण अभियान सञ्चालन गर्ने। | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | ३४ |
| १४ | विद्यालय व्यवस्थापन समिति र अभिभावकसँग अन्तरक्रिया गर्ने। | विद्यालय | ३ | ३ | ३ | ३ | ३ | ३ |
| १५ | समता र समावेशीकरण सम्बन्धी अनुगमन | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| १६ | विभेदसम्बन्धी घटनामा अनुसन्धान तथा कारबाही | पटक | | | | | | आवश्यकता अनुसार |
| १७ | बालिका तथा समावेशी शिक्षा रणनीति २०८० र व्यवस्थापन सम्बन्धी मापदणंड २०८० कार्यान्वयन गर्ने | पटक | | | | | | नियमित |

## ४.४ विद्यालय पोषण, स्वास्थ्य र सरसफाइ कार्यक्रम

विद्यालयमा सञ्चालन गरिने दिवाखाजा, स्वास्थ्य र सरसफाइ कार्यक्रम बालबालिकाको चौतर्फी विकासका लागि एउटा महत्वपूर्ण कदम हो। यो कार्यक्रमले बालबालिकाको शारीरिक र मानसिक विकासमा सहयोग पुऱ्याउनुका साथै उनीहरूको नियमित विद्यालय उपस्थिति र सिकाइ क्षमतामा वृद्धि गर्दछ । विद्यालयमा अध्ययनरत विद्यार्थीहरूलाई पोषिलो दिवाखाजा उपलब्ध गराउनुका साथै स्वास्थ्य र पोषणका बारेमा सचेतना जगाउने कार्य यस अन्तर्गत गरिन्छ । व्यक्तिगत र वातावरणीय सरसफाइका बानीहरूलाई प्रोत्साहन गर्दै विद्यालयमा स्वच्छ र सुरक्षित शैक्षिक वातावरण निर्माण गरिन्छ। यस कार्यक्रमले बालबालिकामा हुने कुपोषणलाई कम गर्न र उनीहरूलाई विद्यालयका क्रियाकलापहरूमा सक्रिय रूपमा सहभागी हुन मद्दत गर्दछ। विद्यालय, अभिभावक र समुदायको संयुक्त प्रयासमा स्वास्थ्य र सरसफाइ सम्बन्धी सकारात्मक बानीहरूको विकास गर्न यो कार्यक्रमले प्रभावकारी भूमिका खेल्दछ।

### ४.४.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले बालबालिकाको स्वास्थ्य, पोषण र समग्र विकासलाई सुनिश्चित गर्न विद्यालय स्तरमा विभिन्न प्रभावकारी एवं स्वास्थ्यमैत्री कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। यसै अन्तर्गत नगरपालिका भित्रका सामुदायिक विद्यालयमा बालविकास (ECD) देखि कक्षा ५ सम्म अध्ययनरत ४,११६ जना विद्यार्थीहरूका लागि नेपाल सरकारको व्यवस्थापनमा दिवाखाजा कार्यक्रम सञ्चालन भइरहेको छ। यस कार्यक्रमले विशेष गरी आर्थिक रूपमा विपन्न तथा कमजोर परिवारका बालबालिकाहरूलाई पोषणको प्रत्याभूति गराउनुका साथै उनीहरूको प्रारम्भिक शैक्षिक जगलाई बलियो बनाउन महत्त्वपूर्ण योगदान पुऱ्याएको छ ।

विद्यालयहरूमा लैङ्गिक संवेदनशीलता र सरसफाइलाई ध्यानमा राख्दै नगरपालिकाले भौतिक पूर्वाधार विकासमा समेत विशेष जोड दिएको छ। हाल सबै माध्यमिक र अधिकांश आधारभूत विद्यालयहरूमा छात्र तथा छात्राहरूका लागि छुट्टाछुट्टै शौचालयको निर्माण भइसकेको छ भने बाँकी रहेका विद्यालयहरूमा पनि निर्माण प्रक्रिया द्रुत गतिमा अघि बढाइएको छ। यसका साथै, कक्षा ६ देखि १२ सम्म अध्ययनरत २,११६ जना छात्राहरूको महिनावारी स्वच्छता व्यवस्थापनलाई सहज बनाउन विद्यालयहरूमा निःशुल्क सेनिटरी प्याड वितरण गर्ने व्यवस्था मिलाइएको छ । नगरपालिकाले सामुदायिक माध्यमिक तथा आधारभूत तह कक्षा ८ सम्म सञ्चालित विद्यालयहरूमा स्वास्थ्य हेरचाहका लागि 'विद्यालय नर्स' कार्यक्रम मार्फत २ जना नर्सको समेत व्यवस्थापन गरेको छ।

बालबालिकाको तत्कालिन स्वास्थ्य सुरक्षा र पोषण सुधारका लागि सबै विद्यालयहरूमा प्राथमिक उपचार सामाग्री (फर्स्ट एड बक्स) को व्यवस्था गरिएको छ भने बालिकाहरूको स्वास्थ्यलाई ध्यानमा राखी नियमित रूपमा आइरन चक्की वितरण गर्ने गरिएको छ । समग्रमा, नगरपालिकाद्वारा सञ्चालित यी स्वास्थ्य तथा पोषणसम्बन्धी लक्षित कार्यक्रमहरूले विद्यार्थीहरूको स्वास्थ्यमा सुधार

ल्याउन, कुपोषण न्यूनीकरण गर्न, विद्यालयमा उनीहरूको नियमित उपस्थिति बढाउन र सिकाइ उपलब्धिलाई सुदृढ पार्दै शिक्षामा समता र समावेशीकरणलाई प्रवर्द्धन गर्न अत्यन्तै महत्त्वपूर्ण भूमिका खेलेका छन् ।

## ४.४.२ उद्धेश्य

- विद्यालयमा बालबालिकाहरूलाई स्वस्थ र पोषणयुक्त खानाको सुनिश्चित गर्नु ।
- विद्यालयमा स्वास्थ्य, पोषण र सरसफाइ सम्बन्धी सेवाहरूको स्तरलाई थप प्रभावकारी बनाउनु ।
- बालबालिकाको स्वास्थ्य र पोषणको अवस्थामा सुधार गरी सिकाइको स्तर वृद्धि गर्नु ।

## ४.४.३ रणनीति

- सबै सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकासदेखि कक्षा १२ सम्मका विद्यार्थीलाई ताजा र पोषिलो खाजा खुवाउने सुनिश्चित गर्ने।
- विद्यालयको भान्छा र भण्डारण कक्षलाई व्यवस्थित गर्ने, सफा भाँडावर्तनको प्रयोग गर्ने र सामूहिक रूपमा हात धुने ठाउँहरूको विस्तार गर्ने।
- पर्याप्त पानी, साबुन र सफाइ सामग्रीको व्यवस्था गर्ने तथा छात्र र छात्राका लागि छुट्टाछुट्टै शौचालय एवं किशोरीहरूका लागि लुगा फेर्ने कोठा (चेन्ज रुम) को सुनिश्चितता गर्ने।
- प्राथमिक उपचार किट उपलब्ध गराउने र विद्यार्थीहरूको नियमित स्वास्थ्य जाँच, जुकाको औषधि एवं सूक्ष्म पोषक तत्व वितरण गर्ने।
- किशोरीहरूको महिनावारी स्वास्थ्यलाई ध्यानमा राख्दै सेनेटरी प्याड वितरणलाई प्रभावकारी बनाउने।
- विद्यार्थी, शिक्षक र अभिभावकहरूलाई पोषण, व्यक्तिगत स्वच्छता र महिनावारी व्यवस्थापनका बारेमा सचेत गराउने कार्यक्रमहरू चलाउने।
- अपाङ्गता भएका, विपन्न र आर्थिक रूपमा कमजोर विद्यार्थीहरूलाई प्राथमिकतामा राखेर कार्यक्रमहरू सञ्चालन गर्ने।
- शिक्षक तथा कर्मचारीहरूलाई तालिम दिने र स्वास्थ्य, पोषण एवं सरसफाइका कार्यक्रमहरूलाई कृषि र स्वास्थ्य क्षेत्रसँग समन्वय गरी अगाडि बढाउने।
- कार्यक्रमको प्रभावकारिता बुझ्न अभिभावक र समुदायलाई सहभागी गराउँदै नियमित रूपमा अनुगमन, मूल्याङ्कन र सुधारका कार्यहरू गर्ने।

## ४.४.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

विद्यालयका सबै बालबालिकाको स्वास्थ्य र पोषणमा सुधार भई सुरक्षित तथा स्वस्थ वातावरणमा राम्रो सिकाइको सुनिश्चित भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | प्रारम्भिक बालविकास र शिक्षामा भर्ना भएका बालबालिका मध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिकाको (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| २ | कक्षा १ मा भर्ना भएका बालबालिकामध्ये आवश्यक खोप प्राप्त गरेका बालबालिका* (%) | १०० | १०० | १०० | १०० | १०० | १०० |
| ३ | दिवा खाजा प्राप्त गर्ने कक्षा | ५ | ५ | ५ | ५ | ५ | ५ |
| ४ | वार्षिकरूपमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने विद्यालयको सङ्ख्या | ० | ८ | १३ | २१ | २३ | सबै |
| ५ | खानेपानी, शौचालय र प्राथमिक स्वास्थ्य सेवाको पहुँच पुगेका विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| ६ | नर्सिङ सेवा तथा सुविधा पुगेका विद्यालय सङ्ख्या | १३ | १३ | सबै | सबै | सबै | सबै |

## ४.४.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | दिवा खाजा कार्यक्रम (बालविकासदेखि कक्षा ५ सम्म) | जना | ३९३९ | ४१०० | ४३०० | ४५०० | ४७०० | |
| २ | सामुदायिक विद्यालयका छात्राहरूलाई निःशुल्क स्यानिटरी प्याड व्यवस्थापनका लागि प्रति विद्यार्थी अनुदान | जना | २३८२ | २५०० | २७०० | २९०० | ३००० | |
| ३ | विद्यालय पोषण र दिवाखाजा सम्बन्धी कार्यविधि तयार गर्ने र कार्यान्वयन गर्ने। | पटक | १ | | | | | आवश्यकता अनुसार १ पटक |
| ४ | साबुन, पानी, सरसफाइ सामग्री र सेनेटरी प्याड उपलब्ध गराउने। | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | नियमित |
| ५ | प्राथमिक उपचार कक्ष सञ्चालन, स्वास्थ्य जाँच र पोषण तत्व वितरण | विद्यालय | ३४ | सबै | सबै | सबै | सबै | सबै विद्यालयलाइ वर्षको १ पटक |
| ६ | विद्यार्थी, शिक्षक र अभिभावकलाई पोषण, स्वास्थ्य र स्वच्छतासम्बन्धी सचेतनामूलक कार्यक्रम। | पटक | नियमित | नियमित | नियमित | नियमित | नियमित | सबैलाइ आवश्यकता अनुसार नियमित |

## ४.५ विद्यालय सुरक्षा, विपत् न्यूनीकरण तथा उत्थानशीलता

विद्यालयहरूलाई सुरक्षित र उत्थानशील बनाउनका लागि विभिन्न रणनीतिक कार्यक्रमहरू अवलम्बन गरिएको छ। बालमैत्री विद्यालय राष्ट्रिय प्रारूप २०६७, विद्यालय शिक्षाका लागि एकीकृत समता रणनीति २०७१, र बृहत् विद्यालय सुरक्षा न्यूनतम प्याकेज २०७५ मा तोकिएका विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यविधिहरूलाई मुख्य आधार बनाइएको छ। त्यसैगरी, बृहत् विद्यालय सुरक्षा गुरुयोजना २०७४ र राष्ट्रिय शिक्षा नीति २०७६ ले पनि विपत्को समयमा विद्यालय शिक्षाको निरन्तरता, जोखिम न्यूनीकरण, र समुदायमा उत्थानशीलता विकास गर्ने कुरालाई विशेष जोड दिएका छन्।

प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका बेला बालबालिकाको सिकाइ प्रक्रियालाई रोकिन नदिनु अत्यन्तै आवश्यक हुन्छ । यदि भौतिक रूपमा विद्यालय भवनमा क्षति पुगेको छ भने पनि वैकल्पिक कक्षा, अनलाइन शिक्षा वा समुदायमा आधारित सिकाइका उपायहरू अपनाउनुपर्छ । शैक्षिक सामग्रीको उपलब्धता, शिक्षकहरूको विशेष तालिम र विद्यार्थीहरूको पहुँचलाई ध्यानमा राख्दै सबै बालबालिकाले संकटको समयमा पनि समान रूपमा सिक्ने अवसर पाउनुपर्छ। आपतकालीन समयमा प्रदान गरिने शिक्षाले विद्यार्थीको पढाइलाई मात्र अगाडि बढाउँदैन, बरु उनीहरूको मानसिक स्वास्थ्य, व्यक्तिगत सुरक्षा र सामाजिक सुरक्षालाई समेत मजबुत बनाउन सहयोग गर्दछ। यस्तो समयमा दिइने शिक्षाले समाजलाई समावेशी बनाउन र मुलुकको दीर्घकालीन विकासमा महत्त्वपूर्ण योगदान पुऱ्याउँछ।

### ४.५.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले प्राकृतिक प्रकोप वा स्वास्थ्य संकट जस्ता आपतकालीन अवस्थामा पनि बालबालिकाको शिक्षालाई निरन्तरता दिन विभिन्न पूर्वतयारी र सुधारात्मक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। संकटको समयमा विद्यालय भवनहरू क्षतिग्रस्त वा असुरक्षित भए तापनि वैकल्पिक कक्षाकोठा, सामुदायिक केन्द्र वा घरमा आधारित सिकाइ (Home-based learning) को माध्यमबाट शिक्षण उपलब्ध गराइने व्यवस्था मिलाइएको छ। यस प्रक्रियालाई प्रभावकारी बनाउन स्थानीय सरकार, शिक्षक र विद्यालय व्यवस्थापन समितिबिच आपसी सहकार्य सुदृढ गरिएको छ, जस अन्तर्गत संकटमा परेका बालबालिकाहरूलाई आवश्यक शैक्षिक सामग्री वितरण गर्ने तथा अनलाइन वा टेलिफोन जस्ता वैकल्पिक माध्यमबाट सिकाइलाई निरन्तरता दिने कार्य भइरहेको छ। साथै, शिक्षकहरूलाई आपतकालीन शिक्षासम्बन्धी विशेष तालिम प्रदान गरिएको छ भने अभिभावक र समुदायलाई समेत बालबालिकाको सिकाइमा सहयोग पुऱ्याउन नियमित अभिमुखीकरण गर्ने गरिएको छ।

यद्यपि, नगरपालिकाका केही दुर्गम क्षेत्रमा बसोबास गर्ने बालबालिकाहरूका लागि अनलाइन पहुँच, आधुनिक डिजिटल उपकरण र पर्याप्त शैक्षिक स्रोतसाधनको अभाव हुनु अझै पनि एक प्रमुख चुनौतीको रूपमा रहेको छ। यसले गर्दा आपतकालीन अवस्थामा सबै विद्यार्थीहरूको सिकाइ उपलब्धि एकैनासको हुन नसकेको र प्रभावकारी सिकाइमा अवरोध पुगेको देखिन्छ । यस

समस्यालाई सम्बोधन गर्न र विषम परिस्थितिमा पनि शिक्षाको समान पहुँच सुनिश्चित गर्नका लागि नगरपालिकाले आपतकालीन शिक्षामा पहुँच बढाउन, आवश्यक सामग्रीको समतामूलक वितरण गर्न र समावेशीतालाई पूर्ण रूपमा लागू गर्न थप योजना तर्जुमा तथा अतिरिक्त स्रोतसाधनको व्यवस्थापनमा निरन्तर जोड दिँदै आएको छ ।

## ४.५.२ उद्धेश्य

- प्राकृतिक प्रकोप, महामारी वा अन्य संकटका समयमा पनि सबै बालबालिकाले समान रूपमा शिक्षा प्राप्त गर्ने अवसर र पहुँच सुनिश्चित गर्ने ।
- आपतकालीन अवस्थामा बालबालिकाको सुरक्षा र मानसिक स्वास्थ्यको ख्याल राख्दै समावेशी सिकाइलाई अगाडि बढाउने ।
- संकटको समयमा पनि शैक्षिक वातावरण कायम राख्दै दीर्घकालीन विकासमा मद्दत पुर्‍याउने ।

## ४.५.३ रणनीति

- सरकारको विपद् कार्यविधिलाई लागु गर्न संयन्त्र बनाउने र नगरपालिका स्तरमा विद्यालय शिक्षा उपसमितिसहितको विपद् व्यवस्थापन समिति गठन गरिनेछ ।
- विज्ञहरूको सल्लाहमा वैकल्पिक सिकाइ पाठ योजनाहरू तयार गर्ने, टोल शिक्षा सञ्चालन गर्ने र महामारी वा संकटको बेला रेडियो, टेलिभिजन, एफ एम जस्ता सञ्चार माध्यमसँग समन्वय गरी शिक्षण कार्य सुचारु गरिनेछ ।
- विपद् थेग्न सक्ने विद्यालय पूर्वाधार र प्रत्येक विद्यालयमा आपतकालीन प्रतिकार्य योजनाका साथै पूर्वतयारी स्वरूप 'ड्रिल' अभ्यासहरूलाई वार्षिक योजनामा समावेश गरिनेछ ।
- शिक्षक, कर्मचारी र विद्यार्थीहरूलाई विपद् व्यवस्थापन, जलवायु परिवर्तन र आपतकालीन तयारी सम्बन्धी सैद्धान्तिक ज्ञान तथा व्यावहारिक तालिम प्रदान गरिनेछ ।
- संकटको समयमा पनि बालबालिकाको शिक्षा पाउने अधिकार सुरक्षित गर्दै सिकाइलाई निरन्तरता दिने र संकटले पारेका अल्पकालीन तथा दीर्घकालीन प्रभावहरूको समाधान गरिनेछ ।
- आपतकालीन शिक्षामा अभिभावक र समुदायलाई सक्रिय रूपमा सहभागी गराउने र संकट व्यवस्थापनका कार्यहरूको नियमित अनुगमन तथा मूल्याङ्कन गरी सुधार गरिनेछ ।
- विद्यालय बनाइने विद्यालय सुधार योजनामा विपद् व्यवस्थापनलाई समेट्दै हरित विद्यालय र दिगो विकास सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरिनेछ ।

## ४.५.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

विपत् व्यवस्थापन प्रतिकार्यको संयन्त्र र कार्यढाँचा विकास भई आपतकालीन अवस्थामा वैकल्पिक सिकाइका विधि प्रयोग गरी बालबालिकाको सिक्न पाउने अधिकारको सुनिश्चित भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | बालबालिकालाई महामारी तथा विपत् जोखिम न्यूनीकरणसम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्न सक्ने सामुदायिक माध्यमिक विद्यालय सङ्ख्या | ११ | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर | निरन्तर |
| २ | हरित विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | निरन्तर |
| ३ | जलवायु परिवर्तन तथा दिगो विकासका निम्ति शिक्षा जस्ता कार्यक्रम कार्यान्वयन गर्न सक्ने माध्यमिक विद्यालय सङ्ख्या | ११ | सबै | सबै | सबै | सबै | निरन्तर |

## ४.५.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौं वर्ष | जम्मा |
| १ | स्थानीय कार्यविधि अनुसार आपतकालीन शिक्षा योजना लागु | पटक | | १ | | १ | | आवश्यकता अनुसार |
| २ | नगरपालिका स्तरमा विपद् व्यवस्थापन समिति गठन | वटा | १ | १ | १ | १ | १ | निरन्तर |
| ३ | प्रधानाध्यापकलाई तालिम | पटक | | १ | | १ | | आवश्यकता अनुसार |
| ४ | विद्यार्थी र शिक्षकमा विपद् सचेतना कार्यक्रम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार |
| ५ | अभिभावकलाई पनि सचेतनामा सहभागी बनाउने । | पटक | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार |
| ६ | वैकल्पिक सिकाइ उपाय तयार राख्ने । | वटा | ११ | ११ | ११ | ११ | ११ | आवश्यकता अनुसार |
| ८ | स्थानीय रेडियो, टेलिभिजन र सञ्चारसँग समन्वय गर्ने। | वटा | नियमित | | | | | आवश्यकता अनुसार |

## ४.६ विद्यालय भौतिक पूर्वाधार विकास

विद्यालयमा सुरक्षित र गुणस्तरीय शिक्षा प्रदान गर्न भौतिक पूर्वाधारलाई एक अनिवार्य सर्तका रूपमा लिइएको छ। शिक्षा नियमावली २०५९ ले कक्षाकोठामा प्रति विद्यार्थी हुनुपर्ने न्यूनतम क्षेत्रफल तोकेको छ, जसअनुसार प्रारम्भिक बालविकास र आधारभूत तहका सुरुवाती कक्षामा ०.७५ वर्ग मिटर तथा उच्च आधारभूत र माध्यमिक तहमा १.०० वर्ग मिटर क्षेत्रफल हुनुपर्ने व्यवस्था छ। विद्यालयमा सुरक्षित भवन, पर्याप्त कक्षाकोठा, खेलमैदान, शौचालय, स्वच्छ खानेपानी, सफाइ र पुस्तकालय जस्ता सुविधाहरू हुनुपर्ने उल्लेख छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले

विद्यालयलाई बालमैत्री, सुरक्षित, वातावरणमैत्री (हरित) र विपद् जोखिमबाट मुक्त बनाउने लक्ष्य राखेको छ। व्यवस्थित भौतिक पूर्वाधारले शिक्षामा पहुँच मात्र बढाउँदैन, बरु बालबालिकाको सिकाइ अनुभव, स्वास्थ्य र समग्र व्यक्तित्व विकासमा समेत महत्त्वपूर्ण योगदान पुऱ्याउँछ ।

## ४.६.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले बालबालिकाका लागि सुरक्षित र गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यका साथ विद्यालयको भौतिक पूर्वाधार विकासमा निरन्तर प्रयत्न गरिरहेको छ। यहाँका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा कक्षाकोठा, खेलमैदान, शौचालय, फर्निचर, पिउने पानी र पुस्तकालय जस्ता आधारभूत सुविधाहरू (अनुसूची) उपलब्ध छन् । साथै, विद्यालयहरूलाई सुरक्षित, बालमैत्री र वातावरणमैत्री (हरित विद्यालय) बनाउने नीतिअनुरूप कामहरू भइरहेकोछ ।

यद्यपि, अझै पनि केही विद्यालयहरूमा भवन विस्तार, खेलमैदान व्यवस्थापन र सरसफाइ सुविधामा सुधार गर्नुपर्ने आवश्यकता देखिन्छ। सबै शिक्षण संस्थामा विपद् प्रतिरोधी संरचना निर्माण, पर्याप्त खेल क्षेत्र र व्यवस्थित पुस्तकालय सुनिश्चित गर्न थप प्रयासहरू भइरहेका छन्। समग्रमा, बर्दघाट नगरपालिकाले विद्यालयको भौतिक अवस्था सुधार्न ठोस कदम चालेको भए तापनि आगामी दिनमा समावेशी पहुँच, सुरक्षित वातावरण र विपद् जोखिम न्यूनीकरणका लागि थप योजना र स्रोत-साधनको परिचालन गर्नुपर्ने देखिन्छ।

## ४.६.२ उद्धेश्य

- विद्यालयमा हुने बालबालिकाको सिकाइ, स्वास्थ्य र खेलकुदलाई मध्यनजर गर्दै पर्याप्त, सुरक्षित र सबैको पहुँच पुग्ने समावेशी भौतिक संरचनाहरूको व्यवस्था गर्नु ।
- विद्यालयका भवन तथा अन्य भौतिक सुविधाहरूलाई बालमैत्री, वातावरणीय रूपमा स्वच्छ र विपद्को जोखिमबाट सुरक्षित बनाउँदै लामो समयसम्म टिक्ने गरी विकास गर्नु ।

## ४.६.३ रणनीति

- विद्यालयको तह र विद्यार्थी सङ्ख्या अनुसार पूर्वाधार विकासका मापदण्ड अनुसार निर्माणका लागि विभिन्न सरोकारवालाहरूसँग लागत साझेदारी गरिनेछ ।
- विद्यार्थीको पहुँच र समावेशीतालाई ध्यान दिइ कक्षाकोठा, प्रशासनिक कक्ष, खानेपानी, शौचालय र भान्छा जस्ता पक्षहरू समेटेर पूर्वाधारको डिजाइन गरिनेछ ।
- प्रकोपबाट क्षतिग्रस्त भवनहरूको तुरुन्त वैकल्पिक व्यवस्थासहित स्तरीकरण गर्ने र आंशिक क्षति भएका संरचनाहरूको नियमित मर्मत सम्भार गरिनेछ ।
- विद्यालयलाई विपद् जोखिममुक्त, सुरक्षित र हरित बनाउनुको साथै बालमैत्री, छात्रामैत्री, अपाङ्गतामैत्री र हिंसा रहित सिकाइ केन्द्रको रूपमा विकास गरिनेछ ।
- विद्यार्थीका लागि खेल मैदान, पुस्तकालय, विषयगत प्रयोगशाला र अन्य सिकाइका स्रोतहरू सुनिश्चित गरिनेछ ।
- पूर्वाधार निर्माणसँगै व्यवस्थापन र संस्थागत क्षमता बढाउने तथा सूचकहरू तयार गरी नियमित अनुगमन र मूल्याङ्कन मार्फत पूर्वाधारको प्रभावकारिता र टिकाउपन सुनिश्चित गरिनेछ ।

## ४.६.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

सबै विद्यालयमा पर्याप्त भौतिक संरचना निर्माण भई सुरक्षित भौतिक अवस्थासहितको विद्यालयमा अध्ययन गर्ने अवसर प्राप्त भएको हुनेछ ।

**नतिजा तथा परिमाणात्मक लक्ष्य**

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | भूकम्प प्रतिरोधी संरचना भएको विद्यालय थप हुने संख्या | १ | ३ | ३ | ३ | ३ | ३ |
| २ | नयाँ निर्माण गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | ४ | १२ | १२ | १२ | १२ | १२ |
| ३ | हरेक वर्ष मर्मत सुधार गर्नुपर्ने कक्षाकोठा सङ्ख्या | २५ | २० | ३० | ४० | ५० | ६० |
| ४ | नयाँ निर्माण गर्नुपर्ने शौचालय सङ्ख्या | २ | २ | ५ | ४ | ३ | १ |
| ५ | बाढी पहिरो लगायतका प्रकोप न्यूनीकरणका लागि कार्य गर्नुपर्ने विद्यालय सङ्ख्या | ० | १ | १ | १ | १ | १ |

## ४.६.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | विद्यालयको तह र विद्यार्थी सङ्ख्याको आधारमा पूर्वाधार मापदण्ड निर्धारण | पटक | | १ | | १ | | आवश्यकता अनुसार १ पटक र थप परिमार्जन |
| २ | संघसंस्था र सरोकारवालासँग समन्वय गरी पूर्वाधार निर्माणको लागत साझेदारी | संख्या | नियमित | | | | | आवश्यकता अनुसार |
| ३ | कक्षाकोठा, शिक्षक/प्रधानाध्यापक कक्ष, प्रशासनिक कक्ष, शौचालय, पानी, भान्छा/खाजा घर लगायत समग्र पूर्वाधार डिजाईन र निर्माण | संख्या | १ | ५ | ५ | ५ | १ | आवश्यकता अनुसार थप हुँदै जाने |
| ४ | प्रकोप प्रभावित विद्यालय भवनको तुरुन्त स्तरोन्नति र वैकल्पिक व्यवस्थाको आयोजना गर्नुपर्ने । | पटक | | | | | | नियमित आवश्यकता अनुसार |

## ४.७ विद्यालयमा सूचना तथा सञ्चा र प्रविधि

विद्यालय शिक्षाको गुणस्तर सुधार गर्दै सहर र गाउँ, सुगम र दुर्गम, तथा निजी र सामुदायिक विद्यालयहरू बीच रहेको शैक्षिक गुणस्तरको खाडल कम गर्न सूचना तथा सञ्चार प्रविधि अनिवार्य छ। यसले विद्यार्थीहरूलाई विश्वव्यापी ज्ञानको भण्डारमा पहुँच पुऱ्याई उनीहरूको सिकाइको क्षेत्रलाई फराकिलो बनाउँछ। साथै, शिक्षण सिकाइ क्रियाकलापमा सुधार ल्याउन, शैक्षिक सामग्रीमा पहुँच बढाउन र शैक्षिक प्रशासनलाई बलियो बनाउन यो अपरिहार्य रहेको छ। नेपालको संविधान २०७२ ले प्रत्येक नागरिकको सूचना माग्ने र पाउने हकलाई मौलिक हकका रूपमा स्वीकार गरेको छ। त्यसैगरी, नेपालको 'सूचना तथा सञ्चार प्रविधि नीति, २०७२' ले पनि सूचना संरचनामा पहुँच पुऱ्याउने विषयमा स्पष्ट नीति निर्धारण गरेको छ। प्रविधिको प्रयोगले विद्यार्थीहरूमा डिजिटल विभेद कम गर्न र प्रविधिलाई सिकाइको प्रभावकारी साधन बनाउन मद्दत पुऱ्याउँछ। यसले शिक्षाको व्यवस्थापकीय र शासकीय पद्धतिलाई कुशल एवं पारदर्शी बनाउँदै सुशासनको प्रत्याभूति दिन्छ। ICT मार्फत बहु-माध्यमिक सामग्री, अनलाइन स्रोत, डिजिटल कक्षाकोठा र शिक्षण सफ्टवेयरको प्रयोग गरी सिकाइलाई थप प्रभावकारी, आधुनिक र सहभागी बनाउन सकिन्छ। यसले पाठ्यक्रम अनुसारको सिकाइ अनुभवलाई समृद्ध तुल्याउँछ। यस प्रविधिको प्रयोगले विद्यार्थीहरूलाई खोज, अनुसन्धान, प्रोजेक्ट कार्य र संवादात्मक सिकाइमा सहभागी गराई उनीहरूलाई सक्रिय र रचनात्मक बनाउँछ। यसले शिक्षण प्रक्रियालाई विद्यार्थी केन्द्रित बनाउनुका साथै सहकार्य र डिजिटल सीप विकासमा ठूलो सहयोग पुऱ्याउँछ।समग्रमा, सूचना तथा सञ्चार प्रविधिको प्रयोगले केवल ज्ञान प्राप्तिमा सहजता मात्र नभई भविष्यका लागि दक्ष, सृजनशील र प्रतिस्पर्धी नागरिक तयार पार्न आधारभूत भूमिका खेल्दछ ।

### ४.७.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाका विद्यालयहरूमा सूचना तथा सञ्चार प्रविधि (ICT) को वर्तमान अवस्था हेर्दा केही सुगम र ठुला माध्यमिक विद्यालयहरूमा कम्प्युटर ल्याब र स्मार्ट बोर्डमार्फत प्रविधिमैत्री शिक्षण अभ्यासको सुरुवात भएको छ भने विद्यालयको प्रशासनिक कार्यमा पनि प्रविधिको प्रयोग बढेको छ । सबै जसो विद्यालयमा इन्टरनेट प्रयोग र इमिसको तथ्यांक व्यवस्थापनको काम प्रभावकारी रुपमा सञ्चालन हुँदै आएको छ । यद्यपि, भौगोलिक रूपमा दुर्गम तथा स्रोतसाधनको अभाव झेलिरहेका प्राथमिक र आधारभूत विद्यालयहरूमा अझै पनि पर्याप्त कम्प्युटर उपकरण, तीव्र गतिको इन्टरनेट र डिजिटल शैक्षिक सामग्रीको पहुँच पुग्न सकेको छैन । यसका साथै, उपलब्ध प्रविधिलाई कक्षाकोठाको नियमित सिकाइ प्रक्रियामा जोड्न सक्ने दक्ष र सूचना प्रविधि मैत्री शिक्षक दरबन्दीको कमी हुनु अहिलेको मुख्य चुनौतीको रूपमा रहेको छ ।

बर्दघाट नगरपालिकाले सबै विद्यालयहरूमा प्रविधिको समतामूलक पहुँच सुनिश्चित गर्दै डिजिटल सक्षमता बढाउने लक्ष्य राखेको छ । यसका लागि 'एक शिक्षक, एक ल्याप्टपट' कार्यक्रम सञ्चालन गर्दै आएको र आर्थिक वर्ष २०८२।८३ को विशेष अनुदानको प्रविधिमैत्री शिक्षण सिकाइको लागि विनियोजित वजेटबाट प्रत्येक विद्यालयलाइ इन्ट्र्याक्टीभ स्मार्ट बोर्ड र माध्यमिक तहका सबै कक्षाहरु प्रविधिमैत्री बनाउने अभियानमा छ । नगरपालिका परम्परागत शिक्षण विधिलाई प्रतिस्थापन

गर्दै अडियो-भिजुअल र मल्टिमिडियामा आधारित स्मार्ट क्लासरुमहरूको विस्तार गर्ने, शिक्षकहरूका लागि निरन्तर सूचना प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्ने र सक्रिय सहयोगात्मक सिकाइ क्रियाकलापबाट शैक्षिक सुधार गर्ने अभियानमा छ । प्रविधिलाई केवल एउटा विषयका रूपमा मात्र नभई समग्र शिक्षण र मूल्याङ्कन पद्धतिको अभिन्न अङ्ग बनाएर बर्दघाटका बालबालिकाहरूलाई २१ औं शताब्दी अनुकूलको प्रतिस्पर्धी र डिजिटल रूपमा साक्षर नागरिक बनाउने सोच नगरपालिकाले राखेको छ ।

## ४.७.२ उद्धेश्य

- प्रत्येक विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको सुविधा पुऱ्याएर शिक्षक र विद्यार्थी दुवैको सिक्ने सिकाउने अनुभवलाई थप स्तरीय र नतिजामुखी बनाउनु।
- प्रविधिको सही प्रयोगद्वारा विद्यार्थीहरूमा डिजिटल सीप, खोजमूलक बानी, आपसमा मिलेर काम गर्ने क्षमता र नयाँ सोच्ने शक्तिको विकास गरी सबैका लागि गुणस्तरीय र समतामूलक शिक्षा सुनिश्चित गर्नु ।

## ४.७.३ रणनीति

- सबै विद्यालयमा कम्प्युटर, प्रोजेक्टर र स्मार्ट बोर्ड जस्ता सूचना प्रविधिका आधारभूत साधनहरू उपलब्ध गराउइनेछ ।
- प्रविधिको सही प्रयोगका लागि शिक्षकहरूलाई आवश्यक तालिम र कार्यशालाको व्यवस्था गरिनेछ ।
- कक्षा र विषय अनुसारका अन्तरक्रियात्मक डिजिटल पाठहरू तयार गरी तिनको प्रयोगमा जोड दिइनेछ ।
- सिक्ने सिकाउने कार्यमा सहयोग पुऱ्याउन, विद्यार्थीको मूल्याङ्कन गर्न र पृष्ठपोषण दिन प्रविधिको प्रयोग गरिनेछ ।
- सिकाइ सहजिकरणको लागि इन्टरनेटको माध्यमबाट विद्यार्थी र विद्यालयलाई विभिन्न शैक्षिक स्रोत र सामग्रीहरूमा जोडिने कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- विद्यालयको प्रशासनिक व्यवस्थापन र सेवा प्रवाहलाई प्रविधिमैत्री बनाउने।
- सामुदायिक सिकाइ केन्द्रहरूमा प्रविधिको विस्तार गरी दुर्गमका विद्यालयमा मोबाइल वा अनलाइनका माध्यमबाट पहुँच सुनिश्चित गरिनेछ ।
- प्रविधि मार्फत विद्यार्थीहरूलाई खोज, अनुसन्धान र परियोजनामा आधारित सिकाइमा सहभागी गराइनेछ।
- प्रविधि प्रयोगको नियमित अनुगमन र मूल्याङ्कन गरी यसलाई योजनाबद्ध रूपमा सुधार गर्दै लगिनेछ ।

## ४.७.४ प्रमुख उपलब्धि तथा नतिजा

### योजना कार्यान्वयनबाट हुने उपलब्धि

- विद्यालयमा सूचना तथा सञ्चार प्रविधिको विस्तार भई प्रभावकारी ढङ्गबाट सिकाइमा सहजीकरण भएको हुनेछ ।
- सूचना तथा सञ्चार प्रविधिको प्रयोगबाट विद्यार्थीको सिकाइ उपलब्धिमा सुधार आएको हुनेछ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष २०८३ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | इन्टरनेट जडान भएका सामुदायिक विद्यालयको सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| २ | शिक्षण-सिकाइ क्रियाकलापमा कम्प्युटर लगायतको प्रविधिको उपयोग भएका सामुदायिक विद्यालय सङ्ख्या | १८ | २० | २५ | सबै | सबै | सबै |
| ३ | मुख्य विषयमा डिजिटल पाठ्यसामग्री प्रयोग गर्ने सामुदायिक विद्यालय सङ्ख्या | १८ | २० | २५ | सबै | सबै | सबै |
| ४ | व्यवस्थापकीय कार्यमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग गर्ने सामुदायिक विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | विद्युत्को पहुँच पुगेका सामुदायिक विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |

## ४.७.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष | जम्मा |
| १ | विद्यालयमा भर्चुअल शिक्षण, इलर्निङ, पुस्तकालय र विज्ञान प्रयोगशालाका लागि सामग्री तथा उपकरण व्यवस्थापन र सञ्चालन | वटा | १८ | ३ | ३ | ३ | ३ | आवश्यकता भएका सबैलाइ प्रयास हुने |
| २ | विद्यालय शिक्षकका लागि सूचना प्रविधिसम्बन्धी क्षमता विकास | पटक | २ | २ | २ | २ | २ | वर्षको २ पटक |
| ३ | सबै सामुदायिक विद्यालयमा इन्टरनेट सुविधाका लागि अनुदान | वटा | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| ४ | "एक विद्यार्थी, एक क्षमता" कार्यक्रम सञ्चालन गर्न विद्यार्थी प्रतिभा फाइल (Students digital Profile) निर्माण र प्रतिभा प्रदर्शन गर्ने सामुदायिक विद्यालय | वटा | ४ | १० | १० | १० | सबै | सबै |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | सबै सामुदायिक विद्यालयमा विद्यार्थी डिजिटल/स्मार्ट हाजिरी व्यवस्थापन | वटा | ० | ६ | ५ | ४ | २ | मा.वि. र आधारभूत सबै |
| ६ | नमुनाको रूपमा डिजिटल सिकाइ कक्षा व्यवस्थापन तथा सञ्चालन भएको सामुदायिक विद्यालय | वटा | ३४ | सबै | सबै | सबै | सबै | सबै |

# परिच्छेद ५

# सुशासन तथा व्यवस्थापन

शिक्षा जस्तो महत्त्वपूर्ण सार्वजनिक सेवालाई प्रभावकारी र नतिजामुखी बनाउन सुशासन र कुशल व्यवस्थापनको भूमिका आधारभूत रहन्छ। सुशासनले उत्तरदायित्व, पारदर्शिता, विधिको शासन र समावेशी सहभागिता जस्ता मान्यताहरूलाई सुनिश्चित गर्दै योजनाका लक्ष्यहरू प्राप्त गर्न मद्दत गर्दछ। विद्यालय शिक्षामा सुशासन कायम गर्न तीनै तहका सरकार, विद्यालय, समुदाय र विकास साझेदारहरूको आपसी समन्वय र योगदान आवश्यक हुन्छ। नेपालको संवैधानिक व्यवस्था अनुसार शिक्षाको शासकीय र व्यवस्थापकीय पक्षलाई व्यवस्थित गर्न उपयुक्त संस्थागत संरचना, क्षमता विकास, जिम्मेवारीपूर्ण व्यवस्थापन र प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणालीको स्थापना गर्नु अनिवार्य छ। विशेष गरी विद्यार्थीको सिकाइप्रति जवाफदेही बन्दै कार्यसम्पादनमा पारदर्शीता र कुशलता ल्याउनु नै यसको मुख्य ध्येय हो ।

## ५.१ शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास

नेपालको शिक्षा क्षेत्रको संस्थागत संरचनालाई संघीय स्वरूप अनुसार तीनै तहमा व्यवस्थित गरिएको छ, जहाँ शैक्षिक सेवाको निरन्तरताका लागि कर्मचारी व्यवस्थापन र संगठनात्मक सुधारलाई प्राथमिकता दिइएको छ। वर्तमान शासकीय संरचनामा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयको नेतृत्वमा शिक्षा तथा मानवस्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शैक्षिक गुणस्तर परीक्षण केन्द्र जस्ता निकायहरू कार्यरत छन्। साथै, राष्ट्रिय परीक्षा बोर्ड र शिक्षक सेवा आयोग जस्ता स्वायत्त संस्थाहरू पनि यस प्रक्रियामा सक्रियछन् । प्रदेश तहमा ७ वटा शिक्षा तालिम केन्द्रहरू हस्तान्तरण भई सञ्चालनमा रहेका छन् भने जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइहरू स्थापना गरिएका छन् । प्रत्येक स्थानीय तहमा शिक्षा, युवा तथा खेलकुद महाशाखा वा शाखाहरू मार्फत सेवा प्रवाह भइरहेको छ ।

बदलिँदो परिवेश, प्रविधिको विकास र सामाजिक चेतनालाई आत्मसात् गर्दै शिक्षामा सुशासन कायम गर्न स्थानीय तहका अधिकार र दायित्वहरूलाई थप स्पष्ट पारिएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई २३ वटा विशिष्ट अधिकारहरू प्रदान गरेको छ, जसको सफल कार्यान्वयनका लागि नगर कार्यपालिका, नगर शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति जस्ता संयन्त्रहरू सक्रिय रहेका छन् । शैक्षिक योजनाहरूको प्रभावकारी कार्यान्वयनका लागि सरोकारवालाहरूको क्षमता विकास, सहभागितामूलक योजना निर्माण र स्पष्ट नीतिगत व्यवस्था हुनु अनिवार्य छ। जब यी सबै तहका सरकार र संयन्त्रहरूले आफ्नो अधिकार र जिम्मेवारीलाई कुशलतापूर्वक निर्वाह गर्छन्, तब मात्र शैक्षिक गतिविधिहरू प्रभावकारी भई समग्र शिक्षा प्रणालीमा सुशासन प्रवर्धन हुन सक्दछ।

### ५.१.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकामा शिक्षा, युवा तथा खेलकुद क्षेत्रको विकास र परिचालनका लागि शिक्षा, युवा तथा खेलकुद शाखाले सक्रिय रूपमा काम गर्दै आएको छ । यद्यपि, शिक्षाका कार्यक्रम र बजेटको विशिष्ट प्रकृतिको लेखांकन गर्न छुट्टै लेखा कर्मचारीको व्यवस्था नहुँदा शिक्षा क्षेत्रको

आर्थिक स्रेस्ता र अभिलेखीकरण अपेक्षाकृत रूपमा व्यवस्थित बन्न सकेको छैन । यस संस्थागत चुनौतीका बावजुद नगरपालिका अन्तर्गतका सबै विद्यालयहरूमा विद्यालयको सुचारु सञ्चालन, रेखदेख र व्यवस्थापनमा सहयोग पुऱ्याउन विद्यालय व्यवस्थापन समिति (वि.व्य.स.) र शिक्षक अभिभावक संघ (पि.टि.ए.) का कार्यकारी समितिहरू गठन गरिएका छन् । साथै, विद्यालयको प्रशासनिक र आन्तरिक व्यवस्थापनलाई सघाउन सबै विद्यालयमा विद्यालय सहयोगी र माध्यमिक तह सञ्चालन भएका सामुदायिक विद्यालयमा एक-एक जना विद्यालय सहायक (लेखापाल) को व्यवस्था गरिएको छ।

विद्यालय तहको आन्तरिक सुशासन र संस्थागत अभ्यासलाई हेर्दा प्रायजसो विद्यालयहरूमा विद्यालय व्यवस्थापन समितिको बैठक नियमित रूपमा बस्ने गरेको देखिन्छ, तर शिक्षक अभिभावक संघको बैठक भने अपेक्षाकृत रूपमा बस्न सकेको पाइँदैन। आर्थिक पारदर्शिता र जवाफदेहिताका लागि सबै विद्यालयहरूले नियमित रूपमा सामाजिक परीक्षण (Social Audit) र अन्तिम लेखा परीक्षण गर्ने गर्दछन्। यसका साथै विद्यालयहरूमा नागरिक बडापत्र राख्ने, गुनासो सुनुवाइ संयन्त्रको विकास गर्ने, कक्षाकोठामा विविधता व्यवस्थापन गर्ने तथा अभिभावक भेला र अन्तर्क्रिया जस्ता सचेतनामूलक पक्षमा विद्यालयहरूले उपलब्धिपूर्ण तरिकाले काम गरिरहेका छन् ।

यिनै जगहरूका बिच बर्दघाट नगरपालिकाले आफ्नो शिक्षा क्षेत्र योजनामार्फत प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत शिक्षा र माध्यमिक शिक्षामा सबै नगरवासीको पहुँच र सहभागिता सुनिश्चित गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउने लक्ष्य राखेको छ। अनौपचारिक तथा आजीवन सिकाइका अवसरहरूको विस्तार गर्ने र समता तथा समावेशिताको प्रवर्द्धनसहित जवाफदेही शैक्षिक सुशासन कायम गर्ने उद्देश्यले आवश्यक संस्थागत संरचना र प्रक्रियाहरू स्थापित गर्न खोजिएको छ। यसका लागि विद्यमान पद्धतिको गम्भीर समीक्षा गरी शिक्षा क्षेत्र योजनाको प्रभावकारी र कुशल कार्यान्वयनमा बाधक देखिएका संस्थागत संरचना, क्षमता र प्रक्रियागत चुनौतीहरू पहिचान गरिएका छन्, र ती चुनौतीहरूको सामना गर्दै सुशासन प्रवर्द्धन गर्न आवश्यक संरचना र क्षमता विकासको प्रस्ताव समेत गरिएको छ।

संघीयता कार्यान्वयनको वर्तमान अवस्थामा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले स्थानीय तहलाई शिक्षासम्बन्धी महत्वपूर्ण अधिकारहरू प्रत्यायोजन गरेको छ। तर, ऐनबमोजिम तोकिएका २३ वटा कार्यहरू स्थानीय सरकारले सम्हाल्दै गर्दा जिल्ला तहमा शिक्षा विकास तथा समन्वय एकाइ र लुम्बिनी प्रदेश अन्तर्गत सामाजिक विकास डिभिजन कार्यालयहरू स्थापना गरिएका छन्। यसले गर्दा एकातिर शिक्षा प्रशासनका पुराना निकायहरू कामविहीन जस्ता बन्न पुगेका छन् भने अर्कोतिर संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका विभिन्न निकायहरूचको आपसी समन्वय, सहकार्य र सहसम्बन्ध अझै पनि कमजोर देखिन्छ। यो नीतिगत र संरचनागत अस्पष्टताको असर बर्दघाट नगरपालिकाको शैक्षिक योजना कार्यान्वयनमा पनि परिरहेकाले तहगत समन्वयलाई थप सुदृढ बनाउनु आवश्यक देखिन्छ ।

## ५.१.२ उद्धेश्य

- प्राप्त संवैधानिक अधिकार र कार्यक्षेत्रका आधारमा आवश्यक संस्थागत ढाँचाहरू तयार गर्नु ।
- संघ तथा प्रदेश संगको आपसी सम्बन्ध र कार्यगत सहकार्यलाई थप मजबुत बनाउनु ।
- शैक्षिक तथा प्रशासनिक कार्यहरू सञ्चालन गर्न आवश्यक पर्ने कर्मचारीहरूको उचित प्रबन्ध गर्नु ।
- कार्यरत जनशक्तिहरूको कार्यदक्षता बढाउन उनीहरूको सीप र संस्थागत क्षमता सुधारका कार्यक्रमहरू सञ्चालन गर्नु ।

## ५.१.३ रणनीति

- नगरको शिक्षा प्रशासनलाई प्रभावकारी बनाउन आवश्यक नीतिहरू तर्जुमा गर्ने र मौजुदा संरचना अनुसार दक्ष जनशक्तिको व्यवस्था गरिनेछ ।
- कार्यरत शिक्षक, प्रधानाध्यापक र कर्मचारीहरूको व्यावसायिक तथा पेशागत क्षता बढाउन विभिन्न तालिम तथा क्षमता विकासका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- विद्यालय प्रशासकलाइ थप जिम्मेवार बनाई नेतृत्व क्षमता सुदृढ गर्ने र शिक्षकहरूका लागि पेशागत सहयोग प्रणाली स्थापना गरिनेछ ।
- विद्यालयका शैक्षिक कार्यक्रमहरू सफल पार्न आवश्यक स्रोत-साधन जुटाउने र विद्यालयको प्रशासनिक एवं व्यवस्थापकीय ढाँचामा सुधार ल्याइनेछ ।
- विद्यालय, शिक्षक र विद्यार्थीहरूको कार्यसम्पादनको नियमित रूपमा लेखाजोखा तथा अनुगमन गरिनेछ।
- मानवीय, वित्तीय र भौतिक स्रोतहरूको उच्चतम उपयोग सुनिश्चित गर्दै नगर, समुदाय र सरोकारवालाहरू बीचको समन्वयलाई बलियो बनाउँदै लगिनेछ ।
- सूचना प्रविधि (ICT) को प्रयोग गरी प्रशासनिक काम र सिकाइ सहजिकरणलाइ आधुनिक बनाउँदै लगिनेछ ।
- विद्यालय सुधार योजना र बजेट निर्माण प्रक्रियामा क्षमता अभिवृद्धि गरिनेछ ।
- आपतकालीन वा विपद्को समयमा विद्यालय व्यवस्थापन र विद्यार्थीहरुको सिकाइ निरन्तरता दिन शिक्षकहरूको पूर्वतयारीको लागि क्षमता विकासका कार्यक्रम ल्याइनेछ ।

## ५.१.४ प्रमुख उपलब्धि तथा नतिजा

**योजना कार्यान्वयनबाट हुने उपलब्धि**

- आवश्यक पर्ने विद्यार्थी शिक्षक अनुपात अनुसारको विषयगत जनशक्तिको व्यवस्थापन भएको हुनेछ ।
- संस्थागत क्षमता अभिवृद्धि भई उत्तरदायित्व तथा जवाफदेहिता वृद्धि भएको हुनेछ ।
- स्रोत साधनको समुचित उपयोग भई कार्यसम्पादन प्रभावकारी भएको हुनेछ ।

## नतिजा तथा परिमाणात्मक लक्ष्य

| क्र.स. | सूचक | आधार वर्ष २०८२ | पहिलो वर्ष | दोस्रो वर्ष | तेस्रो वर्ष | चौथो वर्ष | पाँचौ वर्ष |
|---|---|---|---|---|---|---|---|
| १ | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ७ | १ | २ | १ | सबै | सबै |
| २ | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापनसम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ५ | २ | ५ | ३ | २ | सबै |
| ३ | लेखा परीक्षण तथा सामाजिक परीक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| ४ | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ३४ | सबै | सबै | सबै | सबै | सबै |
| ५ | प्रचलित कानुनमा व्यवस्था भएबमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय सङ्ख्या | ० | १० | ६ | सबै | सबै | सबै |

## ५.१.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य ५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १ | अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी कार्ययोजना कार्यान्वयन गर्न विद्यालय बाहिर रहेका बालबालिकाहलाई विदयालय भर्ना र सिकाइ निरन्तरता ,Equity Index वृद्धिका लागि र लागत साझेदारीमा आधारित साक्षरता कार्यक्रम तथा अनौपचारिक शिक्षा/ आजीवन सिकाइ कार्यक्रम सञ्चालन | वटा | ३ | ३ | ३ | ३ | ३ | वर्षमा कम्तिमा ३ वटा सम्म | |
| २ | स्थानीय शिक्षा योजना अद्यावधिक एवम् कार्यान्वयनको लागि स्थानीय तहलाई अनुदान | पटक | १ | | १ | | १ | आवश्यकता अनुसार | |
| ३ | शैक्षिक सुशासन प्रवर्धन कार्यक्रम, वार्षिक, त्रैमासिक प्रतिवेदन तयारी,IEMIS व्यवस्थापन, शैक्षिक अभिलेख व्यवस्थापन | वटा | ४ | ४ | ४ | ४ | ४ | वार्षिक रुपमा ४ वटा सम्म | |
| ४ | बालमैत्री स्थानीय शासन घोषणा कार्यविधि,२०७९ कार्यान्वयनको कार्यक्रम | वडा | १६ | १६ | १६ | १६ | १६ | वडा गत रुपमा सबैमा | |
| ५ | नविनतम शिक्षण विधि तथा पद्धति सम्बद्ध कार्यशाला/तालिम गोष्ठी | पटक | २० | २० | २० | १० | १० | छोटो अवधिको तालिम | साझेदार संस्थाको लागत साझेदारीमा |

| क.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य ५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| ६ | ऐन नियम निर्देशिकामा निर्दिष्ट गरिएका विभिन्न समिति तथा कार्यदल र अन्य नतोकिएका समन्वय बैठक व्यवस्थापन | बटा | ८ | ८ | ८ | ८ | ८ | आवश्यकता अनुसार थप हुन सक्ने | |
| ७ | सामुदायिक विद्यालयहरूको स्तरोन्नति तथा शिक्षाको गुणस्तर विकासका गर्नको लागि उत्प्रेरणा तथा सकारात्मक सोचको विकासका लागि गोष्ठी/तालिम तथा सेमिनार | पटक | १ | १ | १ | १ | १ | वर्षको १ पटक | |
| ८ | विषयगत शिक्षक कार्यशाला तथा गोष्ठी | पटक | ३ | ३ | ३ | ३ | ३ | आवश्यकता अनुसार थप हुन सक्ने | |
| ९ | विभिन्न दिवस व्यवस्थापन (शिक्षा सम्बन्धी) | पटक | ६ | ६ | ६ | ६ | ६ | आवश्यकता अनुसार | |
| १० | सामुदायिक र संस्थागत विद्यालयका असल अभ्यासहरुको आदान प्रदानका लागि साझा  अभ्यास फोरम गठन र साझा अभ्यास मेला सञ्चालन | पटक | १ | १ | १ | १ | १ | वर्षको १ पटक | |
| ११ | "एक शिक्षक एक ल्यापटप" कार्यक्रम सञ्चालन | पटक | नियमित | | | | | | |
| १२ | प्रधानाध्यापक तथा विषय शिक्षकहरूको नियमित बैठक सञ्चालन खर्च | पटक | ८ | ८ | ८ | ८ | ८ | आवश्यकता अनुसार थप हुन सक्ने | |
| १३ | शिक्षा शाखाबाट विद्यालय सुपरीवेक्षण तथा अनुगमन | निरन्तर | | | | | | | |
| १४ | परीक्षा अनुगमन र निरीक्षण (त्रैमासिक, एसइइ, एसएलसी र अन्य) तथा शैक्षिक कार्यक्रम | पटक | ५ | ५ | ५ | ५ | ५ | आवश्यकता अनुसार थप हुन सक्ने | |
| १५ | शैक्षिक क्रियाकलाप सम्बन्धी समन्वय बैठक (सबै वडाहरूसँग) | पटक | ३ | ३ | ३ | ३ | ३ | आवश्यकता अनुसार थप हुन सक्ने | |
| १६ | खेलकुद, योग, ध्यान तथा व्यायमका लागि स्थानीय संस्थाहरूको समन्वयमा अभिमुखीकरण तालिम | पटक | २ | २ | २ | २ | २ | वर्षमा २ पटक | |
| १७ | सामुदायिक/संस्थागत विद्यालयमा स्काउट कार्यक्रम सञ्चालन तथा विद्यार्थीहरूको क्षमता/नेतृत्व अभिवृद्धि कार्यक्रम | पटक | १ | १ | १ | १ | १ | वर्षमा सबै विद्यालयमा १ पटक | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य ५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| १८ | नगर स्तरीय शैक्षिक मेला | पटक | १ | १ | १ | १ | १ | वर्षमा १ पटक | |
| १९ | लोक सेवा तथा शिक्षक सेवा आयोगका विभिन्न पद/तहका कक्षाहरू सञ्चालन (खरिदार, नायब सुब्बा, शाखा अधिकृत लगायत अन्य) | पटक | १ | १ | १ | १ | १ | वर्षमा १ पटक | |
| २० | विद्यालय सुधार योजना निर्माण र विकास तथा समीक्षा | विद्यालय | १ | १ | १ | १ | १ | सबै विद्यालयमा वर्षमा १ पटक | |
| २१ | सामुदायिक विद्यालयको स्मार्ट बोर्ड/ डिजिटल बोर्ड व्यवस्थापन | पटक | ३४ | २ | २ | २ | २ | | |
| २२ | नगर खेलकुद बैठक, विभिन्न विधाका खेलकुद सञ्चालन, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगितामा सहभागिता तथा सम्मान र पुरस्कार | पटक | ८ | ८ | ८ | ८ | ८ | आवश्यकता अनुसार वार्षिक रुपमा थप हुन सक्ने | |
| २३ | शैक्षिक जागरण अभियान, अभिभावक शिक्षा तथा विद्यार्थी क्षमता अभिबृद्धि तथा नेतृत्व विकास प्रशिक्षण | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | सबै विद्यालयमा | |
| २४ | जिल्ला स्तरीय राष्ट्रपति रनिङ्ग प्रतियोगतामा सहभागिता | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक | |
| २५ | राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता संचालन | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक | |
| २६ | मेयरसँग विद्यार्थी कार्यक्रम संचालन | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक | |
| २७ | मेयर कप फुटबल प्रतियोगिता संचालन (नगर स्तरीय, अन्तर वडा) | पटक | १ | १ | १ | १ | १ | हरेक वर्ष १ पटक | |
| २९ | विद्यालय व्यवस्थापन संरचना अनुसार आवश्यक जनशक्ति नियुक्ति र व्यवस्थापन कार्यविधि निर्माण र कार्यान्वयन। | पटक | १ | | | | | आवश्यकता अनुसार | |
| ३० | शिक्षक, प्रधानाध्यापक र कर्मचारीको पेशागत क्षमता विकास तालिम सञ्चालन गर्ने। | पटक | १ | १ | १ | १ | १ | हरेक वर्षको १ पटक | |

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | | भौतिक लक्ष्य ५ वर्ष) |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | २०८३ | २०८४ | २०८५ | २०८६ | २०८७ | जम्मा | |
| ३१ | शिक्षक पेशागत सहयोग प्रणाली स्थापना गरी शिक्षकहरूको व्यावसायिक विकास सुनिश्चित गर्ने। | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | सबै विद्यालयमा | |
| ३२ | प्रधानाध्यापकलाई नेतृत्व, योजना निर्माण र कार्यान्वयनका लागि जिम्मेवार बनाउने। | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | सबै विद्यालयमा | |
| ३३ | विद्यालय कार्यक्रम सञ्चालनका लागि आवश्यक वित्तीय, भौतिक र मानव स्रोत व्यवस्थापन गर्ने। | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | सबै विद्यालयमा | |
| ३४ | विद्यालय प्रशासन र व्यवस्थापन सुधारका लागि अनुगमन र मूल्याङ्कन प्रणाली लागु गर्ने। | पटक | निरन्तर | | | | | निरन्तर सबैमा | |
| ३५ | ICT र डिजिटल प्रणालीमार्फत प्रशासन, पाठ्यक्रम र सिकाइ प्रक्रियालाई सुदृढ गर्ने। | विद्यालय | ३४ | ३४ | ३४ | ३४ | ३४ | निरन्तर सबैमा | |
| ३६ | स्थानीय सरकार, अभिभावक, समुदाय र सरोकारवालासँग सहकार्य र समन्वय बढाउने। | पटक | १ | १ | १ | १ | | निरन्तर | |
| ३७ | विपद् र आपतकालीन अवस्थामा विद्यालय व्यवस्थापन र शिक्षकहरूको तयारी क्षमता विकास गर्ने। | पटक | १ | १ | १ | १ | १ | आवश्यकता अनुसार | |
| ३८ | नगर प्रमुख छात्रवृत्ति | जना | ३४ | ५० | ७५ | १०० | | निरन्तर | |
| ३९ | विद्यार्थी दुर्घटना राहत कोष ऐनको कार्यान्वयन | जना | निरन्तर | | | | | निरन्तर | |
| ४० | विद्यालय नर्स तथा स्वास्थ्य सेवा | विद्यालय | १६ | १६ | ३४ | ३४ | | निरन्तर | |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध

नेपालको संघीय शासन व्यवस्थामा शिक्षाको व्यवस्थापन र विकास गर्ने मुख्य दायित्व स्थानीय तहलाई सुम्पिएको छ। यस अन्तर्गत, प्रत्येक स्थानीय सरकारले आफ्नो क्षेत्रको आवश्यकता, प्राथमिकता र उपलब्ध स्रोत-साधनलाई आधार मानी रणनीतिक र कार्यान्वयनमुखी शिक्षा योजना निर्माण गर्दछन् । यस्तो योजनाले विद्यालय शिक्षा, बालविकास, साक्षरता, र समावेशी शिक्षाका साथै शिक्षक व्यवस्थापन र भौतिक पूर्वाधार जस्ता महत्त्वपूर्ण क्षेत्रहरूलाई समेटेर समग्र शैक्षिक प्रणालीलाई गुणस्तरीय बनाउने लक्ष्य राखेको हुन्छ ।

यस योजनाको सफल कार्यान्वयनका लागि स्रोतको उचित व्यवस्थापन, समन्वय र नियमित अनुगमनका लागि स्पष्ट संरचनाहरू तय गरिएको हुन्छ । यस प्रक्रियामा स्थानीय सरकारको मात्र नभई विद्यालय, शिक्षक, अभिभावक र समुदाय लगायतका सबै सरोकारवालाहरूको सक्रिय सहभागिता सुनिश्चित गरिन्छ । यस्तो सहभागितामूलक पद्धतिले स्थानीय शिक्षा क्षेत्रलाई थप व्यवस्थित र जवाफदेही बनाउन मद्दत पुऱ्याउँछ ।

## ५.२.१ वर्तमान अवस्था

बर्दघाट नगरपालिकाले स्थानीय सरकार सञ्चालन ऐनले प्रत्यायोजन गरेको अधिकार क्षेत्रअनुसार नगरको शिक्षा क्षेत्रको योजनाबद्ध र व्यवस्थित विकासका लागि स्थानीय शिक्षा योजना कार्यान्वयनको मजबुत प्रबन्ध गर्नेछ। नगरपालिकाले आफ्नो शिक्षा शाखामार्फत विद्यालय शिक्षा, प्रारम्भिक बालविकास, समावेशी तथा वैकल्पिक शिक्षा कार्यक्रमहरूको प्रत्यक्ष समन्वय र व्यवस्थापन गर्ने जिम्मेवारी बहन गर्नेछ। यस योजना कार्यान्वयनका क्रममा विद्यालयहरूको यथार्थपरक तथ्याङ्क सङ्कलन तथा विश्लेषण गर्ने, विद्यालय सुधार योजना (SIP) निर्माण र कार्यान्वयनमा सहजीकरण गर्ने, तथा शिक्षक दरबन्दीको वैज्ञानिक व्यवस्थापन एवं आवश्यकता अनुसार पुनर्वितरण गर्ने कार्यहरू गरिनेछन् । यसका साथै, विद्यालयहरूमा रिक्त पदहरूमा शिक्षक नियुक्ति प्रक्रियालाई व्यवस्थित बनाउने र शिक्षकहरूको पेशागत क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम, कार्यशाला, क्लस्टर बैठक र मेन्टरिङ (परामर्श) कार्यक्रमहरू सञ्चालन गरिनेछन्। तल्लो तहदेखि नै शैक्षिक गुणस्तर बढाउन विद्यार्थीहरूको सिकाइ उपलब्धिमा सुधार ल्याउने, समावेशी र समतामूलक पहुँच सुनिश्चित गर्ने, भौतिक पूर्वाधारको विकास गर्ने तथा समग्र विद्यालय प्रणालीको नियमित अनुगमन र मूल्याङ्कन प्रक्रियालाई सुदृढ बनाउने कार्यहरूलाई प्राथमिकतामा राखिएको छ ।

यस शैक्षिक योजनालाई थप प्रभावकारी र परिणाममुखी बनाउन नगरपालिकाले सम्बद्ध सरोकारवालाहरूसँग निरन्तर समन्वय गर्दै स्थानीय आवश्यकता र प्राथमिकताका आधारमा अघि बढ्ने नीति लिएको छ। शिक्षा क्षेत्रको सफल रूपान्तरणका लागि आवश्यक जनशक्ति र वित्तीय स्रोतको व्यवस्थापन गर्नुका साथै तथ्य र तथ्याङ्कमा आधारित निर्णय प्रक्रियालाई नगरपालिकाले विशेष जोड दिएको छ। यसै सन्दर्भमा उपयुक्त जनशक्ति व्यवस्थापन, आवश्यक कानुन तथा कार्यविधिहरूको निर्माण, र बजेटको सुनिश्चितताका लागि संघ, प्रदेश र स्थानीय गरी तीनवटै तहका सरकारहरूबिच आपसी समन्वय र सहकार्यलाई तीव्र बनाइएको छ। योजनाबद्ध विकासका लागि वार्षिक रणनीतिक योजना, विस्तृत कार्यान्वयन योजना र व्यवस्थित अनुगमन योजनाको खाका तयार पारिएको छ। साथै, शैक्षिक कार्यक्रमहरूलाई पारदर्शी र व्यवस्थित रूपमा सञ्चालन गर्न 'कार्यक्रम कार्यान्वयन पुस्तिका' तयार गरी विभिन्न सरोकारवालाहरूलाई ती कार्यक्रमहरूबारे प्रबोधीकरण (अभिमुखीकरण) गराउने जस्ता महत्वपूर्ण र आधारभूत कार्यहरू समेत सफलतापूर्वक कार्यान्वयनमा ल्याइएका छन्।

## ५.२.२ उद्धेश्य

- शिक्षा योजनामा निर्धारण  गरिएका नीति तथा कार्यक्रमहरूलाई पूर्ण रूपमा सफल बनाउनु ।
- योजना कार्यान्वयनलाइ प्रभावकारी बनाइ विद्यालय शिक्षाको सिक्ने सिकाउने पद्धतिमा बालमैत्री र प्रविधिमैत्री बातावरण सुनिश्चित गरी शैक्षिक गुणस्तरमा सुधार ल्याउनु ।

## ५.२.३ रणनीति

- संघ र प्रदेशबाट प्राप्त हुने विभिन्न अनुदानहरू र नगरको आफ्नै आन्तरिक स्रोतलाई समेटेर वार्षिक शिक्षाको बजेट तथा कार्यक्रम तर्जुमा गरिनेछ ।
- निर्धारित शैक्षिक कार्यक्रमहरू सफलतापूर्वक सञ्चालन गर्न आवश्यक पर्ने कानुन, कार्यविधि र निर्देशिकाहरू निर्माण गरिनेछ ।
- विद्यालयस्तरमा कार्यक्रमहरूको प्रभावकारी कार्यान्वयनका लागि नियमित रूपमा अनुगमन, सुपरिवेक्षण गर्ने र देखा परेका समस्या समाधान गर्न समन्वय एवं नीतिगत निर्देशन दिने वातावरण सिर्जना गरिनेछ ।
- एकीकृत शैक्षिक सूचना प्रणालीमार्फत कार्यक्रमको प्रगति र नतिजाको विवरण तयार गरी त्यसको समीक्षाबाट आगामी योजनामा सुधार ल्याइनेछ ।
- विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघ गठन गर्ने तथा विद्यालय सुधार योजना (SIP) निर्माण एवं अद्यावधिक गर्ने कार्यमा सहजीकरण गरिनेछ ।
- विद्यालय व्यवस्थापनलाई बलियो बनाउँदै निर्धारित कार्यक्रमहरू कार्यान्वयन गर्ने मुख्य जिम्मेवारी र जवाफदेहिता प्रधानाध्यापकलाई दिइनेछ ।
- आर्थिक व्यवस्थापन, खरिद प्रक्रिया, शिक्षक व्यवस्थापन र शिक्षकको कार्यसमय पालना जस्ता विषयमा स्पष्ट मापदण्ड बनाई लागु गरिनेछ ।
- अभिभावक र सरोकारवालाहरूसँग भेलाहरू आयोजना गरी निर्धारीत मापदण्डमा रही सार्वजनीक सुनुवाइ सहितको सामाजिक परीक्षण गर्ने पद्धतिको विकास गरिनेछ ।
- सामुदायिक सिकाइ केन्द्रमार्फत प्रविधिको प्रयोग गरी सबै उमेरका व्यक्तिहरूका लागि साक्षरता, साक्षरता पछिको निरन्तर शिक्षा र वैकल्पिक शिक्षाका अवसरहरू प्रदान गरिनेछ ।
- समुदायका मानिसहरूको आयआर्जन वृद्धि गर्न विभिन्न सिपमूलक र व्यवहारिक तालिमका कार्यक्रमहरू सञ्चालन गरिनेछ ।
- शिक्षा योजना अनुसारको शैक्षिक सुधार गर्नको लागि सबै नगर स्तरीय एवंम विद्यालयका विषयगत समितिलाइ सक्रिय बनाइनेछ ।
- विद्यालय प्रधानाध्यापक, शिक्षक र कर्मचारीको कार्य सम्पादन करारको प्रभावकारी कार्यान्वयनको लागि जोड दिइनेछ ।
- सिकाइ केन्द्रहरूलाई जीवनभर नयाँ कुराहरू सिक्न सक्ने साझा थलोको रूपमा विकास र परिचालन गरिनेछ ।

## ५.२.४ प्रमुख उपलब्धि तथा नतिजा

### उपलब्धि

शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता संगै शैक्षिक सुधार भएको हुनेछ ।

### नतिजा तथा परिमाणात्मक लक्ष्य

विद्यालयमा शैक्षिक सुशासन प्रवर्द्धन भई बालबालिकाको सिकाइप्रति उत्तरदायी तथा जवाफदेही प्रणालीको विकास भएको हुनेछ ।

## ५.२.५ प्रमुख क्रियाकलाप र परिमाणात्मक लक्ष्य

| क्र.सं | प्रमुख क्रियाकलाप | एकाइ | भौतिक लक्ष्य (पाँच वर्ष) | | | | | |
